# चौधौँ
# वार्षिक प्रतिवेदन

(२०७७ श्रावण-२०७८ आषाढ)




## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोगको
# चौधौँ वार्षिक प्रतिवेदन

**राष्ट्रिय महिला आयोग**
भद्रकालीप्लाजा, काठमाडौं

# राष्ट्रिय महिला आयोग

चौधौँ वार्षिक प्रतिवेदन
(२०७७ श्रावणदेखि २०७८ आषाढ मसान्तसम्म)

**प्रकाशकः राष्ट्रिय महिला आयोग**
प्रकाशन मिति : २०७८ असोज
प्रकाशन प्रति : १०००
सर्वाधिकार : राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

**कम्प्युटर तथा सेटिङ्ग**
श्री भाग्य नारायण झा

फोन नं. ००-९७७-१-४२५६७०१
फ्याक्स नं. ००-९७७-१-४२५९४११
इमेलः info@nwc.gov.np
वेबसाइटः www.nwc.gov.np

**मुद्रण**
CREATIVE PRODUCTION (P.) LTD.
Hanumansthan, Anamnagar, Kathmandu, Nepal
E-mail: creativeprint.raj@gmail.com

नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपति
समक्ष प्रस्तुत गरिएको राष्ट्रिय महिला आयोगको

# चौधौँ वार्षिक प्रतिवेदन

यस प्रतिवेदनमा राष्ट्रिय महिला आयोगबाट
२०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्म सम्पादन
गरिएका काम-कारवाहीहरू समेटिएका छन् ।

# राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकालीप्लाजा, काठमाडौं
Phone: +977-1-4256701, Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
Website: www.nwc.gov.np


प.सं.:
च.नं.:

मिति : २०७८।०६।१७

विषयः चौधौँ वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौँ ।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०७७/७८ मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौँ ।

भवदीय,

(कमलाकुमारी पराजुली)
अध्यक्ष

(कृष्णकुमारी पौडेल खतिवडा)
सदस्य

(विद्याकुमारी सिन्हा)
सदस्य

(जया घिमिरे)
सदस्य

(सावित्राकुमारी शर्मा)
सदस्य

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**जया घिमिरे**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य



**मनोजकुमार आचार्य**
सचिव

# मन्तव्य

समग्र नेपाली महिलाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्दै महिला समानता र महिला सशक्तीकरणको क्षेत्रमा योगदान पुऱ्याउन तथा लैङ्गिक न्याय सुनिश्चित गर्न तत्कालीन नेपाल सरकारको निर्णयानुसार वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । वि.सं. २०७२ असोजमा जारी भएको नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रूपमा मान्यता  प्रदान गरी संविधानको धारा २५२ र धारा २५३ मा आयोगको गठन प्रक्रिया र काम, कर्तव्य तथा अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । राष्ट्रिय महिला आयोग ऐन, २०७४ र नियमावली, २०७८ ले आयोगको कार्म कर्तव्य र अधिकारलाई थप स्पष्ट गरेका छन् । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थासँगै महिला हक, अधिकार र महिला सशक्तीकरण तथा महिला हिंसा नियन्त्रणको क्षेत्रमा आयोगको भूमिका वृद्धि हुन पुगेको छ ।

संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँचवर्षपछि आयोगमा गत आर्थिक वर्षमा अध्यक्षसहित सदस्यहरूको नियुक्ति भएको छ । पदाधिकारीहरूको नियुक्ति र पदबहालीसँगै आयोगको सक्रियता र जिम्मेवारी बढ्न पुगेको छ । आयोगले वर्षभरि गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेअनुसार यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष पेश गर्नेदेखि महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा छानबिन तथा अनुगमन गरी दोषी उपर कानूनी कारवाहीका लागि सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने सम्मका अधिकार आयोगलाई प्राप्त छ । साथै, महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको विषयमा समेत अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सुझाव दिनसक्ने लगायतका नीतिगत सिफारिस तथा अनुगमनकारी भूमिका निर्वाह गर्नसक्ने अधिकार संविधानले आयोगलाई प्रदान गरेको छ । यसरी आयोगले विगत उन्नाइस वर्षदेखि महिला अधिकारको संरक्षण र  संवर्द्धन, महिला सशक्तीकरण तथा महिलामाथि हुने सबै किसिमका हिंसाको सम्बोधनका लागि अनवरत रूपमा कार्य गर्दै आइरहेको छ ।

आयोगले महिलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत गरेका हक अधिकारबारे सुसूचित गर्दै तिनको निर्बाध उपभोग र प्रचलन गराउनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । आयोगले महिलाविरूद्धका हिंसा, विभेद, दुर्व्यवहार र हानिकारक सामाजिक अभ्यासहरू नियन्त्रण गर्न विभिन्न अन्तरक्रियात्मक तथा सचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । यस अतिरिक्त राज्यका सबै क्षेत्र तथा तहमा महिलाको समानुपातिक, समावेशी तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितताका लागि समेत आयोगले आवश्यक पैरवी गर्दै आइरहेको छ । यसका साथै आयोगले सरकारी निकायहरूबाट

प्रदान गरिने सेवा, सुविधा तथा सञ्चालित कार्यक्रम महिला-मैत्री भए नभएको, महिलाको सार्वजनिक सेवा उपभोगमा पहुँचको अवस्था, महिला हिंसाका घटनाको विद्यमान अवस्था, सम्बन्धित कानूनको कार्यान्वयनको अवस्था जस्ता विविध विषयहरूमा अनुगमन गरी नेपाल सरकार लगायतका सम्बन्धित निकायहरूलाई आवश्यक सुझाव समेत प्रदान गर्दै आइरहेको छ।

लैङ्गिक हिंसालाई सम्बोधन गर्ने सन्दर्भमा आयोगले सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको छ । हिंसामा परेका महिलाहरूको उजुरी सम्बोधनका लागि आयोगले "**खबर गरौँ ११४५**" निःशुल्क हेल्पलाइन सेवाको सञ्चालन गरी २४ सै घण्टा सेवा प्रदान गर्दै आइरहेको छ । यसले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई ठुलो राहत पुऱ्याएको छ ।

महिला हिंसा रोकथाम र अधिकार संरक्षणका लागि आयोगमा पदाधिकारीको नियुक्ति पश्चात् आयोगले सशक्त भूमिका निर्वाह गर्दै गम्भीर प्रकृतिका महिला हिंसाका घटनामा आवश्यकतानुसार स्थलगत अनुगमन गरी पीडितलाई न्याय दिलाउन तथा दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन आवश्यक पहलहरू गर्दै आइरहेको छ । बैतडीको भागीरथी भट्ट र महोत्तरीको सुजिता ठाकुरको हत्याको घटना तथा सुर्खेत जिल्लाको गुर्वाकोटका राउटे किशोरीमाथि भएको यौन हिंसाका घटनामा आयोगको सक्रियतामा दोषीलाई कानूनी कार्वाहीको दायरामा ल्याउन सक्नुलाई आयोगको महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ । यसले गर्दा आयोगप्रति आम मानिसहरूको विश्वास, भरोसा र अपेक्षा बढ्न पुगेको छ ।

महिला अधिकारको संरक्षणका लागि कटिबद्ध रहँदै आएको यो आयोग हाल विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ को महामारीको विषम परिस्थितिमा समेत हिंसामा परेका महिलाहरूको उद्धार गरी तिनलाई संरक्षण, मनोसामाजिक परामर्श कानूनी सहायता लगायतका सेवा प्रदान गरी न्यायमा पहुँच पुऱ्याउन प्रयत्नशील रहेको छ । कोभिड-१९ का कारण भएको बन्दाबन्दी र निषेधाज्ञाको समयमा समेत निरन्तर सेवा प्रवाह गर्ने र अनुगमन कार्यमा खटिनु भएको आयोगका पदाधिकारीसहितको कर्मचारी परिवारको क्रियाशीलतालाई सह्राहना गर्न चाहन्छु ।

अन्त्यमा, आयोगबाट आर्थिक वर्ष २०७७/७८ मा सम्पादित मुख्य-मुख्य कार्यहरूलाई समेटेर तयार भएको यो वार्षिक प्रतिवेदनले आयोगबाट गत वर्ष महिला हक अधिकारको संरक्षण र उन्नयन तथा महिला हिंसा नियन्त्रणका क्षेत्रमा भए गरेका कार्यहरूबारे सम्बन्धित सबैमा सत्यतथ्य सूचना सम्प्रेषण गर्ने विश्वास लिइएको छ । आयोगबाट यी महत्वपूर्ण कार्यहरू सम्पन्न गर्ने र त्यसको अभिलेखन गर्दै यो प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे, माननीय सदस्य सावित्राकुमारी शर्मा, सचिव श्री मनोजकुमार आचार्य लगायत सम्पूर्ण कर्मचारीहरू तथा प्राविधिक सल्लाहकार श्री पलिता थापाप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**कमलाकुमारी पराजुली**
अध्यक्ष
राष्ट्रिय महिला आयोग

२०७८ असोज

# प्रतिवेदनको सारांश

१. संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँच वर्षपछि राष्ट्रिय महिला आयोगमा आ.व. २०७७/७८ मा अध्यक्ष र चार जना सदस्यहरूको नियुक्ति भई आयोगले पूर्णता पाएको छ । पदाधिकारीहरूको नियुक्ति र पदबहालीसँगै महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा महिला हिंसाका घटनाहरूको सम्बोधनमा आयोगको क्रियाशीलता बढ्न पुगेको छ ।

२. हिंसामा परेका महिलाहरूको उजुरी सम्बोधनका लागि आयोगले **"खबर गरौँ ११४५"** हेल्पलाइन सेवा निःशुल्क रूपमा २४ सै घण्टा सञ्चालन गरी सेवा प्रदान गर्दै आइरहेको छ । यसले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई ठुलो राहत पुऱ्याएको छ । विगतमा दातृ निकायको सहयोगमा सञ्चालित यो सेवा आ.व. २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

३. मानसिक, सामाजिक, शारीरिक र यौन हिंसा लगायतका विभिन्न प्रकारका हिंसाबाट पीडित/प्रभावित महिला, किशोरी, बालिका तथा आश्रित बालबालिकालाई उद्धार तथा पुनःस्थापना गर्ने, कानूनी सहयोग तथा मनोसामाजिक परामर्श प्रदान गर्ने तथा सुरक्षित आश्रयस्थल सेवाहरू प्रदान गर्ने आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ ।

४. नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै उल्लेखनीय उपलब्धिहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा पछाडि नै रहेका छन् । खासगरी राज्यका नीति निर्माण तहमा महिलाहरूको पहुँच र उपस्थिति कमजोर रहेको छ ।

५. महिलालाई गरिने असमान व्यवहार, सामाजिक कुरीति तथा कुप्रथा, लैङ्गिक भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोरालाई बढी महत्व दिने परम्परागत सोच, सम्पत्ति अधिकारको उपयोगको सम्बन्धमा विभेदपूर्ण सामाजिक व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले महिलाहरूमाथिको हिंसा र सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ ।

६. लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरूषको दाँजोमा पछाडि परेको छ ।

७. आयोगको दैनिक कार्य सम्पादनमा सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । साथै, आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

८. आयोगले लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट पहलकदमी लिनुपर्ने विषयमा सुझाव तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरी पठाएकोमा सुझाव गरिएका विषयहरूलाई सम्बन्धित निकायहरूबाट कार्यान्वयनमा ल्याउनेतर्फ विभिन्न प्रयासहरू भइरहेको देखिन्छ ।

९. आ. व. २०७७/७८ मा आयोगले विभिन्न विषयमा परामर्शदाता (विज्ञ व्यक्ति/संस्था) बाट अध्ययन अनुसन्धान कार्य सम्पन्न गराई प्रतिवेदन प्राप्त गरेको छ । यस अन्तर्गत संयुक्त राष्ट्र संघीय महिला विरूद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन गराई नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन प्रकाशन गरिएको छ । यसैगरी संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन, रोजगारीका अवसरमा महिलाहरूको पहुँच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन तथा मुलुकी देवानी संहिता, २०७४ एवं मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी विषयमा अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ ।

१०. आर्थिक वर्ष २०७७/७८ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी कुल १५७० वटा उजुरीहरू दर्ता भएका छन् । जसमध्ये १३५२ (८६%) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने २१८ (१४%) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन् । कुल उजुरीमध्ये ९०० वटा उजुरीहरू फछ्र्यौट भइसकेको अवस्था छ । घरेलु हिंसामा दर्ता भएका उजुरीहरूमा खासगरी श्रीमान् विदेश गई सम्पर्क विहीन हुने र श्रीमती तथा बालबालिकालाई खान लाउनमा समस्या उत्पन्न हुने गरेका घटनाहरूमा वृद्धि भएको देखिन्छ ।

११. आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको छ । दर्ता भएका हिंसाका घटनाहरूमध्ये मानसिक यातना, कुटपिट, आर्थिक यातना र चरित्र हत्यासम्बन्धी घटनाहरू क्रमशः अधिकतम रूपमा रहेका देखिन्छन् ।

१२. राज्यले अवलम्बन गरेको कानूनी तथा नीतिगत सुधारको परिणामस्वरूप लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरू हालका वर्षहरूमा कल्याणकारी अवधारणाबाट क्रमशः महिलाको अधिकारमा आधारित अवधारणाबाट निर्देशित हुँदै जान थालेका छन् । यो सकारात्मक उपलब्धिलाई आगामी दिनमा थप सुदृढ तुल्याउँदै राज्यका सबै निकायहरूले महिला विकाससम्बन्धी कल्याणकारी अवधारणा वा आवश्यकतामा आधारित कार्यक्रमलाई मानव अधिकारमा आधारित अवधारणामा रूपान्तरित गर्दै कार्यान्वयन गर्न जोड दिन आवश्यक छ ।

१३. महिला हक अधिकारको संरक्षण र संवर्द्धन गरी लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्न राज्यका तीन तह र निकायबाट नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा रहेको भए तापनि कार्यान्वयन पक्ष फितलो रहँदा अपेक्षित नतिजा हासिल हुन सकेको छैन । खासगरी प्रदेश र स्थानीय तहका सरकारले महिलालाई सशक्तीकरण गर्ने, महिला उपर हुने हिंसालाई नियन्त्रण गर्न महिला जागरूकता र उद्यमशीलता प्रवर्द्धन गर्ने तथा लैङ्गिक सवालहरूलाई सम्बोधन गर्न सघाउ पुग्ने कार्यक्रमहरू प्राथमिकता साथ सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

१४. हिंसामा परेका महिला, किशोरी, बालबालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि सरल, सहज र शीघ्र तवरमा न्याय दिलाउने कार्यमा प्रहरी, स्थानीय प्रशासन, न्यायिक समिति, अदालत लगायतका सम्बन्धित निकायहरूबाट थप आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

१५. हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक सीप, तालिम, प्रशिक्षण उपलब्ध गराउन नसकिँदा उनीहरू बारम्बार हिंसामा पर्नसक्ने जोखिम रहेको छ । अतः हिंसामा परेका महिला, बालबालिका तथा किशोरीहरूलाई निःशुल्क आयआर्जनमूलक सीप, प्रशिक्षण दिई महिला उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धन गर्ने संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारहरूबाट विशेष कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ ।

१६. महिलालाई विभेद गर्ने कानूनी व्यवस्थाहरूमा पुनरावलोकन गरी लैङ्गिक समानता कायम गर्ने पक्षमा उल्लेख्य उपलब्धि भएको पाइए तापनि अझै पनि कतिपय कानूनहरू लैङ्गिक दृष्टिले सुधार गर्न बाँकी नै देखिन्छन् । नेपाल पक्ष भएका महिलाको हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि/सन्धि अनुकूल हुने गरी मुलुकको आन्तरिक कानूनमा सुधार गर्नुपर्ने विषयहरू अझै बाँकी छन् । अतः प्रचलित सबै कानूनी व्यवस्थाहरूलाई लैङ्गिक-मैत्री बनाउने र अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिम आन्तरिक कानूनहरूलाई क्रमशः संशोधन र समायोजन गर्दै जाने नीति अवलम्बन गर्न आवश्यक छ ।

१७. राज्यका तीनै तहका सरकार तथा निकायले सञ्चालन गर्ने कार्यक्रमहरूमा लैङ्गिक सवालहरूलाई समावेश गर्ने, लैङ्गिक बजेटलाई संस्थागत गर्ने, लैङ्गिक समानता र लैङ्गिक सशक्तीकरणलाई सघाउ पुग्ने कार्यहरूमा पर्याप्त बजेट र जनशक्ति छुट्याउने, प्रत्येक निकायले सञ्चालन गर्ने कार्यक्रमहरूलाई लैङ्गिक दृष्टिले विश्लेषण र लेखाजोखा गर्ने तथा सञ्चालित कार्यक्रमहरूको लैङ्गिक लेखा परीक्षण गर्ने पद्धति अवलम्बन गरी देशमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्न जरूरी छ ।

१८. राष्ट्रिय महिला आयोगको लागि आफ्नै जग्गा र भवनको व्यवस्था एवं नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनात्मक सुदृढीकरण गर्दै आयोगलाई महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणको क्षेत्रमा अग्रणी र नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने सबल र सक्षम संस्थाको रूपमा स्थापित गर्न आवश्यक छ ।

# विषय सूची


| सि.नं. | विवरण | पृष्ठ |
|---|---|---|
| **प्रतिवेदनको सारांश** | | |
| **परिच्छेद १: प्रारम्भिक** | | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | राष्ट्रिय महिला आयोगको गठन, काम, कर्तव्य र अधिकार | २ |
| १.२.१ | आयोगको गठन प्रक्रिया | २ |
| १.२.२ | नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार | २ |
| १.२.३ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था | ३ |
| १.२.४ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था | ३ |
| **परिच्छेद २ : संगठनात्मक संरचना** | | |
| २.१ | आयोगमा पदाधिकारीहरूको नियुक्ति | ५ |
| २.२ | आयोगको संगठन संरचना | ५ |
| २.३ | आयोगको शाखागत परिचय | ६ |
| २.३.१ | प्रशासन तथा योजना शाखा | ६ |
| २.३.२ | महिला विकास समन्वय शाखा | ६ |
| २.३.३ | नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा | ७ |
| २.३.४ | उजुरी तथा मुद्दा व्यवस्थापन शाखा | ८ |
| २.३.५ | आर्थिक प्रशासन शाखा | ८ |
| २.४ | पदपूर्तिको अवस्था | ९ |
| २.५ | खबर गरौं ११४५ हेल्पलाइन सेवा सञ्चालन | १० |
| **परिच्छेद ३ : नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था** | | |
| ३.१ | अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू | ११ |
| ३.२ | नेपालको संविधान र कानूनहरूमा महिला अधिकार | १५ |
| ३.३ | पन्ध्रौं पञ्चवर्षीय योजनामा महिला समानता तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम | २३ |
| ३.४ | संरचनागत व्यवस्था | २४ |
| ३.५ | नेपालमा महिलाको वर्तमान अवस्था | २४ |
| ३.६ | न्यायपालिकामा महिला सहभागिता | २५ |
| ३.७ | निजामती सेवामा महिला सहभागिता | २६ |
| ३.८ | सुरक्षा निकायमा महिला सहभागिता | २८ |

| | | |
|---|---|---|
| ३.९ | नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरू | २९ |
| **परिच्छेद ४ : आयोगका प्रमुख कार्यक्रमहरू** | | |
| ४.१ | आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू | ३५ |
| ४.२ | दातृ निकायहरूको सहयोगमा सञ्चालित कार्यक्रम | ३६ |
| ४.२.१ | लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (सम्बोधन परियोजना) | ३६ |
| ४.२.१.१ | परियोजनाको उद्देश्य | ३७ |
| ४.२.१.२ | परियोजनाको कार्यक्षेत्र तथा सेवा प्रवाह व्यवस्था | ३७ |
| ४.२.१.३ | परियोजनाका साझेदार संस्थाहरू र प्रदान गरिएका सेवाहरू | ३८ |
| ४.२.२ | Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना | ३८ |
| **परिच्छेद ५ : आयोगबाट सम्पादन भएका कार्यहरू** | | |
| ५.१ | कानूनी तथा नीतिगत सुधार | ४० |
| ५.२ | आयोगको पञ्चवर्षीय रणनीतिक योजना | ४० |
| ५.३ | आयोगबाट सम्पादित अन्य कार्यक्रमहरू | ४१ |
| ५.३.१ | महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम | ४१ |
| ५.४ | CEDAW (सिड) समितिले नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयनको सम्बन्धमा विभिन्न निकायहरूबीच अन्तरक्रिया कार्यक्रम | ४५ |
| ५.५ | विषयविज्ञहरूसँग छलफल कार्यक्रम | ४६ |
| ५.६ | महिला सहकारीहरूसँग लैङ्गिक हिंसा निवारण र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रम | ४७ |
| ५.७ | १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता | ४७ |
| ५.८ | लिभिङ्ग टुगेदर, यौनिक हिंसा, वैदेशिक रोजगारी आदि जस्ता महिला हिंसासम्बन्धी समसामयिक विषयमा विभिन्न सरोकारवालाहरूबीच जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम | ४८ |
| ५.९ | महिलासम्बन्धी नीति तर्जुमा तथा विद्यमान नीतिहरूको कार्यान्वयन तथा सुधारको सम्बन्धमा पाँचथर जिल्लाको स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम | ४९ |
| ५.१० | पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रम | ५० |
| ५.११ | राष्ट्रिय महिला आयोगको १९ औँ वार्षिकोत्सव समारोह | ५० |
| ५.१२ | लैङ्गिक सरोकारका विषयमा विभिन्न सरोकारवाला निकायहरूसँग समन्वयात्मक बैठक | ५१ |
| ५.१३ | दिगो विकास लक्ष्यहरू (SDG) स्थानीयकरणका माध्यमबाट नेपालमा महिलाको मानव अधिकारको बोध गर्न लैङ्गिक सम्पर्क व्यक्ति (GFP)) को भूमिका | ५१ |
| ५.१४ | महिलाको न्यायमा पहुँच सम्बन्धमा सरोकारवाला निकाय, न्यायिक निकायहरूसँग अन्तरक्रिया कार्यक्रम | ५२ |
| ५.१५ | समाजमा विद्यमान हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजोप्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू) सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | ५२ |

| | | |
|---|---|---|
| ५.१६ | स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरूबीच हिंसा निवारणका असल अभ्यास विषयक अन्तरक्रिया कार्यक्रम | ५३ |
| ५.१७ | महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरणका सम्बन्धमा विगतमा भए गरेका असल प्रयासहरूबारे केन्द्र, प्रदेश र स्थानीय तहमा छलफल तथा अन्तरक्रिया कार्यक्रम | ५४ |
| ५.१८ | लैङ्गिक सम्पर्क बिन्दुहरूसँगको अन्तरक्रिया कार्यक्रम | ५४ |
| ५.१९ | अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम | ५५ |
| ५.२० | राष्ट्रिय महिला आयोगको चौमासिक क्रियाकलापका सम्बन्धमा पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रम | ५६ |
| ५.२१ | कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा हुने निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि सरोकारवालाहरूबीच छलफल कार्यक्रम | ५६ |
| ५.२२ | कर्मचारीहरूको क्षमता विकास तालिम | ५८ |
| ५.२३ | योगमाया स्मृति दिवस कार्यक्रम | ५९ |
| **परिच्छेद-६ : अध्ययन, अनुसन्धान तथा प्रकाशनहरू** | | |
| ६.१ | अध्ययन तथा अनुसन्धान | ६० |
| ६.१.१ | संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन | ६० |
| ६.१.२ | संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन प्रतिवेदन | ६३ |
| ६.१.३ | रोजगारीको अवसरमा महिलाको पहुँच तथा महिला-मैत्री वातावरण विषयक अध्ययन | ६९ |
| ६.१.४ | मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी अध्ययन | ७३ |
| ६.२ | प्रकाशन सम्बन्धी कार्यहरू | ७७ |
| **परिच्छेद-७: आयोगले नेपाल सरकारका विभिन्न निकायलाई दिएको सुझाव तथा सिफारिस र कार्यान्वयनको विवरण** | | ७८ |
| **परिच्छेद -८ : स्थलगत अनुगमनसम्बन्धी विवरण** | | ८९ |
| **परिच्छेद -९ : उजुरी,निवेदन तथा जाँचबुझ** | | |
| ९.१ | उजुरी सम्बन्धी व्यवस्था | ९९ |
| ९.२ | आयोगमा प्राप्त उजुरी निवेदन र सोको कार्यान्वयन सम्बन्धी विवरण | १०० |
| ९.३ | कोभिड-१९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी भएको निषेधाज्ञाको अवधिमा आयोगमा दर्ता भएका उजुरीहरू र प्रदान गरिएका सेवाहरू ( वैशाख १६ देखि असार २०७८ सम्म) | १०५ |
| **परिच्छेद-१० : विविध गतिविधि** | | |
| १०.१ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन | १०७ |
| १०.२ | हेल्पलाइन सेवाको तेस्रो वार्षिकोत्सव | १०७ |
| १०.३ | अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित कार्यक्रम | १०८ |

| | | |
|---|---|---|
| १०.४ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलाहरूको विषयमा अन्तरक्रिया | १०८ |
| १०.५ | प्रशिक्षक प्रशिक्षण तालिम | १०८ |
| १०.६ | सचेतनामूलक कार्यक्रम | १०९ |
| १०.७ | Central Level Interaction Program on Policy Dialogue to Mainstream Policy for Safe Learning Environment in School | १०९ |
| १०.८ | लैङ्गिक हिंसा सम्बोधनमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक छलफल कार्यक्रम | १०९ |
| १०.९ | तेस्रो राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रम | १०९ |
| १०.१० | वृद्ध दम्पतीको उद्धार | ११० |
| १०.११ | प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (RHRWG) को बैठक | ११० |
| १०.१२ | विभिन्न कार्यक्रमरूमा पदाधिकारीहरूको सहभागिता | ११० |
| १०.१३ | निषेधाज्ञाको अवधिमा सञ्चालित महिला तथा बालबालिकाको राहत तथा उद्धार कार्य | १११ |
| १०.१४ | लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणसम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन | १११ |
| १०.१५ | जिङ्गल (Jingle) उत्पादन तथा प्रसारण | १११ |
| १०.१६ | रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | १११ |
| १०.१७ | सामुदायिक एफ.एम.हरूसँगको सहकार्य | ११२ |
| १०.१८ | विभिन्न निकायहरूसँग समन्वय र सहकार्य | ११२ |
| १०.१८.१ | सरकारी तथा गैर सरकारी सेवा प्रदायक संस्थाहरूसँग सहकार्य | ११३ |
| १०.१८.२ | प्रजनन स्वास्थ्य अधिकार कार्य समूहको संयोजकत्व | ११३ |
| १०.१८.३ | लैङ्गिकतामा आधारित हिंसा विरुद्धको सञ्जाल (GBV Network) को सह-अध्यक्षता | ११३ |
| **परिच्छेद ११:निष्कर्ष, सुझाव तथा भावी कार्यदिशा** | | |
| ११.१ | निष्कर्ष | ११४ |
| ११.२ | उपलब्धिहरू | ११६ |
| ११.३ | चुनौतीहरू | ११९ |
| ११.४ | सुझावहरू | १२० |
| ११.५ | भावी कार्यदिशा | १२५ |
| अनुसूची-१ | आ.व. २०७७/०७८ मा राष्ट्रिय महिला आयोगमा कार्यरत कर्मचारीहरूको विवरण | १२८ |
| अनुसूची-२ | राष्ट्रिय महिला आयोगका पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरूले पालना गर्नुपर्ने आचरण | १३० |
| अनुसूची-३ | आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रमको वार्षिक प्रगति विवरण | १३१ |
| अनुसूची-४ | आ.व. २०७७/०७८ को आर्थिक विवरण | १४३ |
| अनुसूची-५ | राष्ट्रिय महिला आयोगबाट जारी भएका प्रेस विज्ञप्ति | १४८ |

# परिच्छेद १
# प्रारम्भिक

**१.१ पृष्ठभूमिः**

नेपालको कुल जनसंख्याको ५१.५ प्रतिशत जनसंख्या महिलाको रहेको छ । महिलाको संख्या पुरूषभन्दा बढी भए तापनि आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW-1979) ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ । यस तथ्यलाई आत्मसात् गरी सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन बेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकार पुरूष सरह हुने गरी मान्यता प्रदान गरेको छ । बेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नुपर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ साल फागुन २३ गते (७ मार्च २००२) तत्कालीन नेपाल सरकारको निर्णयबाट राष्ट्रिय महिला आयोग  गठन भएको थियो । आयोगको कामलाई व्यवस्थित तुल्याउन राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेका थिए । संविधान सभाबाट २०७२ असोजमा नेपालको संविधान जारी भए पश्चात् राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गर्‍यो । संविधानको भाग २७, धारा २५२, २५३ र २५४ मा आयोगको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापना सम्बन्धी व्यवस्थाहरू समेटिएका छन् । संवैधानिक मान्यता प्राप्त भएसँगै आयोगको कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्व वृद्धि हुन गएको छ । आयोगको कामकारवाहीलाई व्यवस्थित गर्न हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भई कार्यान्वयनमा रहेका छन् ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ । संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा स्थापित गरी त्यस अन्तर्गत विभिन्न हक, अधिकारको व्यवस्था गरिएको छ । संविधान तथा प्रचलित कानूनमा व्यवस्था भएका महिला तथा बालबालिका सम्बन्धित हक, अधिकारको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि आयोगले नियमनकारी र सचेतकको भूमिका निर्वाह गर्दै आएको छ ।

आयोगले विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ । आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानूनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरूलाई निरन्तरता दिँदै आएको छ ।

महिलाको हक,हितको संरक्षण र संवर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्ने तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले गरेको छ । संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था उल्लेख गरिएको छ जसमा अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ । कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, पैँतालीस वर्ष उमेर पूरा भएका महिला, आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने कुरा संविधानमा उल्लेख भएको छ । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ ।

### १.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :

- (क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,
- (ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने,
- (ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- (घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,
- (ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- (च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने

आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

### १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने कुरा उल्लेख भएको छ :

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने,

(ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने,

(ग) महिला विरूद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(च) महिला विरूद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(छ) महिला विरूद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने,

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने,

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

### १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहाय बमोजिमका काम गर्नसक्ने कुरा उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ख) महिला विरूद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन,

(ग) समाजमा विद्यमान महिला विरूद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्ने,

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउन,

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्ने,

(च) सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सीप, प्रशिक्षण आदि प्रदान गर्ने सम्बन्धित निकायसँग समन्वय गर्ने,

(छ) महिला हिंसा, विभेद, कुरीति विरूद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्ने,

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन,

(झ) हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन,

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिक मैत्री भए नभएको अनुगमन गर्ने र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्ने,

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्ने,

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्ने ।

# परिच्छेद २
# संगठनात्मक संरचना

### २.१. आयोगमा पदाधिकारीहरूको नियुक्ति:

नेपालको संविधानको भाग-२७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्रका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि पदाधिकारीहरूको नियुक्ति भई पदबहाली भएको अवस्था छ । संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहाय बमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नु भएको छः

१. श्री कमलाकुमारी पराजुली - अध्यक्ष
२. श्री कृष्णकुमारी पौडेल खतिवडा - सदस्य
३. श्री विद्याकुमारी सिन्हा - सदस्य

आयोगको रिक्त रहेको दुई सदस्य पदमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ असार १० गते देहाय बमोजिमका माननीय सदस्यहरूको नियुक्ति भएको छः

१. श्री जया घिमिरे - सदस्य
२. श्री सावित्राकुमारी शर्मा - सदस्य

### २.२ आयोगको संगठन संरचना

नेपाल सरकारबाट स्वीकृत आयोगको कार्यालयको संगठन संरचनामा आयोगको सचिव (राजपत्रांकित प्रथम श्रेणी) मातहत ५ वटा शाखाहरूमा विभिन्न श्रेणीका ३८ जना कर्मचारी रहने व्यवस्था छ । यसैगरी खबर गरौँ हेल्पलाइन सेवा सञ्चालनको लागि विभिन्न तहका गरी कुल १७ वटा अस्थायी पदहरू रहेका छन् । आयोगको कार्यालयको संगठनात्मक संरचना देहायबमोजिम रहेको छ :-

## राष्ट्रिय महिला आयोगको संगठन संरचना




## २.३ आयोगको शाखागत परिचयः

### २.३.१. प्रशासन तथा योजना शाखा

प्रशासन तथा योजना शाखा मार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयनको कार्य हुँदै आएको छ । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारीसाधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ । यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् :

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापनसम्बन्धी कार्य,
- प्रचलित कानून बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी काम आदि ।

### २.३.२ महिला विकास समन्वय शाखा

यस शाखा मार्फत महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने, महिलाको हक अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने तथा महिलाविरूद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्ने जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् । नेपाल विविध सेवाको

राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन् :

- महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन,
- महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू विरूद्ध तथा मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन,
- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि निरोधात्मक तथा जागरणमूलक कार्यक्रम सञ्चालन,
- महिला विकास सम्बन्धित विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भर रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,
- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,
- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन ।

### २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

यस शाखाले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी उक्त कानूनहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ ।नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग पुऱ्याउँदछ । यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहाय बमोजिम रहेका छन् :-

- महिलाको हकहितसँग सम्बन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी सही कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्षराष्ट्र भएका महिला अधिकार संरक्षणसम्बन्धी सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गरी राख्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,

- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने,
- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्ने अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धानसम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

### २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानूनसम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखामार्फत हुने गरेको छ । यस शाखाले महिला हिंसासम्बन्धी दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरूलाई कानूनी परामर्श लगायतका सेवा उपलब्ध गराउने तथा उजुरी सम्बोधनसम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ । आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा यस शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानूनको मस्यौदा गर्ने तथा आयोगलाई कानूनी राय दिने काम पनि हुने गर्दछ । नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट महिला हिंसाको उजुरी सुन्ने, महिला हक अधिकार हनन भएको विषयमा सम्बन्धित निकायमा लेखी पठाउने तथा हिंसा पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारको सेवा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने कार्य हुने गरेको छ । यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् :-

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन सम्बन्धी कार्य,
- कानूनी परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- सामाजिक मनोविमर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने कार्य,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकायविरूद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनका लागि सिफारिस र समन्वय गर्ने कार्य,
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य ।

### २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासनसम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ । आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानूनको अधीनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाब किताब र स्रेस्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरूजुको लगत राख्ने, बेरूजु फछ्र्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ । नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको

लेखा अधिकृत शाखा प्रमुख रहने यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्:

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की-बेरूजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यावधिक गराउने,
- आय-व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोवारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने ।

## २.४ पदपूर्तिको अवस्था :

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा विभिन्न तहका गरी कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ । जसमा राजपत्रांकिततर्फ १२ जना, राजपत्र अनंकिततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ । स्वीकृत दरबन्दीमा पदपूर्तिको स्थिति देहाय अनुसार रहेको छ :

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | नेपाल विविध | - | १ | १ | - | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकिल | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | नेपाल विविध | - | १ | १ | - | |
| १० | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं तह | नेपाल स्वास्थ्य | - | १ | - | १ | |
| ११ | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| १३ | मनोसामाजिक परामर्शदाता | चौथो/पाँचौं | नेपाल स्वास्थ्य | - | १ | - | १ | |
| १४ | महिला विकास निरीक्षक | रा.प.अनं प्रथम | नेपाल विविध | - | १ | - | १ | |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | २ | - | |
| १६ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | - | २ | |
| १७ | हलुका सवारी चालक | श्रेणी विहीन | - | - | ७ | ७ | - | |
| १८ | कार्यालय सहयोगी/ माली/स्वीपर/गार्ड | श्रेणी विहीन | - | - | ७ | ७ | - | |
| जम्मा | | | | | ३८ | ३३ | ५ | |

## २.५ खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्ने अस्थायी दरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि विश्व बैंकको सहयोगमा सञ्चालित "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोमा देहाय बमोजिमका अस्थायी पदहरू तत्काललाई एक वर्षका लागि सिर्जना गर्ने गरी स्वीकृति भएको छः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १. | कानून अधिकृत | रा.प.तृ. | नेपाल न्याय सेवा, कानून समूह | २ |
| २. | सूचना प्रविधि अधिकृत | ,, | नेपाल विविध सेवा | १ |
| ३. | मनोसामाजिक परामर्शदाता/ मनोविमर्शकर्ता | ,, | नेपाल विविध सेवा | १ |
| ४. | हेल्पलाइन अपरेटर/कम्प्युटर अपरेटर | ,, | नेपाल विविध सेवा | १० |
| ५. | ह.स.चा. | श्रेणी विहीन | - | १ |
| ६. | कार्यालय सहयोगी | ,, | - | २ |
| **कुल** | | | **१७** | |

उल्लिखित पदहरूमा तत्काललाई करार सेवामा कर्मचारीहरू पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालनलाई निरन्तरता दिइएको छ।

# परिच्छेद ३
# नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था

### ३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू

महिलालाई सशक्तीकरण गर्दै विकासको मूलप्रवाहमा समाहित गर्ने प्रयास स्वरूप विगतदेखि नै महिला विकासका विभिन्न अवधारणाहरूको अवलम्बन र प्रयोग हुँदै आएको छ । मानव अधिकारका प्रावधानहरू महिला र पुरूष सबैलाई समान रूपमा लागू हुने विषय हो । तथापि महिलाहरूको विशेष अवस्थाका कारण महिला मानव अधिकारको विषयलाई अलग्गै उठाइने गरिन्छ । महिला अधिकारको विकासको इतिहास हेर्दा प्राचीनकालमा मातृसत्तात्मक समाज थियो । सभ्यताको विकासक्रममा यो व्यवस्थामा परिवर्तन आयो र क्रमशः पुरूषको आधिपत्य स्थापित भयो । महिला अधिकारको संरक्षण केवल अधिकार उल्लंघनमा सजाय गर्ने तथा महिलाको हक, अधिकारको बारेमा सचेतना वृद्धि गरेर मात्र पर्याप्त हुँदैन । महिलाहरूको विशेष आवश्यकताको सम्बोधनका लागि विशेष तथा सकारात्मक व्यवस्थाहरूको पनि अवलम्बन हुनुपर्दछ । महिलाको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षणको विशेष पहल गरिनुपर्दछ । महिलाको शिक्षा, स्वास्थ्य, रोजगारीका अधिकारहरूको निर्बाध प्रयोग गर्न सक्नेगरी विशेष व्यवस्था गरिनुपर्दछ ।

महिला अधिकार संरक्षणको विश्व इतिहासलाई हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरू विरूद्ध हुँदै आएका भेदभावलाई कानूनको माध्यमबाट सम्बोधन गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ । महिलाहरूले लामो समयसम्म मताधिकारको लागि लडाइँ लड्नु पर्‍यो । बेलायतमा सन् १८८९ मा महिला मताधिकारको लागि सङ्गठनको स्थापना भयो । यसले मताधिकारको लागि चलाएको अभियानको फलस्वरूप सन् १९२८ मा बेलायती महिलाले मताधिकार प्राप्त गरे । खासगरी सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकार प्रदान गरिनुपर्दछ भन्ने मान्यताको विकास भएको पाइन्छ । यसमा गरिएको समान अधिकारको घोषणालाई व्यवहारमा उतार्न महिला अधिकारवादीहरूले निरन्तर प्रयास र संघर्ष गर्नुपरेको छ । महिला अधिकारको संरक्षणको लागि सन् १९४८, १९७५, १९८०, १९८५ र १९९५ मा विश्व महिला सम्मेलनहरू भए । यी सम्मेलनहरूले महिला विरूद्धका भेदभावपूर्ण कानूनी प्रावधानहरूलाई परिमार्जन गर्नुपर्ने कुरामा निरन्तर जोड दिदैं आएका छन् ।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएका २४ वटा मानव अधिकारसम्बन्धी महासन्धि, घोषणापत्र र अनुबन्धहरूमा नेपालले हस्ताक्षर गरिसकेको छ ।

नेपाल पक्षराष्ट्र बनेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ :-

# नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख सम्बन्धी विवरण

| क्र. सं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | दासत्व महासन्धि १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर१९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४. | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५. | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाई १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८. | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ११. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| १२. | महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ | १८ डिसेम्बर १९७९ | ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | खेलकुदमा रङ्गभेदविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ | १ मार्च १९८९ | अनुमोदन |
| १५. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६. | बालअधिकार सम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७. | महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| १९. | बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २०. | दक्षिण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१. | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २४. | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरूद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | अनुमोदन |

साथै, नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का विभिन्न महासन्धिको पनि पक्षराष्ट्र भएको छ जसको विवरण निम्न तालिकामा उल्लेख गरिएको छः

**नेपाल पक्ष भएका ILO महासन्धिहरू**

| क्र.सं. | विवरण | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक बिदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ |
| २. | सङ्गठन गर्ने र सामूहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ |
| ३. | समान कामका लागि महिला र पुरूष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ |
| ४. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ५. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ |
| ६. | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७. | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८) | ४ अक्टोबर १९९६ |
| ८. | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ |
| ९. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९) | २४ अगष्ट २००७ |

### ३.२ नेपालको संविधान र कानूनहरूमा महिला अधिकार

नेपालको अन्तरिम शासन विधान, २००४ ले पहिलो पटक महिला र पुरूषबीच समान कामको लागि समान ज्याला सुनिश्चित गरी आर्थिक अधिकारलाई सम्बोधन गरेको थियो । त्यसैगरी नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो । नेपालमा योजनाबद्ध विकासको शुरूवात वि.सं. २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहिलोपल्ट छैटौं पञ्चवर्षीय योजना (वि.सं. २०३७-४२) मा समावेश गरिएको थियो । नेपालमा वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो । महिला र पुरूषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडि परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्वन गरेको थियो ।

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएका छन् ।

यसैगरी संविधानले महिलाको हकलाई यौटा महत्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने एवं सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधानहरू रहेका छन् ।

संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून

बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ । संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने व्यवस्था गरिएको छ ।

## नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरू

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | - | - | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन । |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । |
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ । |
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ । |
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ । |
| भाग-३ मौलिक हक तर कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| | १७. स्वतन्त्रताको हक | (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ । |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । |
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । |
| | | (२) | अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । |
| | २९. शोषण विरूद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ । |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । |

| | | | |
|---|---|---|---|
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइने छैन । |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ । |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । |
| | | (३) | महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |

| | | | |
|---|---|---|---|
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,<br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्यांकन गर्ने,<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
| भाग-६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने । | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । |
| भाग-८ संघीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।<br>(८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |

| | | | |
|---|---|---|---|
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् । |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन् । |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |

| | | | |
|---|---|---|---|
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| भाग - २७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | (१) | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ । जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । |
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने ।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने तथा राज्यका सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्ने मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,<br>ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । |
| भाग - २८ राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ । |

| | | | |
|---|---|---|---|
| भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । |
| भाग-३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । |
| | २८५. सरकारी सेवाको गठन | (२) | संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ । |

त्यसैगरी महिलाको हक अधिकारको प्रवर्द्धनको लागि नेपालमा विभिन्न कानूनको तर्जुमा गरिएको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरेको छ । महिलाविरूद्ध हुने हिंसाहरू जस्तैः जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई गम्भीर फौजदारी अपराधको रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ ले करणी सम्बन्धी कसुरमा नयाँ व्यवस्था गरेको छ जस अनुसार अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर करणी गरेमा जबरजस्ती करणी मानिने व्यवस्था छ । उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ । यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएका छन् । निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरूषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम उमेर ४० वर्ष तोकिएको छ । साथै, बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पुरूषभन्दा एकवर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला अधिकार र महिलाविरूद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । लैङ्गिक हिंसा विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६६, महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन् ।

त्यसैगरी नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धिहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ । नेपालले विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरिसकेको छ । यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरूषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ । यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानूनहरू समेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

### ३.३ पन्ध्रौं पञ्च वर्षीय योजना (२०७६/७७ - २०८०/८१) मा महिला समानता तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम

महिला हक अधिकारको सम्बन्धमा छैटौँ योजनादेखि नै विशेष व्यवस्था गरिँदै आएकोमा पछिल्ला योजनाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई केन्द्रित गरी विभिन्न नीति, कार्यक्रमहरू अघि बढाइएका छन् । पन्ध्रौं योजनामा लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने कुरालाई दीर्घकालीन सोचको रूपमा प्रस्ताव गरी महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने विषयलाई लक्ष्यको रूपमा लिइएको छ । सो लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चिता गर्ने, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने जस्ता उद्देश्यहरू लिएको पाइन्छ । यी लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, सबै तहमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने, विभेदकारी कानूनहरूको परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने लगायतका रणनीति तथा कार्यनीति अघि सारेको देखिन्छ ।

यसैगरी महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने रणनीति लिइएको छ । असहाय, अशक्त र जोखिममा परेका नागरिकहरूको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारी भित्र ल्याउँदै पहुँच सहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट विकास र समृद्धि हासिल गर्ने, कुनै पनि कारणले बीचैमा पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य गर्ने जस्ता नीतिहरू अवलम्बन गरिएका छन् । साथै, योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सृजना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने र राज्यका सबै संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने लगायतका रणनीतिहरू समेटेको छ ।

### ३.४ संरचनागत व्यवस्था

महिला हक अधिकारको कार्यान्वयनका निम्ति संवैधानिक तथा कानूनी व्यवस्थाका अतिरिक्त ती व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था भएको छ :

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क बिन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र
- घरेलु  हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र
- हिंसा पीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो
- स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानूनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिल
- बार एसोसियनबाट निःशुल्क कानूनी सहायता

### ३.५ नेपालमा महिलाको वर्तमान अवस्था

नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उल्लेखनीय उपलब्धिहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा पछाडि नै रहेका छन् । राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति न्यून रहेको छ । महिलाविरूद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछुत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्व, सम्पत्ति अधिकार उपयोगका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ । विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरूषको दाँजोमा पछाडि परेको छ ।

नेपालको संविधानले नै महिला अधिकारको संरक्षण र कानूनी उपचारको व्यवस्था गरेको छ । हाल महिलाको क्षेत्रमा भएका प्रगति तथा महत्वपूर्ण उपलब्धिहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | विवरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | साक्षरता दर (२०६८ को जनगणना अनुसार) | ५७.४ | |
| २. | औसत आयु (२०६८ को जनगणना अनुसार ) | ६७ बर्ष | |
| ३. | मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्ममा) | २३९ जना | पन्धौँ योजनाको आधारपत्र |
| ४. | महिलाको श्रमशक्तिको सहभागिताको दर | २६.३ | |

| | | | |
|---|---|---|---|
| ५. | लैङ्गिक असमानता सूचक | ०.४७६ | |
| ६. | संघीय संसदमा महिलाको प्रतिनिधित्व | ३३.५% | |
| ७. | प्रदेश संसदमा महिलाको प्रतिनिधित्व | ३४.४% | |
| ८. | स्थानीय निकायमा महिलाको सहभागिता | ४०.८% | |
| ९. | निजी क्षेत्रमा नीति निर्माण तहमा महिलाको सहभागिता | २९.६१% | |
| १०. | सार्वजनिक सेवा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व | १३.६% | |
| ११. | सहकारी क्षेत्रमा महिलाको सहभागिता | ५१% | |
| १२ | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसंख्यामा) | ३३.९३% | |
| १३. | रोजगारीमा रहेको महिलाको संख्या<br>• शहरी क्षेत्रमा<br>• ग्रामीण क्षेत्रमा | <br>७०<br>३० | रोजगारीमा रहेका कुल जनसंख्या ७०,८६,००० मध्ये महिलाको संख्या २६,४०,००० (स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण २०७५।७६) |
| १४. | मानव विकास सूचकांक (२०२०) | ०.६०२ | यूएनडिपी |
| १५. | लैङ्गिक विकास सूचकांक (२०२०) | ०.९३३ | यूएनडिपी |
| १६. | लैङ्गिक सशक्तीकरण मापक सूचकांक | ०.६२ | |

स्रोतः पन्धौं योजना, दिगो विकास लक्ष्य प्राप्ति समीक्षा प्रतिवेदन (२०१६-२०१९), राष्ट्रिय योजना आयोग र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

### ३.६ न्यायपालिकामा महिला सहभागिता

न्यायपालिकाले न्यायिक सुधारका प्रयासहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाउने स्पष्ट दृष्टिकोणका साथ नेपालको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना २०६१ सालदेखि लागू गर्दै आएको छ । हालका वर्षहरूमा न्यायपालिकामा विभिन्न तहमा महिला सहभागिता क्रमशः उल्लेख्य संख्यामा वृद्धि भएको देखिन्छ ।

न्याय परिषद्को पछिल्लो तथ्याङ्क बमोजिम न्यायपालिकामा महिला न्यायाधीशको सहभागिता देहाय बमोजिम रहेको छः

| क्र.सं. | न्यायाधीश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | सर्वोच्च अदालत | | | |
| | प्रधान न्यायाधीश | १ | ० | १ |
| | न्यायाधीश | १६ | ३ | १९ |
| २. | उच्च अदालत | | | |
| | मुख्य न्यायाधीश | ३ | १ | ४ |
| | न्यायाधीश | १२८ | २० | १४८ |
| ३. | जिल्ला अदालत | २३५ | ११ | २४६ |
| **जम्मा** | | **३८३** | **३५** | **४१८** |

स्रोतः न्याय परिषद् सचिवालय

### ३.७ निजामती सेवामा महिला सहभागिता

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात् निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ । राष्ट्रिय किताबखानाको वि. सं. २०७८ श्रावण महिनाको तथ्याङ्क अनुसार निजामती सेवामा कुल ८८,२४२ कर्मचारीमध्ये पुरुष कर्मचारी ६४,७०५ छन् भने महिला कर्मचारी २३,५३७ (२६%) रहेका छन् ।

**निजामती सेवामा कार्यरत कर्मचारीहरुको तहगत विवरण संख्या**

| सि.नं. | श्रेणी र तह | पुरुष | महिला | जम्मा | पुरुष% | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| **१.** | **श्रेणी** | **३६९९३** | **६८६८** | **४३८६१** | **८४.३४** | **१५.६६** | **४९.७** |
| | राजपत्रांकित | ९८९२ | १७११ | ११६०३ | ८५.२५ | १४.७५ | १३.१५ |
| | विशिष्ट श्रेणी | ५९ | ५ | ६४ | ९२.१९ | ७.८१ | ०.०७ |
| | रा.प. प्रथम श्रेणी | ५४१ | ४५ | ५८६ | ९२.३२ | ७.६८ | ०.६६ |
| | रा.प. द्वितीय श्रेणी | २६७४ | २८७ | २९६१ | ९०.३१ | ९.६९ | ३.३६ |
| | रा.प. तृतीय श्रेणी | ६६१७ | १३७४ | ७९९१ | ८२.८१ | १७.१९ | ९.०६ |
| | विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | ० | १ | १०० | ० | ० |
| | राजपत्र अनंकित | १७१२३ | ४०७० | २११९३ | ८०.८ | १९.२ | २४.०२ |
| | रा.प.अनं. प्रथम श्रेणी | १००८६ | २३०० | १२३८६ | ८१.४३ | १८.५७ | १४.०४ |
| | रा.प.अनं. द्वितीय श्रेणी | ५९९९ | १६८७ | ७६८६ | ७८.०५ | २१.९५ | ८.७१ |
| | रा.प.अनं. तृतीय श्रेणी | २५६ | १३ | २६९ | ९५.१७ | ४.८३ | ०.३ |
| | रा.प.अनं. चतुर्थ श्रेणी | ६५ | २ | ६७ | ९७.०१ | २.९९ | ०.०८ |
| | रा.प.अनं. पाँचौ श्रेणी | ७१७ | ६८ | ७८५ | ९१.३४ | ८.६६ | ०.८९ |
| | श्रेणी विहीन | ९९७८ | १०८७ | ११०६५ | ९०.१८ | ९.८२ | १२.५४ |
| **२.** | **तह** | **२७७१२** | **१६६६९** | **४४३८१** | **६२.४४** | **३७.५६** | **५०.२९** |
| | स्वास्थ | ६६६८ | ५६७८ | १२३४६ | ५४.०१ | ४५.९९ | १३.९९ |
| | अधिकृत एघारौं | ९३ | २७ | १२० | ७७.५ | २२.५ | ०.१४ |
| | अधिकृत बाह्रौं | १ | ० | १ | १०० | ० | ० |
| | अधिकृत दशौं | १९७ | ५६ | २५३ | ७७.८७ | २२.१३ | ०.२९ |
| | अधिकृत आठौं | ४९५ | १७५ | ६७० | ७३.८८ | २६.१२ | ०.७६ |
| | अधिकृत नवौं | १५८ | ४५ | २०३ | ७७.८३ | २२.१७ | ०.२३ |
| | अधिकृत सातौं | ३२५ | १७१ | ४९६ | ६५.५२ | ३४.४८ | ०.५६ |
| | अधिकृत छैटौं | २१८८ | ९९१ | ३१७९ | ६८.८३ | ३१.१७ | ३.६ |
| | बरिस्ठ पाँचौं | ८ | ११ | १९ | ४२.११ | ५७.८९ | ०.०२ |
| | सहायक पाँचौं | १२०३ | १९४६ | ३१४९ | ३८.२ | ६१.८ | ३.५७ |
| | सहायक दोस्रो | ० | १ | १ | ० | १०० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहायक तेस्रो | ३० | ४४ | ७४ | ४०.५४ | ५९.४६ | ०.०८ |
| | सहायक चौथो | १९७० | २२११ | ४१८१ | ४७.१२ | ५२.८८ | ४.७४ |
| **घ.** | **प्रदेश तथा स्थानीय तह** | **२०७१४** | **१०९६५** | **३१६७९** | **६५.३९** | **३४.६१** | **३५.९** |
| | चौथो तह | ४९७७ | ५०८८ | १००६५ | ४९.४५ | ५०.५५ | ११.४१ |
| | पाँचौं तह | ७५५१ | ४२३० | ११७८१ | ६४.०९ | ३५.९१ | १३.३५ |
| | छैटौं तह | ५४०६ | १२१८ | ६६२४ | ८१.६१ | १८.३९ | ७.५१ |
| | सातौं तह | १२६२ | २७६ | १५३८ | ८२.०५ | १७.९५ | १.७४ |
| | आठौं तह | १०४० | १२५ | ११६५ | ८९.२७ | १०.७३ | १.३२ |
| | नवौं तह | २७४ | २१ | २९५ | ९२.८८ | ७.१२ | ०.३३ |
| | दशौं तह | २०१ | ७ | २०८ | ९६.६३ | ३.३७ | ०.२४ |
| | एघारौं तह | ३ | ० | ३ | १०० | ० | ० |

स्रोत : राष्ट्रिय किताबखाना

## लोकसेवा आयोगको विज्ञापनबाट सिफारिस भएका महिलाहरूको संख्या

| विज्ञापनको प्रकार | पुरुष | | | महिला | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.प्र. | २९ | ३४ | ६३ | ४ | ४ | ८ | ७१ |
| खुला | १०६ | १६ | १२२ | ५ | ३ | ८ | १३० |
| महिला | - | - | - | ३४ | ५ | ३९ | ३९ |
| आ.ज. | २२ | ३ | २५ | - | १ | १ | २६ |
| मधेसी | २० | ४ | २४ | - | - | - | २४ |
| दलित | ७ | - | ७ | - | - | - | ७ |
| अपाङ्ग | ३ | - | ३ | - | - | - | ३ |
| पि.क्षें | ४ | - | ४ | - | - | - | ४ |
| **जम्मा** | **१९१** | **५७** | **२४८** | **४३** | **१३** | **५६** | **३०४** |

स्रोत : लोकसेवा आयोगको ६१ औं वार्षिक प्रतिवेदनबाट साभार

## आ.व. २०६४/६५ देखि आ.व. २०७६/७७ सम्म विभिन्न ६ समावेशी समूहका विज्ञापनबाट भएको सिफारिस संख्या

| आ.व. | समावेशी विज्ञापनबाठ भएका सिफारिस | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे | जम्मा | खुला सिफारिस |
| २०७६/७७ | ३९ | २६ | २४ | ७ | ३ | ४ | १०३ | १३० |
| २०७५/७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १८८३ | २३९४ |
| २०७४/७५ | १०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३२४४ | ४००७ |
| २०७३/७४ | १३८३ | १०२६ | ९०१ | ३८५ | १८९ | १४२ | ४०२६ | ५२७३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०७२/७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २३३८ | ३३०० |
| २०७१/७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १९७९ | २७८३ |
| २०७०/७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १८५४ | २७६७ |
| २०६९/७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | ११३६ | १७०७ |
| २०६८/६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १०१३ | १८०५ |
| २०६७/६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १३४९ | २४८७ |
| २०६६/६७ | ४९५ | ३६८ | ३१९ | १४२ | ६४ | ४३ | १४३१ | २०८० |
| २०६५/६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ | ८४० |
| २०६४/६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ | २२२८ |
| **कुल जम्मा** | **७३७०** | **५७८०** | **४७४५** | **१९७८** | **९९९** | **७७७** | **२१६४९** | **३१८०१** |

स्रोत : लोकसेवा आयोगको ६१ औं वार्षिक प्रतिवेदन

## ३.८ सुरक्षा निकायमा महिला सहभागिता

सुरक्षा क्षेत्रमा महिलाको सहभागिता क्रमशः वृद्धि हुने क्रममा रहेको छ । विभिन्न सुरक्षा निकायहरूमा हाल महिलाको सहभागिता निम्नानुसार रहेको छ :

### ३.८.१ नेपाल प्रहरीमा महिला सहभागिता

| क्र.सं. | दर्जा | संख्या |
|---|---|---|
| १. | प्रहरी अतिरिक्त महानिरीक्षक | १ |
| २. | प्रहरी नायब महानिरीक्षक | ० |
| ३. | प्रहरी वरिष्ठ उपरीक्षक | ८ |
| ४. | प्रहरी उपरीक्षक | ८ |
| ५. | प्रहरी नायब उपरीक्षक | २९ |
| ६. | प्रहरी निरीक्षक | १२२ |
| ७. | प्रहरी नायव निरीक्षक | २९२ |
| ८. | प्रहरी सहायक निरीक्षक | ४६५ |
| ९. | प्रहरी हवल्दार | १०६९ |
| १०. | प्रहरी जवान | ४९९४ |
| ११. | प्रहरी कार्यालय सहयोगी | ५०१ |
| **जम्मा** | | **७४८९** |

स्रोत : प्रहरी प्रधान कार्यालय

### ३.८.२ सशस्त्र प्रहरी बल, नेपालमा महिला सहभागिता

| क्र.सं. | दर्जा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सशस्त्र प्रहरी उपरीक्षक | ३ | |
| २ | सशस्त्र प्रहरी नायब उपरीक्षक | १६ | |
| ३ | सशस्त्र प्रहरी निरीक्षक | ४६ | |
| ४ | सशस्त्र प्रहरी नायब निरीक्षक | ८० | |
| ५ | सशस्त्र प्रहरी सहायक निरीक्षक | ३१ | |
| ६ | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | २५ | |
| ७ | सशस्त्र प्रहरी हवल्दार | १४० | |
| ८ | सशस्त्र प्रहरी सहायक हवल्दार | ३५७ | |
| ९ | सशस्त्र प्रहरी जवान | २२०० | |
| १० | सशस्त्र प्रहरी परिचर | २३४ | |
| **जम्मा** | | **३१३२** | |

स्रोत : सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

### ३.८.३ नेपाली सेनामा महिला सहभागिता

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | रथीवृन्द | ६ |
| २ | अधिकृत | ४३१ |
| ३ | पदिक | ४०८ |
| ४ | अन्य दर्जा | ४८५३ |
| ५ | फलोअर्स | ३०३ |
| ६ | सैन्य | २३० |
| **जम्मा** | | **६२३१** |

स्रोत : नेपाली सेना,जङ्गी अड्डा

## ३.९ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| वर्ष | घटना | कैफियत |
|---|---|---|
| २०१३ (१९५६ ई.) | • महिला प्रशिक्षण केन्द्रको स्थापना | |
| २०२९ (१९७२ ई.) | • महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाजकल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा | |
| २०३० (१९७३ ई.) | • तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन | |
| २०३२ (१९७५ ई.) | • आमा मिलन केन्द्रको स्थापना | |

| | | |
|---|---|---|
| २०३३ (१९७६ ई.) | • समान कामका लागि महिला र पुरूष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपाल सरकारबाट अनुमोदन | अनुमोदन मितिः<br>६ अक्टोबर १९७६ |
| २०३४ (१९७७ ई.) | • तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन | |
| २०३६ (१९७९ ई.) | • नेपालमा महिलाहरूको मर्यादास्तर (The status of Women in Nepal) अध्ययन | |
| २०३७ (१९८० ई.) | • छैटौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति समावेश | |
| २०३८ (१९८१ ई.) | • तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना<br>• साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन | |
| २०३९/४० (१९८२/८३ ई.) | • महिला विकास कार्यक्रम प्रारम्भ | |
| २०४२ (१९८५ ई.) | • तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा | |
| २०४४ (१९८७ ई.) | • श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना | |
| २०४७ (१९९० ई.) | • महिला विकास शाखाको महाशाखामा स्तरोन्नति | |
| २०४८ (१९९१ ई.) | • महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपाल सरकारबाट अनुमोदन | अनुमोदन मिति<br>२२ अप्रिल १९९१ |
| २०४९ (१९९२ ई.) | • कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना<br>• आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा लैङ्गिक मूल प्रवाहीकरणको नीति अवलम्बन | |
| २०५० (१९९३ ई.) | • जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना<br>• राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना | |
| २०५२ (१९९५ ई.) | • महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना<br>• महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समिति अन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था | स्थापना मिति<br>२०५२/६/६ |
| २०५२ (१९९६ ई.) | • नेपाल प्रहरीमा महिला एकाइ स्थापना | प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ |
| २०५४ (१९९७ ई.) | • नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति | |

| | | |
|---|---|---|
| २०५५ (१९९८ ई.) | स्थानीय स्वायत्त शासन ऐन जारी :<br>- गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान<br>- गाउँ परिषद्मा एकजना, जिल्ला परिषद्मा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता<br>- गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त | |
| २०५६ (१९९९ ई.) | • महिला जागृति तथा आय आर्जनकार्यक्रम लागू<br>• महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था | |
| २०५७ (२००० ई.) | • महिला तथा समाजकल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण<br>• महिला विकास महाशाखा महिला विकास विभागमा परिणत | निर्णय मिति २०५७/३/२६ |
| २०५८ (२००१ ई.) | • राष्ट्रिय महिला आयोगको गठन<br>• राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण<br>• नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण | डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार |
| २०५९ (२००२ ई.) | • विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Gender Focal Point) तोक्ने व्यवस्था | |
| २०६० (२००३ ई.) | • नेपाल सरकारबाट महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>• जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत<br>• नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focal Agency) तोक्ने निर्णय | निर्णय मिति २०६०/९/१७<br><br>निर्णय मिति २०६०/१२/२६<br><br>निर्णय मिति २०६०/४/५ |
| २०६१ (२००४ ई.) | • नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति<br>• नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूल प्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृति स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्नुपर्ने व्यवस्था<br>• सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति | आ.व. २०६१/६२ को बजेट वक्तव्य |

| | | |
|---|---|---|
| २०६२ (२००५ ई.) | • लैङ्गिक-उत्तरदायी बजेट (Gender Responsive Budget) को शुरूवात<br>• वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरूद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन<br>• महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था | आ.व. २०६२/६३ को बजेट वक्तव्य<br>अनुमोदन मिति<br>३१ अक्टोबर २००६ |
| २०६२ (२००६ ई.) | • महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन | अनुमोदन मिति<br>१८ डिसेम्बर २००६ |
| २०६३ (२००६ ई.) | • प्रतिनिधि सभाको घोषणा जारी : राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प<br>• नेपालको अन्तरिम संविधान जारी : महिलाका मौलिक हकको प्रत्याभूति<br>• गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था<br>• नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा<br>• लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी | |
| २०६३ (२००७ ई.) | • राष्ट्रिय महिला आयोग ऐन जारी | प्रमाणीकरण मिति<br>२०६३/९/३० |
| २०६४ (२००७ ई.) | • मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी<br>निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन :<br>- निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान<br>- महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाई एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान | प्रमाणीकरण मिति<br>२०६४/४/८<br>लालमोहर र प्रकाशन मिति : २०६४/४/२३ |
| २०६५ (२००८ ई.) | • नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी : स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था<br>• मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली जारी<br>• राष्ट्रिय महिला आयोग नियमावली जारी | |

| | | |
|---|---|---|
| २०६६ (२००९ ई.) | • स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति : गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था<br>• घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ | प्रमाणीकरण मिति २०६६/१/१४ |
| २०६७ (२०१० ई.) | • महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण<br>• घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी<br>• त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य | निर्णय मिति २०६७/६/१२ |
| २०६७ (२०११ ई.) | • नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ - २०७१/७२) को स्वीकृति<br>• लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी | |
| २०६८ | • पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी<br>• पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी<br>• मानव बेचविखन विरूद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ जारी | |
| २०७० | • एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी | |
| २०७१ | • एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ जारी<br>• मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ | प्रमाणीकरण मिति २०७१/८/५ |
| २०७२ | • लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी<br>• बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी<br>• बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ | प्रमाणीकरण मिति २०७२/६/१८ |
| २०७३ | • एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ | |
| २०७४ | • राष्ट्रिय महिला आयोग ऐन, २०७४<br>• अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४<br>• कार्यस्थलमा हुने यौन दुर्व्यवहार आचारसंहिता, २०७४<br>• मुलुकी देवानी (संहिता) ऐन, २०७४<br>• मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ | प्रमाणीकरण मिति २०७४/६/२९ |

| | | |
|---|---|---|
| २०७५ | • महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरूष सहभागिता रणनीति, २०७५<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५<br>• बालबालिका सम्बन्धी ऐन, २०७५ | २०७५/०६/०२ |
| २०७७ | • राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७<br>• अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७<br>• नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) | नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत २०७७/०६/२६ गते नेपाल राजपत्रमा प्रकाशित<br>२०७७/०५/०१ को नेपाल राजपत्रमा प्रकाशित |
| २०७८ | • राष्ट्रिय महिला आयोग नियमावली, २०७८ | मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित |

राष्ट्रिय महिला WC आयोग-२०५८

# परिच्छेद ४
# आयोगका प्रमुख कार्यक्रमहरू

## ४.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगले आफ्नो स्थापनाकालदेखि नै महिला हकहितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आयोगका प्रमुख कार्यक्रमहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | उद्देश्य | | सञ्चालित कार्यक्रमहरू |
|---|---|---|---|
| १. | जनचेतना अभिवृद्धि | १. महिला हकहितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>२. महिला विरूद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्ने त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | • सार्वजनिक सुनुवाई<br>• विद्यालय तहमा महिला अधिकार प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी जनचेतना मूलक कार्यक्रम<br>• प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल<br>• विभिन्न सरोकारवाला निकायहरूसँग महिला हिंसा सम्बन्धी छलफल/अन्तरक्रिया |
| २ | अनुगमन तथा अध्ययन अनुसन्धान | १. महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानूनको पालना भए नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने ।<br>२. नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको अनुगमन गरी सुझाव दिने ।<br>३. सरकारी गैरसरकारी वा निजीक्षेत्रको अनुगमन गरी सुझाव दिने ।<br>४. महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न लागू गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने । | • आयोगको वार्षिक कार्यक्रममा यस सम्बन्धी विषयहरू समावेश गरी नियमित तवरमा कार्यान्वयन गर्दै आइरहेको । |

| | | | |
|---|---|---|---|
| | | ५. महिलाहरूको समुचित विकास तथा लैङ्गिक समानता कायम गर्न महिलाहरूका लागि सञ्चालित कार्यक्रमहरू, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना, संविधानप्रदत्त हक अधिकारको प्रचलन लगायतका विषयमा अध्ययन अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने । | • आयोगका पदाधिकारी तथा कर्मचारीबाट हिंसाका घटनाका साथै अन्य सेवा प्रदायक संघ-संस्थाको समेत अनुगमन गरी सुझाव दिने कार्य भइरहेको । |
| ३ | उजुरी व्यवस्थापन | हिंसा पीडित महिला तथा बालिकालाई निःशुल्क कानूनी परामर्श तथा सहयोग। | महिला हिंसा सम्बन्धी उजुरी लिई सोको व्यवस्थापन तथा आवश्यकता अनुसार अन्य निकायमा सिफारिस गर्ने गरिएको । |
| ४ | दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रमहरू | १. लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको उद्धार, तथा संरक्षण गर्ने ।<br>२. महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि समितिले नेपालको छैटौं प्रतिवेदन उपर दिएका निष्कर्ष सुझावको कार्यान्वयन अवस्थाको अध्ययन गर्ने । | १. **खबर गरौं ११४५** हेल्पलाइन सेवा सञ्चालनमार्फत लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (सम्बोधन परियोजना, विश्व बैंक)<br>२.Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना, UN Women |

## ४.२ दातृ निकायहरूको सहयोगमा सञ्चालित कार्यक्रम

### ४.२.१ लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal– सम्बोधन परियोजना)

प्रचलित कानूनले आयोगलाई सुम्पिएका जिम्मेवारीहरूमध्ये एउटा जिम्मेवारी घरेलु हिंसा र महिला हिंसाका घटनाहरूको उजुरी सुन्ने पनि रहेको सन्दर्भमा उजुरी सुन्ने प्रक्रियालाई व्यवस्थित गरी एकै ठाउँबाट सम्बोधन गर्ने र रोकथामका कार्यक्रमहरू सञ्चालन गर्नका लागि विश्व बैंकको सहयोगमा सन् २०१७ को डिसेम्बरबाट आयोग अन्तर्गत लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal) सञ्चालन भएको थियो । यस परियोजनाबाट हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालबालिकाहरूलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" को थालनी गरिएको थियो । हेल्पलाइन सेवा १० डिसेम्बर, २०१७ (२०७४ मंसिर २४) बाट विधिवत् शुरू भई २०७८ असार मसान्तसम्म निरन्तर सञ्चालन भएको थियो । हेल्पलाइनमा निःशुल्क रूपमा सिधै फोन गरेर,

एसएमएस गरेर, स्वयं उपस्थित भएर, इमेल ठेगाना info@nwc.gov.np, info@nwchelpline.gov.np वा वेबसाइट www.nwc.gov.np बाट पनि उजुरी निवेदन दिन सकिने व्यवस्था छ । यस परियोजना अन्तर्गत हेल्पलाइन सेवा सञ्चालनका साथै लैङ्गिक हिंसा रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

यस हेल्पलाइनबाट महिला हिंसाविरूद्ध कार्य गरिरहेका विभिन्न सेवा प्रदायक सरकारी तथा अन्य संघसंस्थाहरूको समन्वय र सहकार्यमा पीडितलाई कानूनी सहयोग, मनोसामाजिक मनोविमर्श, संरक्षण, स्वास्थ्य उपचार, बालिकाहरूको लागि विशेष सेवा, सामाजिकीकरण, पुनःस्थापना लगायतका सेवा र सुविधाहरू उपलब्ध गराइदै आएको छ । "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" सञ्चालनबाट आयोगले महिलामाथि हुने हिंसाको सम्बोधन तथा महिला अधिकार संरक्षण सम्बन्धमा विगतदेखि गर्दै आएको काम कारवाहीलाई अझ व्यवस्थित तथा प्रभावकारी बनाउन सहयोग पुगेको छ । हेल्पलाइनको माध्यमबाट हिंसा पीडित/प्रभावित हजारौँ महिला तथा बालबालिकाहरूलाई प्रत्यक्ष लाभ पुगेको हुँदा यो माध्यम प्रभावकारी देखिएको छ ।

नेपाल सरकार र विश्व बैंकबीच सन् २०१६ अप्रिलमा ३ वर्षको लागि सम्झौता भएको यस परियोजनाको म्याद थप भई जुलाई १५, २०२१ सम्म कायम भएको थियो । अमेरिकन डलर १.३ मिलियन (ने.रू. करीब १३,००,००,०००) बजेट रहेको यो परियोजनाको खर्च गर्ने प्रक्रिया शोधभर्ना प्रणालीमा आधारित रहेको थियो ।

#### ४.२.१.१ परियोजनाको उद्देश्य

आयोगबाट पहिलो पटक निःशुल्क हेल्पलाइन सेवा सञ्चालनको व्यवस्था गरिएको यो परियोजनाको उद्देश्य देहायबमोजिम रहेको थियो :

(क) हेल्पलाइन मार्फत दक्ष र प्रभावकारी सेवा प्रवाहमा अभिवृद्धि,
(ख) लैङ्गिकतामा आधारित हिंसासम्बन्धी विषयहरूको सम्बोधन र पैरवीका लागि राष्ट्रिय महिला आयोगको क्षमता अभिवृद्धि,
(ग) लैङ्गिकतामा आधारित हिंसा र अधिकारबारे सचेतना अभिवृद्धि,
(घ) सम्बन्धित व्यक्ति र प्रमुख सरोकारवाला निकायहरूको लैङ्गिक न्यायसङ्गत व्यवहारमा अभिवृद्धि ।

#### ४.२.१.२ परियोजनाको कार्यक्षेत्र तथा सेवा प्रवाह व्यवस्था

यो परियोजनाको कार्यक्षेत्र प्रारम्भमा काठमाडौँ, ललितपुर, भक्तपुर र नुवाकोट गरी ४ जिल्ला रहेकोमा हेल्पलाइन सेवा विस्तारको आवश्यकता महसुस गरी पछिल्लो चरणमा परियोजनाको कार्यक्षेत्र नेपालभरि नै विस्तार गरिएको थियो । खासगरी "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" को विस्तार र प्रभावकारिता अभिवृद्धिमा जोड दिँदै परियोजनाबाट साझेदार संस्था तथा सरोकारवाला निकायसँगको समन्वयमा निम्नानुसार सेवा प्रवाहको व्यवस्था मिलाइँदै आएको थियो:

- घरेलु हिंसा तथा महिला हिंसा पीडित र प्रभावित महिला, बालबालिकाको उद्धार गरी उनीहरूलाई राहत, संरक्षण, अल्पकालीन आवास, कानूनी सहयोग, मध्यस्थता, मेलमिलाप, स्वास्थ्य सेवा र मनोविमर्श सेवा प्रदान गर्ने ।
- सरोकारवाला निकाय तथा संस्थाहरूको सहकार्यमा हिंसा पीडित र प्रभावित महिला तथा बालबालिकाको सामाजिक तथा पारिवारिक पुनःएकीकरण गर्ने ।

- महिला तथा बालबालिकालाई नियोजित रूपमा हिंसापूर्ण व्यवहार गर्ने तथा गराउने व्यक्ति वा समूहका विरूद्ध कानूनी कारवाहीको पहल गर्ने ।
- घरेलु तथा महिला हिंसा विरूद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने ।

**४.२.१.३ परियोजनाका साझेदार संस्थाहरू र प्रदान गरिएका सेवा**

| क्र.सं. | साझेदार संस्थाहरू | प्रदान गरिएका सेवाहरू |
|---|---|---|
| १. | कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) | कानूनी परामर्श र निःशुल्क कानूनी सेवा |
| २. | साथी | आश्रयस्थल, मनोसामाजिक परामर्श, विभिन्न किसिमका सीपमूलक तालिम |
| ३. | सिविन | बालबालिकालाई आवास सहयोग, मनोसामाजिक परामर्श, शिक्षामा सहयोग |
| ४. | बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ.) नेपाल | मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य सम्बन्धी सहयोग, कानूनी सेवा |
| ५. | नेपाल बार एसोसियसन | निःशुल्क कानूनी सहायता |
| ६. | मानव सेवा आश्रम | मानसिक स्वास्थ्य समस्या भएका पीडितको लागि आश्रयस्थल तथा मनोपरामर्श सेवा |

यस परियोजनाले हिंसा भइसकेपछि हिंसाको सम्बोधनका लागि समन्वय र सहकार्य गर्नुका साथै हिंसा रोकथामका लागि विभिन्न जिल्लाहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको थियो । राष्ट्रिय महिला आयोगका पदाधिकारी तथा कर्मचारीको साथै अन्य मन्त्रालय/निकायका प्रतिनिधिहरूलाई हेल्पलाइन तथा महिला सशक्तीकरणका लागि भएका असल अभ्यासहरूको बारेमा अनुभव आदान-प्रदान मार्फत सिकाइको लागि श्रीलंका र संयुक्त राज्य अमेरिकाको भ्रमणको आयोजना गरेको थियो ।

यस परियोजनाले महिला हिंसा विरूद्धका सचेतनामूलक सामग्रीहरूको प्रकाशनका साथै नीतिगत दस्तावेजको निर्माणमा समेत सहयोग गरेको थियो ।

**४.२.२ Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना**

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW) को नेपाल पक्षराष्ट्र बने पश्चात् नेपालले सो समितिमा CEDAW कार्यान्वयन सम्बन्धी ६ वटा प्रतिवेदन पठाई उक्त प्रतिवेदन उपर समितिले निष्कर्ष र सुझाव पनि दिइसकेको छ । उक्त निष्कर्ष र सुझावमा उल्लेख गरिएको विषयको कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व रहेको हुन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन सक्ने राष्ट्रिय महिला आयोगको क्षेत्राधिकार समेत रहेको छ । सोही बमोजिम आयोगले UN Women को सहयोगमा CEDAW महासन्धि अन्तर्गतको नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयनको अवस्थाबारे अध्ययन विश्लेषण गरी तथा प्रदेशमा अन्तरक्रिया कार्यक्रमका साथै प्रदेश सम्पर्क व्यक्तिहरूमार्फत सूचना संकलन गरी स्थिति प्रतिवेदन (Status Report) तयार गरेको छ ।

आयोगले उक्त विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने उद्देश्य अनुरूप CEDAW समितिबाट प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन गर्नको लागि अनुगमन संरचना र कार्यहरूको सूची तयार गरेको थियो । उक्त विषयका सम्बन्धमा प्रदेशस्तरीय र एउटा राष्ट्रिय स्तरको छलफल गरी सुझावहरू संकलन गरिएको थियो । यस कार्यलाई थप प्रभावकारी बनाउनका लागि ११ सदस्यीय निर्देशन समितिको गठन गरिएको थियो जसमा ६ जना महिला, ४ जना पुरुष र १ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिनिधि रहेका थिए । उक्त कार्यसमितिमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला कानून र विकास मञ्च (FWLD), दलित महिला संघ, अपाङ्ग महासंघ, नीलहिरा समाज, राष्ट्रिय आदिवासी महिला समाज सदस्यका रूपमा रहेका थिए । ८ जुलाई, २०१९ मा सम्झौता भएको यस परियोजनाको जम्मा बजेट रू. ४९,०७,०२०।०० रहेको थियो र यो परियोजना सोझै भुक्तानी खर्च प्रक्रियामा आधारित रहेको थियो ।

यस परियोजना अन्तर्गत अध्ययन, विश्लेषण तथा विभिन्न तहमा अन्तरक्रिया/छलफल गरी सिड समितिले नेपालको छैटौँ आवधिक प्रतिवेदन उपर दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाको अध्ययन प्रतिवेदन नेपाली र अंग्रेजी भाषामा तयार गर्ने कार्य सम्पन्न भएको छ ।

# परिच्छेद ५
# आ.व. २०७७/७८ मा आयोगबाट सम्पादित कार्यहरू

## ५.१ कानूनी तथा नीतिगत सुधार

- **खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना:**
  लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि विश्व बैंकको सहयोगमा सञ्चालित "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकारको स्वीकृतिका लागि पेश गरिएकोमा विभिन्न तहका गरी कुल १७ वटा पदको अस्थायी दरबन्दी सिर्जना गर्ने गरी स्वीकृति भएको ।
- **राष्ट्रिय महिला आयोग नियमावली, २०७८**
  आयोगको दैनिक कार्य सम्पादनमा सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को मस्यौदा तर्जुमा गरी स्वीकृत गरिएकोमा उक्त नियमावली मिति २०७८ असार २१ गतेको नेपाल राजपत्रमा प्रकाशन भएको ।
- **राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८**
  राष्ट्रिय महिला आयोगको बैठकलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भएको ।
- **राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८**
  राष्ट्रिय महिला आयोगको आन्तरिक प्रशासनिक तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ को मस्यौदा तयार भई मिति २०७८ ज्येष्ठ २६ गतेको आयोगको बैठकबाट स्वीकृत भएको ।
- **आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूको आचरण**
  आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरणसम्बन्धी विषय स्वीकृत गरी लागू गरिएको छ । आचरणका बुँदाहरू अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## ५.२ आयोगको पञ्चवर्षीय रणनीतिक योजना

आयोगले विगतमा दुईवटा पञ्चवर्षीय रणनीतिक योजना-पहिलो (२०६६/६७-२०७०/७१) र दोस्रो (२०७१/७२-२०७५/७६) तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ । ती रणनीतिक योजनाले अन्य कुराका अतिरिक्त आयोगको भूमिकालाई सबल र सुदृढ बनाउँदै महिला हक, हित र अधिकारको संरक्षण तथा महिला हिंसा सम्बोधनको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्नसक्ने

संस्थाको रूपमा आयोगलाई स्थापित गर्न सहयोग पुऱ्याएका थिए । उक्त रणनीतिक योजनाहरूले अघि सारेका कतिपय विषयहरू भने अद्यापि कार्यान्वयनको पर्खाइमा छन् । यस पृष्ठभूमिमा आयोगले उक्त रणनीतिक योजनाहरूलाई आधार बनाई तथा त्यसको कार्यान्वयनबाट सिकेका शिक्षाहरूलाई समेत मध्यनजर गरी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/७९-८२/८३) को प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य गरेको छ । आयोगले संवैधानिक मान्यता प्राप्त गरेको तथा रिक्त पदहरूमा पदाधिकारीहरूको नियुक्ति भई आयोगले गति लिन थालेको सन्दर्भमा पनि नयाँ पञ्चवर्षीय रणनीतिक योजनाको आवश्यकता महसुस गरी तदनुसार विगतमा तयार भएको प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गर्ने कार्य अघि बढाइएको हो । यो रणनीतिक योजनाले आयोगको आगामी ५ वर्षको सोच, लक्ष्य र उद्देश्यहरू सहितको स्पष्ट रणनीति, कार्यनीति, कार्यदिशा तथा सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापहरू तय गर्नुका साथै यसका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, विभिन्न निकायसँगको सहकार्य र समन्वयको स्पष्ट खाका, साधन स्रोतको आवश्यकता पहिचान र व्यवस्थापन तथा कार्यान्वयनको समयसीमा निर्धारण गर्नेछ । यसका साथै यो रणनीतिले आयोगको प्रदेश र स्थानीय तहमा कार्य विस्तार गर्ने, स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा आयोगका कार्यहरू सञ्चालन गर्ने सम्बन्धमा खाका निर्धारण गर्नेछ । यस रणनीतिक योजनाले राज्यले महिला अधिकारको संरक्षणको सम्बन्धमा प्रतिबद्धता व्यक्त गरेका सबै प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयनको समीक्षा र अनुगमनका लागि आयोगलाई स्पष्ट मार्गदर्शन प्रदान गर्नेछ । आयोगलाई संविधान र अन्य कानूनहरूले निर्दिष्ट गरेका जिम्मेवारीहरू सम्पादनको क्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरू, संवैधानिक अङ्गहरू र गैरसरकारी संस्थाहरूसँगको सहकार्य र समन्वयलाई सुदृढ तुल्याउन पनि यसले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । तेस्रो रणनीतिक योजनाको मस्यौदालाई विभिन्न सरोकारवाला निकाय तथा विज्ञहरूसँग छलफल गरी आ.व. २०७८/७९ को पहिलो चौमासिक भित्र आवश्यक परिमार्जन तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याउने लक्ष्य रहेको छ ।

## ५.३ आयोगबाट सम्पादित कार्यक्रमहरू

आ.व. २०७७/७८ मा आयोगका माननीय अध्यक्ष तथा सदस्यको नेतृत्वमा खटिएका टोलीले विभिन्न प्रदेश तथा जिल्लाहरूमा कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

| | |
|---|---|
| प्रदेशहरू - ७ | प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदूर-पश्चिम प्रदेश |
| जिल्लाहरू - २५ | मोरङ्, पाँचथर, सर्लाही, धनुषा, महोत्तरी काठमाडौं, भक्तपुर, रसुवा, धादिङ्, चितवन, मकवानपुर, दोलखा, पाल्पा, अर्घाखाँची, गुल्मी, रूपन्देही, कपिलवस्तु, कैलाली, कञ्चनपुर, बैतडी, सिरहा, बाँके, बर्दिया, सुर्खेत, सिन्धुपाल्चोक |

### ५.३.१ महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या | नेतृत्व |
|---|---|---|---|---|
| २०७७ माघ २३ | बागमती | भीमेश्वर नगरपालिका | ८० | उपसचिव श्री प्रेरणा महर्जन |
| २०७७ फाल्गुन १८ | १ | पाँचथर | १२४ | मा. सदस्य कृष्णकुमारी पौडेल खतिवडा |

| | | | | |
|---|---|---|---|---|
| २०७७ चैत्र ८ | सुदूर पश्चिम | भीमदत्त नगरपालिका कञ्चनपुर | ८४ | मा. अध्यक्ष कमलाकुमारी पराजुली |
| २०७७ चैत्र ११ | बागमती | चाँगुनारायण, भक्तपुर | ६५ | मा. सदस्य विद्याकुमारी सिन्हा |
| २०७७ चैत्र १३ | बागमती | चामुण्डा मा.वि., काठमाडौं | ९० | मा. सदस्य कृष्णकुमारी पौडेल खतिवडा |
| २०७७ चैत्र २७ | २ | महोत्तरी | १०० | मा. सदस्य विद्याकुमारी सिन्हा |

**आयोगले विद्यालयस्तरीय कार्यक्रममा समेटदै आएका विषयहरू:**

- शारीरिक, मानसिक, यौनजन्य र आर्थिक लगायतका यातनाका प्रकारहरू सम्बन्धमा जानकारी,
- उजुरी गर्ने तरिका र हदम्याद सम्बन्धमा सूचना,
- उजुरी गर्ने निकायहरू (राष्ट्रिय महिला आयोग, प्रहरी कार्यालय, स्थानीय निकाय र अदालत) सम्बन्धमा जानकारी,
- मेलमिलापका प्रक्रियाहरू सम्बन्धमा जानकारी,
- हिंसामा हुने सजायहरू सम्बन्धमा जानकारी,
- पीडितलाई उपलब्ध गराइने सहयोग सम्बन्धमा जानकारी,
- बालबालिकालाई हिंसाबाट बच्ने उपायहरूका आधारभूत सीपहरू, आत्मरक्षाका विधिहरू सम्बन्धमा जानकारी,
- मानसिक स्वास्थ्य र मनोसामाजिक सहयोगका विषयहरू सम्बन्धमा जानकारी ।

### ५.३.१.१ भीमेश्वर नगरपालिका, दोलखा

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २३ | ३ | दोलखा | ८० |

राष्ट्रिय महिला आयोगले महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको विद्यालय स्तरमा हुने अभिमुखीकरण कार्यक्रम दोलखा जिल्लाको भीमेश्वर नगरपालिकामा २०७७ माघ २३ गते सञ्चालन गऱ्यो ।

कार्यक्रममा दोलखा जिल्लाका पाँच विद्यालयहरू - पशुपति कन्या मन्दिर, कुटीडाँडा माध्यमिक विद्यालय, कालिञ्चोक माध्यमिक विद्यालय, बुद्ध भीमसेन माध्यमिक विद्यालय, भीम माध्यमिक विद्यालयबाट आएका लगभग ८० विद्यार्थीहरूलाई हिंसा सम्बन्धी कानूनहरूको साथै मनोसामाजिक परामर्शसम्बन्धी सत्र सञ्चालन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि शिक्षा विभागका शाखा अधिकृत श्री अर्जुन कार्की र प्रहरी निरीक्षक श्री अन्जन कोइरालाले पनि आफ्ना प्रस्तुति राख्नु भएको थियो ।

### ५.३.१.२ च्याङ्थापु, पाँचथर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन १८ | १ | पाँचथर | १२४ |

मिति २०७७ फाल्गुन १८ गते पाँचथर जिल्लाको च्याङ्थापुमा महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा

शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको थियो । कार्यक्रममा ७१ महिला र ५३ पुरुष गरी जम्मा १२४ जना सहभागी थिए । छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:

- लैङ्गिक समानताका विषयमा निरन्तर अन्तरक्रिया र सचेतनामूलक कार्यक्रम सञ्चालन हुनुपर्ने,
- महिला अधिकारहरूको व्यापक प्रचार प्रसार हुनुपर्ने,
- मादक पदार्थको सर्वसुलभ उपलब्धताले महिला हिंसा बढेको हुँदा कडाइका साथ बिक्री वितरण हुनुपर्ने,
- असल अभ्यासहरूको आदान प्रदान हुनुपर्ने,
- विद्यालयमा नैतिक शिक्षाको पठन पाठनलाई पनि जोड दिनुपर्ने ।

### ५.३.१.३ भीमदत्त नगरपालिका, कञ्चनपुर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ८ | सुदूर पश्चिम | कञ्चनपुर | ८४ |

मिति २०७७ चैत्र ८ गते महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूसँग विद्यालयस्तरीय अभिमुखीकरण कार्यक्रम कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकामा सञ्चालन गरियो ।

समाजमा व्याप्त रहेका लैङ्गिक हिंसा सम्बन्धमा अभिमुखीकरण गरी हिंसा निवारणमा किशोर किशोरीहरूलाई जिम्मेवार बनाउन र महिलामाथि हुने विभिन्न किसिमका हिंसाका घटनाबारे विद्यालयस्तरमा जनचेतना फैलाउने उद्देश्यले सञ्चालित कार्यक्रममा प्रमुख अतिथि कञ्चनपुर जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्री अमर बहादुर थापा हुनुहुन्थ्यो भने अन्य अतिथिहरूमा उच्च अदालत बार एसोशिएसन महेन्द्रनगरका अधिवक्ता श्री उद्धवराज भट्ट र उक्त विद्यालयका व्यवस्थापन पदाधिकारीहरू हुनुहुन्थ्यो ।

कार्यक्रममा कञ्चनपुर जिल्लाका पाँच विद्यालयहरूबाट कक्षा ८, ९ र १० का छात्र छात्रा, व्यवस्थापन पदाधिकारी र शिक्षक शिक्षिकाहरू गरी जम्मा ८४ जनाको सहभागिता रहेको थियो । सो कार्यक्रममा पाँच विद्यालयबाट शिक्षक र विद्यार्थीहरूको साथ विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको सहभागिता थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले हरेक विद्यालयले विद्यार्थीहरूलाई लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी विषयमा जानकारी दिनुपर्ने र निरन्तर रूपमा विद्यालयमा यस्ता कार्यक्रमहरूको आयोजना गर्नुपर्ने तथा विद्यार्थीहरूले पनि आफ्नो अधिकारको साथै दायित्व बारेमा पनि सचेत भई कार्य गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

### ५.३.१.४ दुवाकोट, भक्तपुर

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ११ | ३ | भक्तपुर | ६५ |

मिति २०७७ चैत्र ११ गते महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँगको विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम दुवाकोटस्थित भक्तपुरको चाँगुनारायण माध्यमिक विद्यालयमा सञ्चालन गरियो । उक्त कार्यक्रममा चाँगुनारायण माध्यमिक विद्यालय,

दोलागिरी माध्यमिक विद्यालय, मनोहरा आधारभूत विद्यालय र गणेश आधारभूत विद्यालयबाट ६५ जना विद्यार्थीहरूको सहभागिता थियो ।

कार्यक्रममा लैङ्गिक हिंसासम्बन्धी जानकारीका साथै बालबालिका तथा मनोसामाजिक सहयोग विषयमा प्रस्तुति गरिएको थियो । विद्यार्थीहरूलाई स्वस्थ तन-मनको लागि उपयोगी सकारात्मक व्यायामको साथै Girls Kick संस्थाबाट आत्मसुरक्षाको लागि उपयोगी विधि समेत प्रदर्शन गरिएको थियो । साथै, लैङ्गिक हिंसा निवारणका लागि राष्ट्रिय महिला आयोगबाट सञ्चालन गरिएका कार्यहरू सम्बन्धमा प्रस्तुति गरिएको थियो । कार्यक्रममा चाँगुनारायण मा.वि.का छात्र रमेश थापा र दोलागिरी मा.वि.की छात्रा आयुषा तामाङ्गले कार्यक्रमबारे आफ्ना भनाइ राख्नुभएको थियो ।

### ५.३.१.५ जोरपाटी, काठमाडौं

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र १३ | ३ | काठमाडौं | ९० |

मिति २०७७ चैत्र १३ गते चामुण्डा मा. वि जोरपाटी, काठमाडौंमा महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा आयोगको गतिविधि प्रस्तुत गरिनुका साथै मनोपरामर्श सम्बन्धी सत्र र प्र.ना.उ. नवीन कार्कीले स्रोत व्यक्तिको रूपमा आफ्नो प्रस्तुति राख्नु भएको थियो ।

बालबालिकाहरूलाई लैङ्गिक हिंसा विरूद्ध सचेतना अभिवृद्धि गर्न बालबालिकाहरूको बढ्दो उमेरसँगै शारीरिक, मानसिक तथा संवेगात्मक परिवर्तन हुने भएको हुँदा मनोसामाजिक अन्यौल उत्पन्न हुने भएकोले मनोसामाजिक विमर्शका सम्बन्धमा चेतना अभिवृद्धि तथा जीवन उपयोगी सीपसम्बन्धी अभिमुखीकरण गर्ने उद्देश्य सहित उक्त कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा ९० जना सहभागीहरू थिए ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू :**

- बालबालिकालाई हिंसाबाट बच्ने उपायहरूका आधारभूत सीपहरू दिनुपर्ने,
- विद्यालयको वातावरण हिंसामुक्त बनाउन जोड दिनुपर्ने,
- बाल क्लब, युवा क्लब मार्फत लैङ्गिक हिंसा विरूद्ध आवाज उठाउनुपर्ने,
- महिला हिंसा विरूद्ध कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

### ५.३.१.६ महोत्तरी

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र २७ | २ | महोत्तरी | १०० |

मिति २०७७ चैत्र २७ गते महिलामाथि हुने हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीसँग विद्यालयस्तरमा अभिमुखीकरण कार्यक्रम महोत्तरी जिल्लाको जिल्ला समन्वय समितिको सभाहलमा सञ्चालन गरियो ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री सुरेश प्रसाद सिंह र विशेष अतिथि प्रमुख जिल्ला अधिकारी श्री तीर्थराज भट्टराई हुनुहुन्थ्यो । सो कार्यक्रममा जिल्ला समन्वय समितिका उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी, नागरिक समाजका प्रतिनिधिहरू, सरकारी कार्यालयका कर्मचारी, जलेश्वर नगरपालिकाका उपमेयर, पत्रकारहरू, विद्यालयका विद्यार्थीहरू, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका सदस्य आदिको उपस्थिति रहेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- विद्यार्थीलाई यस्ता कार्यक्रममा सहभागिता गराए हिंसा न्यूनीकरणमा प्रत्यक्ष रूपमा टेवा पुग्ने निश्चित रहेको,
- शिक्षक र विद्यालय व्यवस्थापन समितिका सदस्यलाई यसैगरी नै सहभागिताको समीकरण मिलाउन उपयुक्त हुने,
- कार्यक्रममा सीमित विद्यालयका विद्यार्थी मात्र नभई सम्भव भएसम्म धेरै विद्यालयका छात्र र छात्राहरूलाई संलग्न गराउन उचित हुने,
- विद्यालयको नजिकै रहेको मदिरा भट्टीले विद्यालयको पठन पाठनमा असर गर्नुका साथै महिला हिंसालाई समेत बढावा दिएकोले तत्कालै सो कार्यलाई रोक्न पहल गर्नुपर्ने,
- प्रदेश नं २ मा राष्ट्रिय महिला आयोगको उपस्थिति बढाउनु पर्ने,
- साइबर क्राइम, विद्यालयमा हुने हिंसा, मनोसामाजिक परामर्श विषयका कार्यपत्रहरू उत्कृष्ट रहेको र आउने दिनहरूमा पनि यस्ता कार्यपत्रहरूलाई समावेश गर्नुपर्ने ।

## ५.४ सिड समितिले नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयनका सम्बन्धमा विभिन्न निकायहरूबीच अन्तरक्रिया कार्यक्रम

नेपालको छैटौँ आवधिक प्रतिवेदन उपर सिड समिति (CEDAW Committee) ले प्रदान गरेको निष्कर्ष सुझावको विषयमा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्याकुमारी सिन्हाको उपस्थितिमा विभिन्न निकायहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । आयोगले उक्त कार्यक्रमहरूबाट प्राप्त सुझावहरू समावेश गरेर मस्यौदा प्रतिवेदन तयार गरेको थियो ।

यस क्रममा गरिएका अन्तरक्रिया कार्यक्रमहरूको विवरण देहाय बमोजिम छः

### ५.४.१ न्यायिक क्षेत्रका निकायहरूसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन ६ | बागमती | काठमाडौँ | ४१ |

यस अन्तरक्रिया कार्यक्रममा न्यायिक क्षेत्रका पदाधिकारीहरूसँग छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

### ५.४.२ स्थानीय तहका प्रतिनिधिहरूसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन ११ | बागमती | काठमाडौ | २७ |

१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपालको छैटौँ आवधिक प्रतिवेदन उपर सिड समितिले प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयन सम्बन्धमा स्थानीय निकायका उपप्रमुखहरूसँग छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

### ५.४.३ नेपालको छैटौं आवधिक प्रतिवेदन उपर सिड समितिले प्रदान गरेको निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी प्रतिवेदनको मस्यौदामाथि राष्ट्रिय गोष्ठी

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ५ | बागमती | काठमाडौं | ५६ |

राष्ट्रिय महिला आयोगले विभिन्न मन्त्रालयहरू, संवैधानिक आयोगहरू, संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू, नेपाल प्रहरीका साथै उपत्यकाका तीनवटै जिल्लाका स्थानीय तहका उपप्रमुख, उपाध्यक्ष, महिला विकास अधिकृत र संविधान सभाका सदस्यहरूको उपस्थितिमा सिड समितिले प्रदान गरेको निष्कर्ष टिप्पणी कार्यान्वयनसम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौदामाथि छलफल गरी सुझाव सङ्कलन गरेको थियो । प्राप्त सुझावको आधारमा मस्यौदा प्रतिवेदनलाई परिमार्जन गरी अन्तिम रूप दिइएको थियो ।

### ५.५ विषय-विज्ञहरूसँग छलफल कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन २ | बागमती | काठमाडौं | १८ |
| २०७७ फाल्गुन ४ | बागमती | काठमाडौं | १२ |

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्याकुमारी सिन्हाको उपस्थितिमा निम्न मितिहरूमा विषय-विज्ञहरूसँग छलफल भएको थियो ।

मिति २०७७ फाल्गुन २ गते आयोगले वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत विषय विज्ञहरूसँग छलफल कार्यक्रम सञ्चालन गरेको थियो । आयोगमा पदाधिकारीहरूको नियुक्ति पछिको पहिलो विषय विज्ञहरूसँगको छलफलमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले महिलाको हक हितमा एक जुट भई काम गर्न यस्ता कार्यक्रमहरू उपयुक्त रहेको बताउनु भयो ।

कार्यक्रममा आयोगको क्रियाकलाप र गतिविधिहरूबारे आउने दिनहरूमा गर्न सकिने कार्यका विषयमा छलफल भयो । कार्यक्रममा महामारीका समयमा वैदेशिक रोजगारीमा जाने नेपाली महिलाहरूले भोगेका चुनौती र तिनको उद्धार र संरक्षणमा खटिएका संस्थाहरूका प्रतिनिधिहरूसँग सघन छलफल भएको थियो । यस्ता चुनौतीसँग लड्न महिलाको हक हितबारे काम गर्न खटिने सबै संस्था र निकायबीच समन्वय सुदृढ गर्नुपर्ने विषयमा सुझाव प्राप्त भएको थियो । कार्यक्रममा सिड समितिका उपाध्यक्ष वन्दना राणा, वरिष्ठ पत्रकार बबिता बस्नेत लगायतका विज्ञहरूका साथै वैदेशिक रोजगारीको क्षेत्रमा कार्य गरिरहेका विज्ञहरूले महिलाहरूका लागि वैदेशिक रोजगारीलाई कसरी सुरक्षित र सहज बनाउन सकिन्छ भन्ने विषयमा सल्लाह सुझाव दिनुभएको थियो ।

मिति २०७७ फाल्गुन ४ गते आयोगको भूमिकालाई प्रभावकारी बनाउने विषयमा विज्ञहरूसँग छलफल कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा आयोगका पदाधिकारीहरूको विशेष उपस्थिति रहेको थियो भने माननीय विन्दा पाण्डे, माननीय डा. विमला राई पौड्याल र माननीय विद्या भट्टराईले महिलाको हक, हित र महिला हिंसा निवारणका लागि आयोगले खेल्न सक्ने भूमिकाका बारेमा सल्लाह र सुझाव दिनु भएको थियो । उहाँहरूले आयोगको भूमिका बृहत् रहेको र आयोगले आफ्नो कार्यलाई प्राथमिकीकरण गरेर अघि बढ्नुपर्ने कुरामा जोड दिनुभएको थियो ।

### ५.६ महिला सहकारीहरूसँग लैङ्गिक हिंसा निवारण र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ २६ | बागमती | धादिङ्ग | ४३ |

आयोगले मिति २०७७ माघ २६ गते गजुरी गाउँपालिकामा महिला सहकारीहरूसँग लैङ्गिक हिंसा निवारण र सशक्तीकरण विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- स्थानीय तहबाट महिला विकास कार्यक्रमहरूको निरन्तरता नभएको,
- महिला सहकारी संस्थाहरूलाई सामाजिक परिचालनमा सहयोगीको रूपमा नहेरी नाफामूलक संस्थाको रूपमा मात्र लिएको,
- लैङ्गिक हिंसा न्यूनीकरणमा संस्थाहरूले सहयोग गर्ने गरेको तर न्यायिक समितिसँग समन्वयको अभाव रहेको,
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि निगरानी समूह गठन भएको तर क्षमता अभिवृद्धि हुन नसकेको,
- गजुरी गाउँपालिकाले महिलाहरूका लागि गरेका विशेष कार्यक्रमहरू सञ्चालन गरेको (जस्तैः सुत्केरी, गर्भवतीका लागि एम्बुलेन्स तथा आराम कक्ष तथा आयआर्जनका विभिन्न कार्यक्रम), यी कार्यक्रमहरू नमूनाको रूपमा रहेको,
- स्थानीय तहले विकास निर्माणको कार्यमा जोड दिएको तर महिला विकासका लागि चासो नदेखाएको । विगतमा महिला तथा अन्य वर्गको लागि विशेष कार्यक्रम छुट्याउन बाध्यकारी व्यवस्था भएकोमा हाल त्यस्तो व्यवस्था नरहेको,
- आयोगले महिला हिंसा तथा महिला सशक्तीकरणसम्बन्धी वहस सबै वडा, गाउँपालिका तथा नगरपालिकामा चलाउनुपर्ने,
- "**खबर गरौँ ११४५ हेल्पलाइन**" को बारेमा जनस्तरमा जानकारी दिनुपर्ने,
- विगतमा महिला तथा बालबालिका कार्यालयबाट सञ्चालन हुने गरेका कार्यक्रमहरूको निरन्तरताको माग ।

### ५.७ १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्याकुमारी सिन्हाको उपस्थितिमा मिति २०७७ फाल्गुन २३ गते

१११ औँ अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा बालिकामाथि हुने यौनजन्य दुर्व्यवहार र यौन हिंसाको कारण, चुनौती र समस्या समाधानका उपाय विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरेको थियो । काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका ११ वटा सामुदायिक विद्यालयबाट २२ जना विद्यार्थीहरूले वक्तृत्वकलामा सहभागिता जनाएका थिए । कार्यक्रमका निर्णायक मण्डलमा रत्नराज्य क्याम्पसका उप-प्राध्यापक डा. बिन्दु शर्मा, आयोगका पूर्व सचिव ऋतुराज भण्डारी र वरिष्ठ पत्रकार बबिता बस्नेत हुनुहुन्थ्यो ।

कार्यक्रममा हरेक विद्यालयबाट एक छात्र र एक छात्राको सहभागिता थियो र हरेक सहभागीलाई ६ मिनट समय उपलब्ध गराइएको थियो । विषयमा राम्रो ज्ञान र आकर्षक प्रस्तुति गरी दर्शक तथा निर्णायक मण्डलको मन जित्न सफल कार्यक्रमका विजेताहरू यस प्रकार रहेका थिए:

| नाम, थर | विद्यालय | कक्षा | विजेताहरू | पुरस्कार रकम |
|---|---|---|---|---|
| जस्मिन भुजेल | पद्मकन्या मा. वि., डिल्लीबजार | १० | प्रथम | २०,०००/- |
| करूणा बुढाथोकी | सैनिक आवासीय विद्यालय, भक्तपुर | १२ | दोस्रो | १५,०००/- |
| समीर गिरी | विश्वामित्र मा.वि. ललितपुर | १० | तेस्रो | १०,०००/- |
| सौरभ पौडेल | सैनिक आवासीय विद्यालय, भक्तपुर | १२ | सान्त्वना | ५,०००/- |

विजेताहरूलाई राष्ट्रिय महिला आयोगको १९ औं वार्षिकोत्सव (२०७७ फाल्गुन २३ गते) को दिन प्रमुख अतिथि माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री जुली कुमारी महतोबाट पुरस्कृत गरिएको थियो ।

### ५.८ लिभिङ्ग टुगेदर, यौनिक हिंसा, वैदेशिक रोजगारीका क्रममा हुने हिंसा जस्ता महिला हिंसासम्बन्धी समसामयिक विषयमा विभिन्न सरोकारवालाहरूबीच जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ माघ ८ | लुम्बिनी | गुल्मी | ६० |
| २०७७ माघ ९ | लुम्बिनी | अर्घाखाँची | ६९ |
| २०७७ माघ ११ | लुम्बिनी | पाल्पा | ६१ |
| २०७७ माघ २२ | बागमती | दोलखा | ६३ |
| २०७७ चैत्र १२ | लुम्बिनी | रूपन्देही | ७२ |

आयोगले लिभिङ्ग टुगेदर, यौनिक हिंसा, वैदेशिक रोजगारीजस्ता महिला हिंसासम्बन्धी समसामयिक विषयमा विभिन्न सरोकारवालाहरूबीच जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम दोलखा जिल्लाको भीमेश्वर नगरपालिकामा २०७७ माघ २२ गते र रूपन्देही जिल्लाको भैरहवामा २०७७ चैत्र १२ गते सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुखको साथै विभिन्न महानगरपालिका, नगरपालिका तथा गाउँपालिकाका उपप्रमुखहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले वैदेशिक रोजगारी र लिभिङ्ग टुगेदरका कारणले धेरै महिलाहरू हिंसाका शिकार हुनु परेको, साथै लैङ्गिक हिंसाका नयाँ स्वरूपहरूको कारण महिलाहरू थप हिंसामा परेको बताउनु भयो । गुल्मी, अर्घाखाँची र पाल्पामा भएका कार्यक्रमहरूको अध्यक्षता राष्ट्रिय महिला आयोगका सचिव श्री शान्ता अधिकारी भट्टराईले गर्नुभएको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- सचेतनाका कार्यक्रम केन्द्रमा मात्र हैन गाउँगाउँमा पुऱ्याउन जरूरी छ,
- घरेलु हिंसा, राजनीतिक हिंसा लगायतका हिंसा सामाजिक सञ्जालका कारणबाट हुने गरेको,
- बलात्कारका घटना, बहुविवाह जस्ता विभिन्न कारणबाट महिलामाथि हुने हिंसा विद्यमान रहेको,
- कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा हिंसा पीडित महिला तथा बालबालिकाको न्यायमा सहज पहुँच हुन नसकेको,
- वैदेशिक रोजगारीका कारणबाट महिलामाथि हुने हिंसा धेरै रहेको,
- महिला र पुरूषबीच रहेको असमान व्यवहार र पितृसत्तात्मक सोचको अन्त्य हुन नसक्दा हिंसा व्याप्त रहेको,
- हिंसा न्यूनीकरणका लागि सबै सरोकारवालाले अभियान चाल्नुपर्ने तथा महिलालाई घर समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने,
- सबै स्थानीय निकायहरूले आ-आफ्ना पालिकाहरूमा महिला हिंसा विरूद्धमा सिर्जनशील कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दा महिला प्रतिनिधिहरूलाई पनि उल्लेखनीय संख्यामा सहभागी गराउनुपर्ने ।

## ५.९ महिलासम्बन्धी नीति तर्जुमा, विद्यमान नीतिहरूको कार्यान्वयन तथा सुधारको सम्बन्धमा पाँचथर जिल्लाको स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन १७ | १ | पाँचथर | ९० |

आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको अध्यक्षतामा मिति २०७७ फाल्गुन १७ गते पाँचथर जिल्लामा महिला सम्बन्धी नीति तर्जुमा तथा विद्यमान नीतिहरूको कार्यान्वयन तथा सुधारको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- स्थानीय तहका उपप्रमुख , योजना अधिकृत, महिला विकास अधिकृतहरूलाई नीति निर्माण सम्बन्धमा तालिम दिनुपर्ने, क्षमता विकासका लागि बेलाबेलामा अभिमुखीकरण गरिरहनु पर्ने,
- उपप्रमुखहरूले स्थानीय तहमा महिला प्रतिनिधित्व संख्या मात्र बढाइएको तर आफ्नो भनाइहरूलाई नेतृत्ववर्गले संवेदनशीलरूपमा नलिने गरेकोले यसमा सुधार गर्नुपर्ने आवश्यकता रहेको कुरा औंल्याउनु भएको,
- महिलासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको बारेमा स्थानीय तहलाई जानकारी गराउन अभिमुखीकरण गर्नुपर्ने,
- हिंसा निवारणका लागि आर्थिक सशक्तीकरण अनिवार्य शर्त भएकोले आयोगले क्षमता अभिवृद्धि गर्ने निश्चित जिल्ला छनौट गरी कार्य गर्नुपर्ने,
- स्थानीय निकायका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सृजित दायित्वबारे अभिमुखीकरण गर्ने माग गरिएको,
- नागरिकताविहीन नागरिकहरूलाई आमाको नामबाट सहज रूपमा नागरिकता वितरण गरिदिन सुझाव प्राप्त भएको,

- महिलाहरूको प्रतिनिधित्व बढाउने मात्र नभएर उनीहरूलाई नेतृत्वदायी भूमिका खेल्न सक्नेगरी तयार गरिनुपर्ने,
- स्थानीय तहमा नीति तर्जुमामा संलग्न कर्मचारी र जनप्रतिनिधिहरूलाई क्षमता अभिवृद्धिको तालिमको आवश्यकता रहेको,
- स्थानीय तहका नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्ष र वडा अध्यक्षहरूलाई लैङ्गिक समानताको विषयमा अभिमुखीकरणको आवश्यकता रहेको ।

### ५.१० पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन १९ | बागमती | काठमाडौं | ३६ |

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्याकुमारी सिन्हाको उपस्थितिमा राष्ट्रिय महिला आयोगले १११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोगको गतिविधिबारे पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रममा पदाधिकारीहरूको नियुक्ति पश्चात् आयोगको सक्रियता देखिएको र आगामी दिनमा आयोगले महिला हक हितको क्षेत्रमा अझ प्रभावकारी तवरले काम गर्ने विश्वास पत्रकारहरूले व्यक्त गर्नुभएको थियो ।

### ५.११ राष्ट्रिय महिला आयोगको १९ औं वार्षिकोत्सव समारोह

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ फाल्गुन २३ | बागमती | काठमाडौँ | २६५ |

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा र माननीय सदस्य विद्याकुमारी सिन्हाको उपस्थितिमा राष्ट्रिय महिला आयोगको १९ औं वार्षिकोत्सवको समारोह काठमाडौंको रूसी सांस्कृतिक केन्द्र (रसियन कल्चर सेन्टर) मा २०७७ फाल्गुन २३ गते सम्पन्न भएको थियो । कार्यक्रमको प्रमुख अतिथि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री जुलीकुमारी महतो हुनुहुन्थ्यो ।

समारोहमा विभिन्न आयोगका पदाधिकारीहरू, मन्त्रालयका प्रतिनिधिहरू, साझेदार तथा अन्य संघ संस्थाहरूका प्रतिनिधिहरू, नेपाल प्रहरी, तथा पत्रकारहरूको उपस्थिति थियो । उक्त समारोहमा विशेष अतिथि महिला अधिकारकर्मी तथा साहित्यकार श्री भद्राकुमारी घले र अभियन्ता श्री मुस्कान खातुनलाई माननीय मन्त्री जुलीकुमारी महतोबाट सम्मान गरिएको थियो भने फाल्गुन १३ गते सञ्चालित विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिताको विजेताहरूलाई पनि पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा विशेष अतिथि पूर्व मन्त्री तथा माननीय प्रतिनिधि सभा सदस्य श्री थममाया थापा, संविधानसभा सदस्य उमा रेग्मी र प्रमुख अतिथि माननीय मन्त्री जुलीकुमारी महतोले मन्तव्य राख्नु भएको थियो । आयोगको तर्फबाट आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाले स्वागत मन्तव्य, माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाले धन्यवाद ज्ञापन सहित मन्तव्य राख्नु भएको थियो ।

## ५.१२ लैङ्गिक सरोकारका विषयमा विभिन्न सरोकारवाला निकायहरूसँग समन्वयात्मक बैठक

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ फाल्गुन २६ | बागमती | काठमाण्डौं | ३८ |

मिति २०७७ फाल्गुन २६ गते लैङ्गिक सरोकारका विषयमा विभिन्न सरोकारवाला निकायहरूसँग समन्वयात्मक बैठक आयोगको सभाहलमा सञ्चालन गरिएको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको हक हितको लागि आयोगले पहल गर्नुपर्ने,
- लैङ्गिक हिंसा नियन्त्रणार्थ विभिन्न सरकारी निकायसँग समन्वयमा जोड दिनुपर्ने,
- न्यायिक समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने,
- हिंसा प्रभावितहरूको राष्ट्रिय तथ्यांकको लागि आवश्यक पहल गर्नुपर्ने,
- लैङ्गिक हिंसाको घटनामा तथ्यगत अनुगमनमा जोड दिनुपर्ने,
- महिलासँग सम्बन्धित कार्यान्वयनयोग्य नीति र सिफारिसमा जोड दिनुपर्ने ।

## ५.१३ एसडीजी स्थानीयकरणका माध्यमबाट नेपालमा महिलाको मानव अधिकारको बोध गर्न लैङ्गिक सम्पर्क व्यक्ति (GFP) को भूमिका

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ४ | बागमती | काठमाडौं | ४१ |

राष्ट्रिय महिला आयोग र बियोण्ड बेइजिङ्ग कमिटी (BBC) नेपालद्वारा संयुक्त रूपमा २०७७ चैत्र ४ गते दिगो विकास लक्ष्य (SDG) स्थानीयकरणका माध्यमबाट नेपालमा महिलाको मानव अधिकारको बोध गर्न लैङ्गिक सम्पर्क व्यक्ति (GFP) को भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुली, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडाले आफ्नो मन्तव्य राख्नुभएको थियो भने बिबिसीबाट शान्ता लक्ष्मी श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा गृह मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, शहरी विकास मन्त्रालय, रक्षा मन्त्रालय, खानेपानी मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, मुस्लिम आयोग, समावेशी आयोग, कानून आयोग, थारू आयोग, आदिवासी जनजाति आयोग आदिबाट ४१ जनाको सहभागिता रहेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- महिला अधिकार र एसडीजीको कार्यान्वयनमा लैङ्गिक सम्पर्क बिन्दुहरूको अहं भूमिका रहेकोले उनीहरूलाई थप सक्रिय बनाउनुपर्ने,
- लैङ्गिक सम्पर्क बिन्दुहरूलाई विभिन्न विषयहरूमा तालिम प्रदान गर्नुपर्ने,
- लैङ्गिक सरोकारको विषयमा नियमित रूपमा छलफल/अन्तरक्रिया सञ्चालन गर्नुपर्ने ।

### ५.१४ महिलाको न्यायमा पहुँच सम्बन्धमा सरोकारवाला निकाय, न्यायिक निकायहरूसँग अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ पौष १७ | प्रदेश १ | विराटनगर म.न.पा. | ५५ |
| २०७७ माघ २० | बागमती | धुन्चे | ६० |
| २०७७ चैत्र ९ | सुदूर पश्चिम | कञ्चनपुर | ५० |

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा २०७७ चैत्र ९ गते कञ्चनपुरमा आयोजित कार्यक्रममा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, उच्च अदालतका स्रेस्तेदारका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- महिलाको न्यायमा पहुँच पुऱ्याउनको लागि अन्तर निकाय समन्वय अति आवश्यक रहेको,
- जनशक्ति व्यवस्थापन र जनशक्ति तालिमका लागि बजेटको व्यवस्था हुनुपर्ने,
- तीन तहका अदालत र स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्ने आवश्यकता अनुसार अन्य निकायको गठन गर्न सकिने व्यवस्था गर्नुपर्ने,
- महिला हिंसा न्यूनीकरणमा आ-आफ्नो क्षेत्रमा थालनी गरेका असल अभ्यासहरूको अनुभव आदान प्रदान गर्नुपर्ने,
- लैङ्गिक हिंसा नियन्त्रण गर्नका लागि चाल्नुपर्ने कदमहरू र आगामी दिनमा आयोग र स्थानीय निकायले मिलेर सहकार्य गर्नुपर्ने ।

### ५.१५ समाजमा विद्यमान हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजोप्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू) सम्बन्धमा अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ चैत्र १० | सुदूर पश्चिम | कैलाली | ७२ |

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखका साथै विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको प्रमुख अतिथि सुदूरपश्चिम प्रदेशको माननीय सामाजिक विकास मन्त्री कृष्णराज सुवेदी र विशेष अतिथिमा संघीय प्रहरी कार्यालय धनगढीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्री नलप्रसाद उपाध्याय र राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश प्रमुख मोहनदेव उपाध्याय हुनुहुन्थ्यो । उक्त कार्यक्रममा आयोगका उपसचिव श्री श्यामप्रसाद श्रेष्ठले आयोगको तर्फबाट प्रस्तुति गर्नुभएको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- राष्ट्रिय महिला आयोगले यस्ता किसिमका कार्यक्रमहरू हरेक स्थानीय तहसम्म लैजानुपर्ने,
- धेरैजसो हिंसाको कारक तत्व मादक पदार्थ र लागु पदार्थ हुने भएकोले यस्ता पदार्थहरूलाई निषेधित गरिनुपर्ने,
- महिला केन्द्रित कार्यक्रमहरूमा पुरूष सहभागितालाई पनि जोड दिएमा कार्यक्रम प्रभावकारी हुने र पुरूषको पनि सचेतनामा वृद्धि हुने,

- महिलाका सवाल उठान गर्नका लागि सञ्चारकर्मीको ठूलो भूमिका रहेको र महिला सम्बन्धित लेखहरूलाई प्रकाशनार्थ बढी प्राथमिकता दिनुपर्ने,
- बलात्कारविरूद्ध सशक्त अभियान नै चलाउनुपर्ने र बलात्कारीलाई कडा भन्दा कडा सजाय दिनुपर्ने र कारवाहीमा राजनीतिकरण गर्न नहुने ।

## ५.१६ स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरूबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास विषयक अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या | नेतृत्व |
|---|---|---|---|---|
| २०७७ पौष १४ | प्रदेश नं. १ | उर्लाबारी, मोरङ | ६२ | सचिव श्री शान्ता अधिकारी भट्टराई |
| २०७७ चैत्र २८ | बागमती | चितवन | ७४ | मा. सदस्य कृष्णकुमारी पौडेल खतिवडा |
| २०७८ जेठ १६ | बागमती | काठमाडौं | ३९ | मा. अध्यक्ष कमलाकुमारी पराजुली |

कार्यक्रममा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य, अधिकार र आगामी कार्यदिशा, प्रदेशस्तर सम्म आयोगको कार्यालय विस्तार, जिल्ला र स्थानीय तहसम्म समन्वय र सहकार्यका सम्भावनाको विषयमा महत्वपूर्ण प्रस्तुति राखिएको थियो । उक्त कार्यक्रममा उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखका साथै विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

**प्रस्तुतिमा समावेश भएका विषयहरू निम्नानुसार रहेका थिए:**

- स्थानीय तहले लैङ्गिक हिंसा निवारणका सन्दर्भमा हासिल गरेका प्रमुख उपलब्धिहरू र थालनी गरेका असल अभ्यासहरूलाई संस्थागत गरी भविष्यमा निर्वाचित भै आउने जनप्रतिनिधिहरूले समेत त्यसलाई निरन्तरता दिएर महिला हिंसा नियन्त्रणमा दिगो योगदान पुऱ्याउन आवश्यक छ ।
- न्यायिक समितिको सदस्यहरूको गहन जिम्मेवारी रहेकोले त्यसको लागि पूर्व तयारीको आवश्यक रहेको । सबै सदस्यहरूको योग्यता र क्षमता समान नहुँदा क्षमता अभिवृद्धिको लागि निरन्तर तालिमको आवश्यकता रहेको छ, जसको पहल राष्ट्रिय महिला आयोगले गर्न सक्दछ ।
- स्थानीय तहमा हिंसा पीडित महिला तथा बालबालिकाहरूको लागि सुरक्षित आवासको आवश्यकता रहेको, महिला हिंसा न्यूनीकरणको सिलसिलामा सबै निकायबीच सहकार्य र समन्वय आवश्यक रहेको ।
- नागरिकतासम्बन्धी कानून विरोधाभाषपूर्ण रहेको, कानूनी अस्पष्टताको कारण तथा कागजातहरूको अभावमा पीडितहरूले धेरै समस्याको सामना गर्नु परेकोले यस्ता समस्याहरूको न्यूनीकरणका लागि महिला आयोगले पहल गर्नुपर्ने देखिन्छ ।
- जातीय भेदभाव कानूनीरूपमा मात्र नभई व्यावहारिक रूपमा नै अन्त्य गर्न राष्ट्रिय महिला आयोगले सबै तहमा आवश्यक पहल गर्न जरूरी छ । यो कुरा आयोगको प्राथमिकतामा पर्नु पर्दछ ।
- कानूनमा क्षतिपूर्ति पाउने व्यवस्था भए पनि व्यवहारमा पीडितले क्षतिपूर्ति पाउन सकेका छैनन् । क्षतिपूर्ति दिलाउन सहज र स्पष्ट कानून बनाउन तथा त्यसको तत्काल कार्यान्वयन गर्न पनि जरूरी छ ।

**तेस्रो महिला अधिकार दिवसको उपलक्ष्यमा आयोजित अन्तरक्रिया कार्यक्रम**

आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको उपस्थितिमा तेस्रो महिला अधिकार दिवसको उपलक्ष्यमा २०७८ जेठ १६ गते आयोजित कार्यक्रममा माननीय डा. विमला राई पौडेलले नेपालमा महिला अधिकारको यात्राः संकल्प प्रस्ताव देखि संविधान, कानून र व्यवहारसम्म (२०६३ जेठ १६ देखि २०७८ जेठ १६) विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा पूर्वमन्त्री माननीय कमला पन्त तथा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरूः**

- सन्तानले आमा वा बाबुको नामबाट नागरिकता पाउने कुराको सुनिश्चितता गर्ने कानून निर्माण र कार्यान्वयनको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने,
- राज्यको सबै संरचनामा कम्तीमा एक तिहाइ महिलाको सहभागिताको सुनिश्चितताको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने,
- राजनीतिक दलका नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढाउनुपर्ने,
- लैङ्गिक हिंसा नियन्त्रणको लागि प्रभावकारी कदम चाल्न आयोगले प्रदेशस्तरसम्म कार्यालय विस्तार र स्थानीय तहसँगको समन्वय र सहकार्य वृद्धि गर्ने जोड दिनुपर्ने ।

## ५.१७ महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरणका सम्बन्धमा विगतमा भए गरेका असल प्रयासहरूबारे केन्द्र, प्रदेश र स्थानीय तहमा अधिवाचन छलफल तथा अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र २९ | २ | सर्लाही | ९० |

माननीय सदस्य विद्याकुमारी सिन्हाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षकहरू, संघ संस्थाका प्रतिनिधिहरू, सरकारी कार्यालयका कर्मचारी, पत्रकारहरू,पालिकाका अध्यक्षहरू आदिको उपस्थिति रहेको थियो । कार्यक्रममा माननीय सदस्य विद्या कुमारी सिन्हाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरूः**

- महिला सशक्तीकरणको लागि जनचेतना जगाउने, चेतनास्तर वृद्धि गर्ने किसिमको कार्यक्रम ल्याउनुपर्ने,
- महिलाको न्यायमा पहुँच स्थापनाका लागि महिलालाई प्रहरीसम्म पुग्ने सहज वातावरण तयार गर्नुपर्ने,
- बालविवाह न्यूनीकरण गर्नका लागि विवाहको उमेर तय गर्दा भौगोलिक स्थितिलाई समेत मध्यनजर गर्नुपर्ने,
- प्रहरी, राष्ट्रिय महिला आयोग र सामाजिक संघसंस्था महिलाको मुद्दामा संवेदनशील हुन आवश्यक रहेको ।

## ५.१८ लैङ्गिक सम्पर्क बिन्दुहरूसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७७ चैत्र ३१ | २ | धनुषा | ६० |

माननीय सदस्य विद्याकुमारी सिन्हाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि सामाजिक विकास मन्त्रालयका माननीय राज्यमन्त्री श्री अविराम शर्मा हुनुहुन्थ्यो भने अन्य अतिथिमा प्रमुख जिल्ला अधिकारी, मन्त्रालयका कर्मचारीहरू, विभिन्न नगरपालिकामा कार्यरत लैङ्गिक सम्पर्क अधिकारीहरू, विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरू एवं पत्रकारहरूको उपस्थिति रहेको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- नेपालले सन् २०२२ मा सिड समिति समक्ष प्रतिवेदन पेश गर्दा नेपालको भौगोलिक धरातल हेरेर महिलाको हक हितको प्रस्तावलाई अगाडि सार्नुपर्ने कुरामा जोड दिने,
- महिलाको लागि हित हुने नीति नियम बनाउँदा प्रदेश २ लाई मध्यनजर गरी बनाउन आवश्यक पनि रहेको,
- राष्ट्रिय महिला आयोगले केन्द्र र प्रदेशस्तरमा मात्र यस्ता कार्यक्रम नगरी पालिका र वडास्तरमा पनि गर्नुपर्ने,
- आमा समूह तथा अन्य महिला समूहको बारेमा एउटा रोष्टर तयार गरी सञ्जाल बनाई महिला हिंसा अन्त्यको लागि पहल गर्नुपर्ने,
- वडास्तरमा गाउँका विपन्न, अशिक्षित, गरिबीमा रहेका महिलाको समस्यालाई उजागर गरी प्रभावकारी योजना र सुहाउँदो कानून बनाउनका लागि आयोगले नेपाल सरकारलाई सुझाव दिनुपर्ने,
- घरेलु हिंसा अन्तर्गत कुटपीट हुने, शारीरिक र मानसिक यातना, बोक्सीको आरोप जस्ता घटना घट्ने गरेकाले राष्ट्रिय महिला आयोगले सचेतनामूलक कार्यक्रमका साथै सञ्चालन गरेको हेल्पलाइन सेवाको व्यापक प्रचार गर्नुपर्ने,
- स्थानीय तहमा महिला विकास अधिकृतको व्यवस्था गर्नुपर्ने,
- माथिल्लो तहमा महिला प्रहरीको दरबन्दी बढाउनुको साथै महिला प्रहरीको लागि ब्यारेकको व्यवस्थापन गर्नुपर्ने,
- प्रदेश २ मा खटिएका प्रहरीलाई स्थानीय भाषाको प्रशिक्षण दिनुपर्ने,
- छुट्टै महिला हिरासत कक्ष र बालबालिका निगरानी कक्षको व्यवस्थापन गर्नुपर्ने,
- हिरासतमा रहेका महिलाहरूको लागि तालिमको व्यवस्था गर्नुपर्ने ।

## ५.१९ अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख ६ | बागमती | काठमाडौँ | ३१ |

नेपाल अपाङ्ग महिला संघको संयोजकत्वमा सञ्चालन गरिएको कार्यक्रममा आयोगको तर्फबाट आयोगका सचिव मनोजकुमार आचार्यले आयोगको कार्यक्षेत्र र आयोगबाट भइरहेका प्रमुख कार्यहरूको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाल अपाङ्ग महिला संघको तर्फबाट अपाङ्गता भएका महिलाहरूको चुनौतीको विषयमा प्रस्तुति राखिएको थियो । उक्त अन्तरक्रियामा अपाङ्गता भएका महिला तथा बालबालिकाहरूले भोग्दै आएका चुनौती तथा आवश्यक नीतिबारे विस्तृत छलफल भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा आयोगका माननीय अध्यक्षले महिलाहरूभित्र पनि अपाङ्गता भएका महिलाहरू अझ बढी सामाजिक, मानसिक तथा यौन दुर्व्यवहारबाट पीडित हुनु परेको कुरा उल्लेख गर्दै नेपालले सिड (CEDAW) समितिलाई बुझाएको छैटौं प्रतिवेदन उपर समितिले दिएको निष्कर्ष सुझावहरूमा अन्तरवर्गीय विभेदहरूको न्यूनीकरणका लागि अपाङ्गता भएका महिलाहरूको विषयलाई पनि विशेष स्थान दिनुपर्ने विषय पनि रहेको कुरा बताउनुभयो भने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाले अपाङ्गता भएका महिलाको अवस्थाको बारेमा स्पष्ट पार्नुभएको थियो ।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- आयोगको आगामी पञ्चवर्षीय रणनीतिमा अपाङ्गता भएका महिलाहरूको हक अधिकार संरक्षण सम्बन्धी नीतिगत विषय समावेश गर्नुपर्ने,
- अपाङ्गता भएका महिलाको मुद्दालाई सम्बोधन गर्नका लागि आयोगमा छुट्टै किसिमका कार्यक्रम हुनुपर्ने र उनीहरूलाई जन्मदर्ता र नागरिकता प्राप्तिमा सहजीकरण गर्नुपर्ने,
- अपाङ्गता भएका महिलाहरूको क्षमता अभिवृद्धिका लागि सरोकारवाला निकायहरूमा पहल गरिदिन आयोगले सिफारिस गर्नुपर्ने,
- अपाङ्गता भएका महिलाहरूलाई सबै निकायहरूमा समावेशिताको सिद्धान्त अनुरूप समावेश गरी विकासको मूलधारमा ल्याउनका लागि पहल हुनुपर्ने,
- अपाङ्गता भएका महिलाहरूको अधिकार संरक्षणका लागि राज्य लगायत सबै व्यक्ति, वर्ग संवेदनशील हुनुपर्ने,
- अपाङ्गता भएका महिलाहरूका लागि प्रत्यक्ष रूपमा सघाउ पुर्‍याउने स्वास्थ्य, शिक्षा सम्बन्धी कार्यक्रम तथा दैनिकी सहजीकरणका लागि ठोस नीति तथा कार्यक्रम ल्याउनका लागि आयोगबाट पहल हुनुपर्ने ।

## ५.२० राष्ट्रिय महिला आयोगको चौमासिक क्रियाकलापका सम्बन्धमा पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७८ वैशाख ८ | बागमती | काठमाडौं | २६ |

राष्ट्रिय महिला आयोगको चौमासिक क्रियालापका सम्बन्धमा पत्रकारहरूसँगको अन्तरक्रिया कार्यक्रममा आयोगबाट विगत चार महिनाको अवधिमा भएका गतिविधि तथा आगामी कार्यदिशाको बारेमा प्रस्तुति राखिएको थियो । प्रस्तुतिमा आ.व. २०७७/७८ सालमा कर्णाली प्रदेशबाहेक अरू सबै प्रदेशहरूका १९ जिल्लामा आयोगले सम्पादन गरेका विभिन्न कार्यक्रमबारे जानकारी दिइएको थियो । त्यस बाहेक आयोगबाट विभिन्न चेतना तथा जागरणमूलक कार्यक्रम सञ्चालन गरिएको, विभिन्न विषयमा अध्ययन, अनुसन्धान अघि बढाइएको तथा अनुगमन र उजुरी सम्बोधनका सम्बन्धमा भएका कार्यहरूबारे प्रकाश पारिएको थियो ।

## ५.२१ कोभिड-१९ को विश्वव्यापी महामारीको समयमा हुने निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम एवं नियन्त्रणका लागि सरोकारवालाहरूबीच छलफल कार्यक्रम

| मिति | प्रदेश | स्थान | सहभागी संख्या |
|---|---|---|---|
| २०७८ वैशाख १५ | बागमती | काठमाडौं | २७ |
| २०७८ वैशाख २४ | बागमती | काठमाडौं | ५२ |

कोभिड-१९ को महामारीको दोस्रो चरणको संक्रमण रोकथाम र नियन्त्रणका सन्दर्भमा लागू भएको निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका क्षेत्रमा आइपर्ने समस्याहरू र समाधानका उपायहरूबारे सम्बन्धित सरोकारवाला संस्थाका प्रतिनिधिहरूसँग २०७८ वैशाख १५ गते एक छलफल कार्यक्रम आयोजना गरियो। छलफलमा निषेधाज्ञाको अवधिमा विभिन्न संघ संस्था र आयोगले लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि खेल्नसक्ने भूमिकाबारे सघन छलफल भयो।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, वैदेशिक रोजगार बोर्डका प्रतिनिधिहरूका साथै आयोगका साझेदार संस्थाहरू तथा नागरिक समाजबाट विभिन्न संस्थाहरूको उपस्थिति थियो।

बैठकमा उपस्थित सहभागीहरूले निषेधाज्ञाका समयमा लैङ्गिक तथा घरेलु हिंसाका घटना बढी संख्यामा घट्नसक्ने विगतको अनुभवबाट शिक्षा लिदैं रोकथामका लागि विभिन्न सल्लाह सुझाव दिनुभयो। त्यसरी नै महिला तथा बालबालिकाको मानसिक, आर्थिक, तथा कानूनी समस्याको सहजीकरण गर्ने सबै निकायहरूसँग राम्रो समन्वयको आवश्यकतामा पनि जोड दिनुभयो।

बैठकले आगामी दिनहरूमा स्थानीय निकाय तथा अन्य सम्बन्धित निकायसँग अझै छलफलको आवश्यकता रहेको भन्दै लैङ्गिक हिंसा रोकथाम तथा सम्बोधनका लागि आयोग अन्तर्गत तथा विभिन्न निकायबाट सञ्चालित हेल्पलाइनहरूको प्रचार-प्रसारको आवश्यकता रहेको कुरामा जोड दिएको थियो। आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा एक उच्चस्तरीय अनुगमन संयन्त्र गठन गर्ने सम्बन्धमा पनि निर्णय गरियो।

**छलफलमा उठेका जिज्ञासा तथा प्राप्त सुझावहरू:**

- निषेधाज्ञाका समयमा लैङ्गिक हिंसा पीडितहरूको तत्काल उद्धार र राहतका लागि राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग तथा नागरिक समाजका प्रतिनिधिहरू समावेश गरी Emergency Response Team को गठन गर्नुपर्ने,
- सिमानामा रहेका क्वारेन्टिन तथा आइसोलेसन सेन्टरको उचित व्यवस्थापनको लागि नागरिक समाजसँग सहकार्य गर्नुपर्ने,
- सीमा नाकामा प्रवेश गर्ने महिला, बालबालिकाको उचित व्यवस्थाका लागि महिला प्रहरीहरूलाई खटाउने व्यवस्था गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकताको साथ उद्धार गरी राहत र अन्य सेवाहरूमा प्राथमिकता दिनुपर्ने,
- महिला क्वारेन्टिन सेन्टरहरू, आइसोलेसन कक्षहरू, पुनःस्थापना गृहहरूको सूची तयार पार्ने र क्षमताको मूल्याङ्कन गर्ने,
- सूचना प्रवाहमा जोड दिने, सूचना प्रवाह स्थानीय भाषामा गरिनु पर्ने, Bulk SMS मार्फत सूचना प्रवाह गर्न उपयुक्त हुने,
- विदेशबाट फर्किन खोज्ने कामदारहरूका लागि WHO को प्रोटोकोलको पालना गरेर Country of Destination मा फर्किन सक्ने वातावरण मिलाउनु पर्ने,
- हेल्पलाइनलाई चुस्त र दुरूस्त राख्ने, सेवा प्रदायक संस्थाहरूको सूची तयार गर्ने, मनोसामाजिक तथा कानूनी परामर्शको व्यवस्था गर्ने,

- सेवाप्रदायक गैर सरकारी संस्थाहरूको आवतजावतको लागि पासको सहज व्यवस्थापन गर्ने,
- उद्धार तथा राहतको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरूको नामावली तयार गर्ने,
- कर्मचारीहरूका लागि आवश्यक सुरक्षाका उपायहरू अवलम्बन गर्ने,
- हिंसाका मुद्दा दर्ताका लागि प्राथमिकताका साथ पहल गर्ने,
- हिंसा पीडित महिला तथा बालिकालाई सरल, सुलभ र निःशुल्क रूपमा PCR Test को व्यवस्था मिलाउनु पर्ने,
- Justice in Pandemic तथा सेल्टर सेवालाई अत्यावश्यक सेवामा समावेश गर्नुपर्ने,
- न्यायिक समितिहरूलाई सुचारू राख्न समन्वय र सहकार्य गर्ने ।

यसैगरी २०७८ वैशाख २४ गते राष्ट्रिय महिला आयोगबाट कोभिड-१९ को महामारीको दोस्रो चरणको संक्रमण रोकथाम र नियन्त्रणका सन्दर्भमा लागू भएको निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणका क्षेत्रमा काम गर्दा आइपरेका समस्याहरू र समाधानका उपायहरूबारे सेवा प्रदायक संस्था तथा सरोकारवाला निकायका प्रतिनिधिहरूसँग ZOOM मार्फत भर्चुअल अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । उक्त भर्चुअल अन्तरक्रिया कार्यक्रममा निषेधाज्ञाको समयमा लैङ्गिक हिंसाका घटनालाई रोकथाम तथा नियन्त्रण गर्ने तथा हिंसा पीडितहरूलाई आवश्यक सेवा सहयोग उपलब्ध गराउने सन्दर्भमा विभिन्न संघ संस्थाबाट सञ्चालन भइरहेका गतिविधिहरूबारेमा जानकारी आदान प्रदान हुनुका साथै यो अवधिमा सामना गर्नुपरेका समस्या र सोको समाधानका लागि आयोगले खेल्नसक्ने भूमिकाबारे सघन छलफल भएको थियो ।

अन्तरक्रिया कार्यक्रममा विभिन्न संस्थाका प्रतिनिधिहरूले निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसामा परेका तथा अन्य पीडित महिला तथा बालबालिकाहरूलाई आ-आफ्नो संस्थाबाट सञ्चालित उद्धार, राहत, सुरक्षित आश्रयस्थल, मनोसामाजिक परामर्श, कानूनी उपचार सहायता लगायतका विषयमा प्रकाश पार्नुभएको थियो । साथै, पीडितहरूलाई सहायता प्रदान गर्ने क्रममा भोग्नुपरेका अप्ठ्याराहरू र त्यसलाई समाधान गर्न आयोगको तर्फबाट हुनुपर्ने पहलका विषयमा समेत उहाँहरूले विचार राख्नुभएको थियो ।

### ५.२२ कर्मचारीहरूको क्षमता विकास तालिम

| मिति | प्रदेश | स्थान | सहभागी |
|---|---|---|---|
| २०७७ चैत्र १६-२३ | बागमती | काठमाडौं | १८ |
| २०७८ वैशाख १०-११ | बागमती | मकवानपुर | ५३ |

राष्ट्रिय महिला आयोगले २०७७ चैत्र १६ गतेदेखि चैत्र २३ गतेसम्म आयोगमा कार्यरत कर्मचारीहरूका साथै साझेदार संस्थामा कार्यरत संस्थाका प्रतिनिधिहरूलाई रिजल्ट-बेस्ड रिपोर्ट लेखन तालिम सञ्चालन गऱ्यो । तालिमका मुख्य विषयमा परियोजना व्यवस्थापन, प्रतिवेदन लेखन, सूचना व्यवस्थापन रहेका थिए । साथै, मकवानपुरको टिस्टुङ्गमा आयोगका कर्मचारीहरूको लागि दुई दिने क्षमता विकास र तनाव व्यवस्थापन तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा सम्बन्धित विषयका विज्ञ व्यक्तिबाट स्वस्थ शरीर र मनका लागि आवश्यक विभिन्न विषयहरूमा सैद्धान्तिक तथा प्रयोगात्मक सत्रहरू सञ्चालन गरिएको थियो ।

### ५.२३ योगमाया स्मृति दिवस कार्यक्रम आयोजना

मिति २०७८ असार २२ गते राष्ट्रिय महिला आयोगले महिला जागरणका क्षेत्रमा अतुलनीय योगदान गर्ने सामाजिक सुधार अभियानकी प्रणेता विदुषी योगमायाको स्मृतिमा उहाँप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै योगमायाको व्यक्तित्व र योगदान सम्बन्धमा छलफल र परिसंवाद कार्यक्रम आयोजना गरी योगमाया स्मृति दिवस मनाएको थियो । माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री लीलानाथ श्रेष्ठको प्रमुख आतिथ्य र राष्ट्रिय महिला आयोगका मानननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा संयुक्त राष्ट्र संघीय महिला विरूद्ध भेदभाव उन्मूल नगर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौँ आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगको पहलमा तयार भई प्रकाशन गरिएको अध्ययन प्रतिवेदन समेत माननीय मन्त्रीले सार्वजनिक गर्नुभएको थियो । भर्चुअल माध्यमबाट आयोजित उक्त कार्यक्रममा विभिन्न मन्त्रालय विभाग तथा सरोकारवाला संस्थाका वरिष्ठ प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री लीलानाथ श्रेष्ठले राणा शासनको कठोर युगमा नागरिकलाई लेख्न, बोल्न तथा संगठन खोल्न बन्देज लगाइएको तथा मानवअधिकारको कुनै गुञ्जायस नभएको अवस्थामा पनि महिला जागरण र सामाजिक सुधारका लागि योगमायाले साहसपूर्ण तरिकाले गरेको योगदान हामी सबैका लागि प्रेरणादायी रहेको कुरा बताउनुभयो । उहाँले योगमायाको व्यक्तित्व र कृतित्वबाट आजका पुस्ताले प्रेरणा लिई महिला हक अधिकारको क्षेत्रमा अझ बढी समर्पित भएर काम गर्न आवश्यक रहेको कुरा मन्तव्यका क्रममा राख्नुभयो ।

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले आयोगको इतिहासमा पहिलो पल्ट योगमाया दिवस मनाउन लागिएकोमा आयोगको तर्फबाट खुशी व्यक्त गर्दै योगमायाले उठान गरेका महिला विरूद्धका सबैखाले भेदभाव, अन्याय, अत्याचार, कुसंस्कारका विरूद्ध सामाजिक परिवर्तन र महिला अधिकारको सशक्त यात्रा आज पनि जारी रहेको र त्यो अहिले पनि त्यत्तिकै सान्दर्भिक रहेको कुरा बताउनुभयो । उहाँले आजभन्दा एक शताब्दी अगाडिको राणाकालीन शासनको अन्धकारको युगमा महिला समानता, स्वतन्त्रता र जागरणको शंखनाद गर्ने योगमाया वास्तवमै साहसिक र परिवर्तनकामी महिला भएको कुरा बताउनुभयो । तत्कालीन समाजमा विद्यमान सतीप्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह, घरेलु हिंसा र दुर्व्यवहार जस्ता महिलाप्रतिका अमानवीय कुप्रथाको खुलेर र जीउज्यानको कुनै परवाह नगरी विरोध र विद्रोह गर्ने उत्रिनु भएकी योगमाया सबै नेपाली नारीहरूको निम्ति आदरणीय र प्रेरणादायी व्यक्ति भएको कुरा बताउनुभयो ।

आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आजभन्दा करिब ८० वर्ष पहिले आफ्ना ६८ जनाभन्दा बढी अनुयायीहरूका साथ अरूण नदीमा जलसमाधि लिनुभएकी महिला स्वतन्त्रता र अधिकार आन्दोलनकी अभियन्ता श्री योगमाया न्यौपानेको व्यक्तित्व र योगदान नेपालमा मात्र नभएर विश्व महिला आन्दोलनमै अद्वितीय छ भन्नुभयो ।

युएन् सिड समितिका सदस्य एवं राष्ट्रिय महिला आयोगका पूर्व अध्यक्ष श्री वन्दना राणाले योगमायाले गरेको योगदानको नेपाली समाजले प्रशंसा गर्नुपर्ने कुरा बताउनुभयो । उक्त कार्यक्रमको सञ्चालन उपसचिव श्री लक्ष्मी आचार्य पराजुलीले गर्नु भएको थियो ।

# परिच्छेद - ६
# अध्ययन, अनुसन्धान तथा प्रकाशनहरू

## ६.१ अध्ययन तथा अनुसन्धान

आ.व. २०७७/०७८ मा राष्ट्रिय महिला आयोगले देहायको विषयमा परामर्शदाता (विज्ञ व्यक्ति/संस्था) बाट अध्ययन अनुसन्धान कार्य सम्पन्न गराई प्रतिवेदन प्राप्त गरेको छ :

१. संयुक्त राष्ट्रसंघीय महिला विरूद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन गराई नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन प्रकाशन गरिएको ।

२. संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन ।

३. रोजगारीका अवसरमा महिलाहरूको पहुँच र महिलामैत्री कार्य वातावरणबारे अध्ययन ।

४. मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन पश्चात् महिला अधिकारको प्रचलनमा आएको परिवर्तनसम्बन्धी अध्ययन ।

उक्त अध्ययन प्रतिवेदनहरूको निष्कर्ष तथा मुख्य सिफारिसहरू देहाय बमोजिम रहेका छन् :

### ६.१.१ संयुक्त राष्ट्रसंघीय महिला विरुद्ध भेदभाव उन्मूलन गर्ने समिति (CEDAW Committee) बाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन:

**अध्ययनको उद्देश्य:**

संयुक्त राष्ट्रसंघीय महिला विरूद्ध भेदभाव उन्मूलन गर्ने समितिले नेपालले बुझाएको छैटौं आवधिक प्रतिवेदनमाथि प्राप्त निष्कर्ष सुझावमा महिला अधिकारको सुदृढीकरणका लागि दिइएका सुझावहरूको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन गरी हालसम्म भएका उपलब्धिहरू र कार्यान्वयनका कमजोर पक्षहरूको समीक्षा गर्नु ।

**अध्ययनका निष्कर्षहरू:**

सिड समितिले नेपालको छैटौं आवधिक प्रतिवेदनमाथि सन् २०१८ नोभेम्बर १४ मा दिएको निष्कर्ष टिप्पणीमा महिला समानता प्रवर्द्धन गर्ने र महिला विरूद्धको विभेद अन्त्य गर्ने महासन्धिको धारा १ देखि १६ अन्तर्गत विभिन्न २१ विषयहरूमा सुझावहरू दिएको छ । यी सुझावहरूमध्ये केही विस्तृत सुझावहरूलाई निष्कर्ष टिप्पणीको अनुगमन संयन्त्र (CEDAW Concluding Observation Monitoring Framework) मा व्यवस्था गरे बमोजिम अध्ययनका लागि टुक्राएर जम्मा ८४ वटा सुझावहरू बनाइएको थियो जसमा ४ वटा सुझावहरूको पूर्ण कार्यान्वयन भएको देखिन्छ भने अध्ययन अवधिसम्म ६० वटा सुझावहरू कार्यान्वयनको क्रममा रहेको पाइन्छ । सिड समितिले दिएका बाँकी २० वटा सुझावहरू हालसम्म कार्यान्वयन हुन सकेको छैन ।

पूर्ण कार्यान्वयन भएका सिड समितिका ४ वटा निष्कर्ष सुझावहरू निम्नानुसार छन् :

- राष्ट्रिय महिला आयोगमा पदाधिकारीहरूको नियुक्ति भएको छ ।
- बीस वर्ष नपुगी भएको विवाह स्वतः बदर हुने मुलुकी अपराध संहिता, २०७४ को व्यवस्था अनुकूल हुने गरी मुलुकी देवानी संहिता, २०७४ को संशोधन भएको छ ।
- नेपालले "मानव बेचबिखन, खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार-पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख" (Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, Palermo Protocol 2000) लाई मिति २०७७।०३।०२ मा विना शर्त अनुमोदन गरेको छ ।
- सिड महासन्धिको धारा ३१ (क), (ख) र ४३ (ख) र (ग) मा उल्लिखित नागरिकता र परम्परागत हानिकारक अभ्यासअन्तर्गत बालविवाहसम्बन्धी सिफारिसहरूको कार्यान्वयन गर्न चालिएका कदमसम्बन्धी लिखित जानकारी (फलोअप प्रतिवेदन) नेपाल सरकारले १ फेब्रुअरी २०२१ मा सिड समितिलाई बुझाएको छ ।

यसरी यस अध्ययनबाट सिड समितिले दिएका प्रायःजसो सुझावहरू कार्यान्वयनको क्रममा रहेको (६० वटा सुझावहरूः ७१.४%) देखिन्छ भने करिव एक चौथाइ सुझावहरू (२० वटा सुझावहरूः २३.८%) हालसम्म कार्यान्वयन हुन नसकेको देखिन्छ । यी कार्यान्वयन हुन बाँकी सुझावहरूको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ । सिड समितिले दिएका सिफारिसहरूको कार्यान्वयन एकाङ्गी रूपमा सरकारको मात्र दायित्व नभई गैरसरकारी संस्थाहरूको पनि भएकोले यस कार्यमा गैरसरकारी संस्थाहरूले समेत सिड समितिको सुझावहरूको कार्यान्वयनका लागि सरकारलाई थप सहयोग गरी सहकार्य गर्न आवश्यक देखिन्छ ।

कार्यान्वयन नभएका अधिकांश सुझावहरू विभेदरहित कानूनहरूको निर्माण, परिमार्जन र अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्ने सम्बन्धी रहेका छन् । यस सम्बन्धमा विधायिका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सरोकारवाला निकायहरूसँग छलफल गरी कानून सुधारमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

**अध्ययनले मूलरूपमा औंल्याएका विषयहरू:**

१. मुलुकमा संघीयताको अभ्यासपछि तीन तहको सरकारका बीचमा महिलाका हक, हितसँग सम्बन्धित नीति निर्माण र कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहकार्य बढाउनु पर्ने,

२. नेपाल पक्षराष्ट्र भएको महिला हक अधिकार संरक्षण र विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको बारेमा स्थानीय तहमा जानकारी न्यून रहेको हुँदा थप जानकारी प्रवाह हुनुपर्ने,

३. महिला हक, अधिकारसम्बद्ध कानून कार्यान्वयनको पक्षलाई प्रदेश र स्थानीय तहमा थप सुदृढ बनाउनु पर्ने,

४. संघमा सिडका प्रावधान अनुरूपका महिला सशक्तीकरणसम्बन्धी कानून निर्माण, परिमार्जन, निर्देशिका, मापदण्ड तयार गर्ने काम सक्रियतापूर्वक भएकोमा तदनुरुप कार्यान्वयनमा पनि गति दिनुपर्ने,

५. प्रदेश र स्थानीय तहमा संस्थागत क्षमता अभिवृद्धिका साथै नीति कार्यान्वयन गर्ने जनशक्तिको पनि क्षमता अभिवृद्धि गर्नुपर्ने,

६. महिलासम्बद्ध विभेदरहित कानूनहरू निर्माण, संशोधन र केही अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गर्ने संघीय निकायहरूलाई सुझाव दिइएकोमा पूर्ण कार्यान्वयन नभएकोले कार्यान्वयन हुन बाँकी विषयहरूलाई आगामी दिनमा प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने,

७. प्रदेश र स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धमा अन्यौल रहेकोले यसलाई सम्बोधन गर्नुपर्ने,

८. महिलाको न्यायमा पहुँच बढाउने सम्बन्धमा अधिकांश निकायहरूमा कानूनी परामर्श र निःशुल्क कानूनी सहायताका कार्ययोजना कार्यान्वयनमा रहेकोमा समाजका सीमान्तकृत वर्गका महिलालाई न्यायमा सहज पहुँच स्थापित गर्न विशेष जोड दिनुपर्ने,

९. समाजमा व्याप्त हानिकारक अभ्यासहरू सम्बन्धमा विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमहरू तीनै तहमा सञ्चालनमा रहेकोमा यसलाई आगामी दिनमा थप विस्तार गरी निरन्तरता दिनुपर्ने ।

### सुझावहरू

१. सिड समितिले दिएका कार्यान्वयन हुन बाँकी सुझावहरूको शीघ्र कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारले तदारूकता देखाई तीन तहको सरकारबीच समन्वय र पर्याप्त बजेट विनियोजन सहित आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

२. सिड महासन्धि र सिड समितिले दिएका सुझावहरूको बारेमा अझै पनि तीन तहका सरकारका पदाधिकारीहरूलाई पर्याप्त जानकारी भएको नपाइएकोले सिड समितिका सुझावहरूको प्रभावकारी कार्यान्वयनका लागि यस महासन्धि र सिड समितिले दिएका सुझावहरूको बारेमा सरोकारवाला निकायहरूलाई अभिमुखीकरण तालिम दिनुपर्ने जरूरी देखिएको छ ।

३. सिड समितिले विभेदरहित कानूनहरूको निर्माण, परिमार्जन र अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गर्ने सम्बन्धमा दिएका अधिकांश सुझावहरू कार्यान्वयन हुन बाँकी रहेको देखिएकोले यस सम्बन्धमा विधायिका, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले सरोकारवाला निकायहरूसँग छलफल गरी कानून निर्माण तथा सुधारमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

४. संघीय संरचनामा तीन तहका सरकारबाट भइरहेका कार्यहरूको एकीकृत प्रतिवेदन र तथ्याङ्क राख्ने व्यवस्था नहुँदा भइरहेका कामहरूका बारेमा यस्ता अध्ययन प्रतिवेदनमा समीक्षा गर्न समेत चुनौतीपूर्ण रहेको छ । यसर्थ महिला अधिकारका क्षेत्रमा तीन तहका सरकारबाट भएका कामहरूको एकीकृत तथ्याङ्क, प्रतिवेदन, कामको अनुगमन र समीक्षा गर्ने प्रणालीको विकास गनुपर्ने आवश्यकता छ ।

५. संघीय संरचनामा जानु अघि हरेक स्थानीय तहमा महिला र बालबालिका कार्यालय र दश प्रतिशत महिला लक्षित बजेट विनियोजन हुनेगरेकोमा यो अवस्था हाल रहेको पाइँदैन । सबै स्थानीय र प्रदेश तहमा महिला समानता र सशक्तीकरणका क्षेत्रमा प्रभावकारी रूपले कार्य गर्ने साधन, स्रोत र अधिकार सम्पन्न विषयगत एकाइ, पर्याप्त मानव स्रोत र महिला लक्षित बजेटको विनियोजन हुनुपर्ने देखिन्छ । साथै, केन्द्रमा जस्तै स्थानीय र प्रदेश तहमा समेत लैङ्गिक उत्तरदायी बजेटको वार्षिक मूल्याङ्कन गर्ने आवश्यक छ ।

६. लैङ्गिक हिंसा पीडित महिला तथा बालिकाहरूलाई आश्रयस्थलमा राखी आवश्यक स्वास्थ्य उपचार, मनोविमर्श, कानूनी परामर्श लगायतका सेवा प्रदान गर्ने सरकारले गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा विभिन्न स्थानीय तहहरूमा आश्रयस्थल सञ्चालन गर्ने, आश्रयस्थल सञ्चालनका लागि

समयमा पर्याप्त बजेटको निकासा गर्ने र आश्रयस्थल सञ्चालनको न्यूनतम मापदण्ड बनाउनुपर्ने देखिन्छ ।

७. सबै स्थानीय र प्रदेश तहमा गठन भएको लैङ्गिक हिंसा निवारण कोषमा पर्याप्त बजेट उपलब्ध गराई हिंसा पीडित महिला तथा बालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न जरूरी छ ।

८. नागरिकताका सवालमा महिलामाथि भएको विभेद सम्बोधन गर्न यथाशीघ्र नागरिकता संशोधन विधेयक पारित गर्न आवश्यक छ । ऐन संशोधन नहुँदासम्म नागरिकता बनाउन नसकेका नेपाली महिलाहरूले शिक्षा, रोजगार, आर्थिक कारोबार गर्न भोग्न परेका समस्याहरूलाई तत्काल सम्बोधन गर्न परिचयपत्र दिने व्यवस्था गरी समस्या समाधान गर्ने वैकल्पिक आधारको सिर्जना गर्नेतिर राज्यले कदम चाल्नुपर्ने देखिन्छ ।

९. महिला अधिकारसँग सम्बन्धित कुनै पनि नीति, ऐन, अध्यादेश, नियम मस्यौदा तयार गर्दा राष्ट्रिय महिला आयोगको अनिवार्य रूपले परामर्श लिनुपर्ने व्यवस्था हुन जरूरी देखिएको छ । साथै, महिलाका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूलाई पनि कानून र योजना निर्माण प्रक्रियामा सहभागी गराउन जरूरी छ ।

१०. नेपालमा महिला अधिकारसम्बन्धी कतिपय कानूनहरू राम्रा बनेका छन्, तर प्रभावकारी कार्यान्वयन हुनसकेको अवस्था छैन । यसर्थ कानूनको प्रभावकारी कार्यान्वयनमा आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

११. स्थानीय बजेट, नीति र कार्यक्रम तर्जुमा गर्दा महिलाहरूको अर्थपूर्ण सहभागितालाई जोड दिनुपर्ने देखिन्छ ।

१२. विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबाट लैङ्गिक समानता, न्याय र सशक्तीकरणका विभिन्न विषयहरूमा सरकारी पदाधिकारीहरू र सर्वसाधारणहरूको क्षमता अभिवृद्धि र सचेतनाका लागि अभिमुखीकरण तालिम र सचेतना कार्यक्रमहरू सञ्चालन भएको पाइए तापनि यसमा दोहोरोपना नहुने र सबै क्षेत्रका लक्षित वर्गका व्यक्तिहरूले कार्यक्रममा समान सहभागिताको अवसर पाउने कुराको सुनिश्चितता गर्न आवश्यक छ ।

### ६.१.२ संघीय मन्त्रालयबाट महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा भए गरेका कार्यक्रमहरूको विश्लेषणात्मक अध्ययन:

**अध्ययनको उद्देश्य:**

१. संघीय मन्त्रालयहरूबाट कार्यान्वयनमा ल्याइएका महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति तथा कार्यक्रमका साथै लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको लैङ्गिक लेखाजोखा तथा विश्लेषण गरी वर्तमान स्थितिको पहिचान गर्नु ।

२. महिला सशक्तीकरण एवं लैङ्गिक मूलप्रवाहीकरण अध्ययनका आधारमा पहिचान गरिएका विद्यमान अन्तरलाई कम गर्ने तथा प्रवर्द्धन गर्ने उपायका लागि कार्यान्वयनयोग्य र व्यावहारिक सुझाव सिफारिस गर्नु ।

**अध्ययनका निष्कर्षहरू:**

क. लैङ्गिक समानताले राज्यका साधनस्रोत, शक्ति, अधिकार तथा अवसरमा महिला, पुरूष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पहुँच, उपयोग र लाभमा समानताको स्थितिलाई प्रतिनिधित्व

गर्दछ । यसले समतामूलक व्यवस्था, सशक्तीकरण र सामाजिक न्यायमा आधारित समानता हासिल गर्ने कार्यलाई अभियानका रूपमा अघि बढाउन मार्गदर्शन गर्दछ ।

ख. विभिन्न मन्त्रालयले आ-आफ्नो क्षेत्रगत तथा जिम्मेवारीका विषयमा लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणका नीतिगत एवं रणनीतिगत व्यवस्था अनुरूप कार्य गर्नुपर्ने व्यवस्था भए तापनि विषयगत क्षेत्रको लैङ्गिक स्थिति, आवश्यकता र सरोकारहरूको विश्लेषण नगरी तर्जुमा गरिएका नीतिले पार्ने प्रभाव र परिणामका दृष्टिले यस्ता नीतिगत व्यवस्था लैङ्गिक रूपमा तटस्थ (Gender-Neutral) वा लैङ्गिक असंवेदनशील (Gender-blind) हुने भएकोले यसबाट समान अधिकारको उपयोग, समान लैङ्गिक सम्बन्ध र निःसृत लाभको उपभोगका आधारमा सारभूत लैङ्गिक समानता कायम हुन सक्दैन । अतःलैङ्गिक समानता हासिल गर्ने र महिला अधिकारको संरक्षण गर्ने कार्यान्वयनमा ल्याइएका विषयगत नीतिहरूको पुनरावलोकन गरी लैङ्गिक संवेदनशीलताको दृष्टिकोणबाट पुनर्लेखन गरिनु आवश्यक छ ।

ग. अधिकांश मन्त्रालयका नीतिगत व्यवस्था, कार्यक्रम र बजेट लैङ्गिक दृष्टिबाट तटस्थ रहेका तथा कार्यान्वयनका चरणमा पनि लैङ्गिक पक्षलाई पर्याप्त ध्यान दिन नसकेको कारण सञ्चालित क्रियाकलापले लैङ्गिक सन्तुलित प्रतिफल अपेक्षित रूपमा हासिल हुन सकेको छैन ।

घ. लैङ्गिक समानता हासिल गर्नका लागि तर्जुमा गरिने कार्यक्रम र बजेट व्यवस्थालाई कल्याणकारी वा आवश्यकतामा आधारित (Welfare-based or Need-based) पद्धतिबाट परिवर्तन गरी संविधानले परिकल्पना गरेको अधिकारमा आधारित (Rights-based) पद्धतिगत सक्षमतामा रूपान्तरण गर्नुपर्ने अपरिहार्यता रहेको छ । यसका लागि कार्यक्रम र बजेटको मानव अधिकारमा आधारित स्तरीकरण तथा अनुकूलन (human rights-based standardization and customization), अधिकारमुखी दृष्टिकोण अनुकूल कार्यसम्पादन, नतिजाप्रतिको जवाफदेहिता वहन र लैङ्गिक परीक्षण गर्ने प्रणाली निर्माण गर्नुपर्ने आवश्यकता छ ।

ङ. लैङ्गिक समानताका लागि राज्यले अवलम्बन गरेका संवैधानिक तथा नीतिगत व्यवस्था, नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि तथा विश्वव्यापी घोषणाबाट सृजित राज्यको दायित्वका बारेमा संघीय मन्त्रालयको नेतृत्व तथा कार्यगत तहमा अवधारणागत स्पष्टता रहेको पाइए तापनि अपेक्षाकृत उपलब्धि र नतिजा हासिल गर्ने कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्नुपर्ने देखिन्छ ।

च. लैङ्गिक मूलप्रवाहीकरण, समावेशीकरण र महिला सशक्तीकरणका माध्यमबाट लैङ्गिक समानता हासिल गर्नका लागि राष्ट्रियस्तरमा प्रभावकारी नीति तथा योजना तर्जुमा गर्ने, योजना र कार्यक्रमबीच तादात्म्य कायम गर्ने, अन्तर-तहगत योजना र विकासमा समन्वय र सामञ्जस्य कायम गर्ने, नीतिमा आधारित स्रोतको व्यवस्था गर्ने, मध्यकालीन खर्च संरचना तथा समष्टिगत आर्थिक नीतिमा लैङ्गिक समानतालाई एकाकार गर्ने, रणनीतिक तहमा अनुगमन र मूल्याङ्कन गर्ने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय योजना आयोगको भूमिका थप सुदृढ बनाउनु पर्ने आवश्यकता रहेको छ ।

छ. आवधिक योजनामा उल्लेख भएको लैङ्गिक समानता तथा महिला सशक्तीकरणको नीतिलाई क्षेत्रगत मन्त्रालय तथा निकायहरूले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशील भई कार्यान्वयनमा ल्याउन निर्देशिका तथा कार्यविधिहरू तयार गरी लागू गर्नुपर्ने र सोको नियमित अनुगमन गर्नुपर्ने देखिन्छ ।

ज. नेपालमा विकास कार्यक्रम र बजेट व्यवस्थालाई लैङ्गिक उत्तरदायी बनाई लैङ्गिक समानता हासिल गर्ने सह्राहनीय अभ्यासका रूपमा लैङ्गिक उत्तरदायी बजेट पद्धतिको थालनी भए तापनि आ-आफ्नो

कार्यक्षेत्रमा पर्ने जिम्मेवारीका लैङ्गिक सरोकार र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रमको निर्माण तथा विनियोजन गर्ने प्रणालीको विकास गर्नुपर्नेमा यस बजेट प्रणालीलाई लैङ्गिक सङ्केतका आधारमा साधनको विनियोजन र वर्गीकरण गर्ने कार्यमा मात्र सीमित गरिएको देखिन्छ । कुनै पनि मन्त्रालयबाट विनियोजित लैङ्गिक उत्तरदायी बजेटको खर्च कति भयो र सोबाट कति उपलब्धि हासिल भयो भन्ने विषयमा प्रगतिको समीक्षा र मूल्याङ्कन गरी स्थिति सार्वजनिक गरेको देखिँदैन । बजेटको नतिजामूलक कार्यान्वयनका आधारमा लैङ्गिक समानता कति हासिल भयो भन्ने तर्फ अनुगमन र मूल्याङ्कन तथा परीक्षण गर्ने आधार र संयन्त्रलाई क्रियाशील बनाउन सम्बन्धित मन्त्रालयको अनुगमन र मूल्याङ्कन महाशाखा र अर्थ मन्त्रालयको संयोजनमा रहेको लैङ्गिक बजेट समितिको भूमिका सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको छ ।

झ. क्षेत्रगत मन्त्रालयमा लैङ्गिक समानता हासिल गर्नका लागि विभिन्न नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयनमा लगिएको भए तापनि अपेक्षाकृत रूपमा लैङ्गिक संवेदनशील संस्कार विकसित हुन नसकेको, नीति तथा कार्यक्रमको लैङ्गिक लेखाजोखा र विश्लेषण गर्ने तथा तथ्याङ्कको व्यवस्थापन गर्ने क्षमता कमजोर देखिएको, उद्देश्यपरक रूपमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गर्ने र सोको नतिजामूलक कार्यान्वयन गर्ने लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता समेत न्यून रहेको पाइन्छ।

ञ. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी बाहेकका अन्य मन्त्रालयहरूको जिम्मेवारी लैङ्गिक तटस्थताका सिद्धान्तमा आधारित भएर निर्धारण गरिएका छन् । लैङ्गिक आवश्यकता, सरोकार र चासोको पहिचान नगरी लैङ्गिक तटस्थतामा आधारित भई सञ्चालित क्रियाकलापहरूबाट परम्परादेखि ऐतिहासिक विभेदमा रहेका महिलाहरू, पुरूष सरह समान रूपमा लाभान्वित हुन सक्दैनन् ।

ट. संघीय तहका मन्त्रालयहरूमा लैङ्गिक समानता, लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणसम्बन्धी विषयमा मन्त्रालय र मातहतको निकायमा समन्वय र सहजीकरणका लागि व्यवस्था गरिएको लैङ्गिक सम्पर्क बिन्दु वा व्यक्तिको व्यवस्था अनुकरणीय भए तापनि यसको संस्थागत महत्व र क्षमता, यो जिम्मेवारी कुशलता साथ निर्वाह गर्नका लागि कार्य-उत्प्रेरणा, सक्रियताका लागि आवश्यक पर्ने अधिकार र साधनस्रोतको उपलब्धता, लैङ्गिक जवाफदेहिता प्रणालीका साथै लैङ्गिक खण्डीकृत सूचना व्यवस्थापन क्षमता आदि नहुँदा यो संयन्त्रको प्रभावकारी उपयोग हुन सकेको देखिँदैन ।

ठ. संघीय मन्त्रालयको जिम्मेवारी अनुसार विभिन्न मन्त्रालयले लैङ्गिक समानता हासिल गर्नका लागि लैङ्गिक लेखाजोखा र विश्लेषणका आधारमा क्षेत्रगत तहमा सूचकाङ्क (Index) को प्रयोग गरी लैङ्गिक असमानता सूचकाङ्क (Gender Inequality Index), लैङ्गिक सशक्तीकरण मापन (Gender Empowerment Measure), लैङ्गिक तथा विकास सूचकाङ्क (Gender and Development Index) जस्ता तथ्यमा आधारित सूचकाङ्कको प्रयोग गरी कार्यक्रम र बजेटको प्राथमिकीकरण, तर्जुमा र विनियोजन लगायतका कार्यहरू गर्ने गरेको पाइँदैन र सम्बन्धित कर्मचारीहरूमा यस सम्बन्धी ज्ञान र सीपको समेत अभाव रहेको देखिन्छ ।

ड. कार्यक्रम तर्जुमा र कार्यान्वयनमा संलग्न जनशक्तिमा लैङ्गिक उत्तरदायी ज्ञान र सिकाइको संस्कार, लैङ्गिक विषयको तालिम र उनीहरूको लैङ्गिक संवेदनशीलता लगायतका विषयहरू कमजोर स्थितिमा रहेको पाइन्छ ।

ढ. लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणको कार्यक्रम वा आयोजनाको कार्यान्वयनमा नेतृत्व तहको प्रतिबद्धता र सहयोग, संस्थागत प्राथमिकता, सरोकारवालाको सकारात्मक सहयोग र कार्यक्रमका सम्बन्धमा सचेतना, अधिवाचन र पैरवीका लागि सूचना, शिक्षा र सञ्चारको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको देखिन्छ ।

ण. लैङ्गिक समानता अभिवृद्धिसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि सक्षम संस्थागत व्यवस्था (रणनीतिक कार्ययोजना र कार्यसम्पादन सूचक, पर्याप्त र उपयुक्त कानूनी व्यवस्था, लागत ढाँचाको आधारमा बजेट व्यवस्था, समन्वय र सामञ्जस्य प्रणाली,दक्ष र सीपयुक्त कर्मचारी आदि) कमजोर रहेको पाइन्छ ।

त. लैङ्गिक समानताका लागि नतिजा हासिल गर्ने प्रभावकारी अनुगमन र मूल्याङ्कनको उच्च महत्व रहने भए तापनि यसको कार्यान्वयन सबैभन्दा कमजोर पक्षका रूपमा रहेको पाइन्छ ।

थ. लैङ्गिक समानताका लागि लैङ्गिक खण्डीकृत तथ्यांक प्रणालीको व्यवस्थापन, सुदृढ प्रलेख स्रोत केन्द्रको व्यवस्था, लैङ्गिक कार्यसम्पादनको एकीकृत प्रतिवेदन प्रणाली, मन्त्रालयको आवधिक तथा वार्षिक समीक्षा प्रणालीमा लैङ्गिक कार्यसम्पादन प्रगतिको एकीकृत रूपमा समीक्षा तथा लैङ्गिक परीक्षणको व्यवस्था गर्नुपर्नेमा आंशिक रूपमा मात्र यी व्यवस्था कार्यान्वयनमा रहेको पाइन्छ ।

**सुझावहरू:**

क. नेपालको संविधानले लैङ्गिक समानता, अविभेद र महिला अधिकारलाई आत्मसात् गरी शासन र विकासलाई अधिकारमा आधारित बनाउने पद्धति अनुसरण गरिसकेको र महिला अधिकार र लैङ्गिक समानतासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरिसकेको परिप्रेक्ष्यमा यसलाई मुलुकी कानूनका रूपमा कार्यान्वयन गर्ने राज्यको दायित्व भएकाले विद्यमान कल्याणकारी वा आवश्यकतामा आधारित शासन र विकासलाई अधिकारमा आधारित तुल्याउन अपरिहार्य देखिन्छ । यसका लागि संघीय मन्त्रालयहरूले आफ्नो जिम्मेवारी अन्तर्गत पर्ने लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणको कार्यक्रमलाई लगानी, कार्यक्रम कार्यान्वयन क्षमता र जवाफदेहिताका साथै लक्षित समूहको सक्षमता अभिवृद्धि गर्ने गरी कार्यक्रम प्रणालीलाई समानुकूलन र परिमार्जन गर्न आवश्यक छ ।

ख. लैङ्गिक समानता र महिला सशक्तीकरण सम्बन्धी संघीय नीतिलाई क्षेत्रगत आधारमा योजनाबद्ध रूपमा कार्यान्वयन गर्नका लागि मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरूको लैङ्गिक लेखाजोखा र विश्लेषण अनिवार्य रूपमा गराउने तथा प्रत्येक तीन वर्षमा अद्यावधिक गरी सोका आधारमा कार्यक्रम वा आयोजनाको तर्जुमा गर्ने पद्धति अवलम्बन गर्न आवश्यक छ । मन्त्रालयको नीति कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी कार्यविधि तथा निर्देशिकालाई लैङ्गिक उत्तरदायी बनाउन हाल कार्यान्वयनमा रहेका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन कार्यविधि तथा निर्देशिकालाई अद्यावधिक गरी परिमार्जन गर्न आवश्यक छ ।

ग. सामाजिक तथा लैङ्गिक रूपमा खण्डीकृत तथ्याङ्क व्यवस्थापन क्षमता अभिवृद्धि गरी तथ्य प्रमाणमा आधारित कार्यक्रम र बजेट तर्जुमाका साथै अनुगमन र मूल्याङ्कनमा खण्डीकृत तथ्याङ्कको प्रयोग अनिवार्य रूपमा गर्ने पद्धति अवलम्बन गर्न आवश्यक छ ।

घ. लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणको विषयलाई सबै कार्यक्रम वा आयोजनामा एकाकार गर्न र प्राथमिकतासाथ समावेश गर्नका लागि कार्यक्रमको प्राथमिकता निर्धारण, कार्यक्रम तथा बजेट तर्जुमाको प्रक्रियामा महिलावर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । साथै, यस्तो विषयको कार्यक्रम कार्यान्वयनको उपलब्धि र नतिजाको समीक्षा र मूल्याङ्कनको कार्यलाई समेत सहभागितामूलक बनाउन जरूरी छ ।

ङ. हाल कार्यान्वयनमा रहेको लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गर्दा बजेटको वर्गीकरण महिला लक्षित, महिला सहभागिता हुने तथा महिलाका लागि रोजगारी र आयआर्जन हुने कार्यक्रमका आधारमा

प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी वा तटस्थ भनी मन्त्रालयहरूले निश्चित सूचक र तथ्याङ्कका आधारमा भन्दा हचुवाका आधारमा गर्ने हालको प्रक्रियामा सुधार गरी त्यस्तो निर्धारण र वर्गीकरणलाई तथ्य-प्रमाणमा आधारित बनाउन आवश्यक छ ।

च. लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणको कार्यक्रम र लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको आवधिक तथा वार्षिक समीक्षा गर्दा विशेष कार्यक्रम वा लैङ्गिक विषय अन्तर्निहित कार्यक्रमबाट के कति लैङ्गिक नतिजा हासिल भयो भन्ने विषयलाई समीक्षा वा मूल्याङ्कनमा एकाकार गर्ने तथा लैङ्गिक उत्तरदायी बजेटको खर्च र उपलब्धिको छुट्टै प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने पद्धति अवलम्बन गर्न आवश्यक छ ।

छ. मन्त्रालयमा रहेका लैङ्गिक सम्पर्क बिन्दुको संरचनालाई मन्त्रालयको संगठनात्मक व्यवस्थामा स्पष्ट देखिने गरी संस्थागत प्रबन्ध गर्न जरूरी छ। साथै, उक्त संयन्त्रको स्पष्ट कार्यक्षेत्रगत शर्तसहित जिम्मेवारी निर्धारण गर्ने, कार्यक्रमको प्राथमिकीकरण र निर्धारणमा अनिवार्य रूपमा सहभागी गराउने, योजना र कार्यक्रमको समीक्षा र मूल्याङ्कनमा सक्रिय रूपमा सहभागी गराई पृष्ठपोषण प्राप्त गर्ने, सो संयन्त्रको क्रियाशीलता बढाउन कार्यक्रम र बजेटको व्यवस्था गर्ने, लैङ्गिक सम्पर्क अधिकारीको पेशागत क्षमता विकास र वृत्ति विकासका लागि विशेष अवसर प्रदान गरी क्षमता विकास र परिचालनमा जोड दिन आवश्यक छ ।

ज. मन्त्रालयको आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा लैङ्गिक समानताका लागि लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणका लागि प्रदेश र स्थानीय तहमा समानुकूलन (Customization), समन्वय र सामञ्जस्य कायम गर्न प्रत्येक वर्ष मन्त्रालयको संयोजनमा संयुक्त योजना बैठकको आयोजना गर्न आवश्यक छ । लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणको कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरी लैङ्गिक समानताका लागि नयाँ मार्गचित्र तथा कार्यशैली सुनिश्चित गर्न सबै मन्त्रालयले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित विषयमा राष्ट्रियस्तरमा सारभूत परिवर्तन ल्याउने र रूपान्तरणीय परिवर्तनका लागि संवाहक हुनेगरी विशेष लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।

झ. मुलुकमा लैङ्गिकतामा आधारित तथा सबै प्रकारका महिला हिंसाको रोकथाम तथा नियन्त्रणका साथै अनुसन्धान र अभियोजन प्रणालीमा सक्रिय रूपमा कार्यसम्पादन गर्दै आएको नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय तथा ७७ जिल्लाका महिला प्रहरी सेलहरूको अधिकार र जिम्मेवारी, पूर्वाधार, कार्यक्रम र बजेट, जनशक्ति क्षमता सहितको संस्थागत क्षमता विकासका लागि गृह मन्त्रालयले संस्थागत सुदृढीकरण योजना बनाई कार्यान्वयन गर्न आवश्यक छ ।

**राष्ट्रिय महिला आयोगको भूमिकालाई सुदृढ बनाउने सम्बन्धमा**

अध्ययनले संघीय मन्त्रालयका कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाई महिलाको अधिकारमा आधारित बनाउने, मुलुकको विकास प्रणालीलाई लैङ्गिक समानताका दृष्टिले सबल र उपयुक्त तुल्याउन रणनीतिक, संस्थागत, पद्धतिगत तथा संस्कारगत तहमा सुधारका उपायहरू अवलम्बन गर्ने सन्दर्भमा राष्ट्रिय महिला आयोगको भूमिकालाई देहायबमोजिम थप सक्रिय र सुदृढ बनाउन सुझाव पेश गरेको छ-

क. महिला अधिकार, लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणका विषयमा आयोगको नीतिगत नियमनात्मक क्षमता सुदृढ गर्नका लागि आयोगभित्र विषयगत विज्ञहरूको नीतिगत समूह निर्माण गर्ने र मुद्दामा आधारित रही परिचालन गर्ने ।

ख. महिला अधिकार, लैङ्गिक मूलप्रवाहीकरण र महिला सशक्तीकरणसँग सम्बन्धित विषयमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूका साथै प्रदेश तथा स्थानीय तहका सरकारहरूले नीति तर्जुमा गर्दा, कानून निर्माण तथा सुधार गर्दा आयोगको परामर्श तथा सुझाव लिनुपर्ने संवैधानिक व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउने ।

ग. नेपालको सार्वजनिक क्षेत्रलाई लैङ्गिक मूलप्रवाहीकरणका दृष्टिले समतामूलक र समावेशी तुल्याउन कार्यान्वयनमा ल्याइएका आरक्षण र सकारात्मक कार्यका नीति, कानून र कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी महिलावर्गको समावेशिता, उपयुक्तता, उपलब्धि, प्रभाव र नतिजाका आधारमा उद्देश्यपरक भए नभएको सन्दर्भमा आयोगका तर्फबाट स्वतन्त्र रूपमा नीतिगत मूल्याङ्कन गरी आगामी दिनमा गर्नुपर्ने नीतिगत, कानूनी तथा पद्धतिगत सुधारका विषयमा नेपाल सरकारलाई सुझाव र सिफारिस गर्ने ।

घ. आयोगलाई उच्च कार्यसम्पादन भएको नतिजामा आधारित सक्षम निकायका रूपमा स्थापित गर्ने तथा संरचनागत सुदृढीकरण र विस्तार गर्ने आयोगको दीर्घकालीन रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

ङ. राष्ट्रिय महिला आयोगमा साधन सम्पन्न र सुदृढ सूचना तथा प्रलेख स्रोत केन्द्र (Information and Documentation Center) को स्थापना गरी महिला हक अधिकार र लैङ्गिक सरोकारसम्बन्धी विषयका राष्ट्रिय अन्तर्राष्ट्रिय दस्ताबेज तथा अध्ययन, अनुसन्धान गरिएका प्रकाशनहरूको अभिलेख राख्ने व्यवस्था मिलाउने ।

च. आयोगको विस्तारित कार्यजिम्मेवारीलाई कुशलता साथ निर्वहन गर्ने तथा अन्तर-तहगत समन्वय र सामञ्जस्य कायम गर्नका लागि सातवटै प्रदेशमा अधिकार र साधनस्रोत सम्पन्न प्रादेशिक संरचना/कार्यालय निर्माण गरी क्रियाशील तुल्याउने ।

छ. आयोगलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी तुल्याउन मित्र राष्ट्र लगायत सार्क क्षेत्रभित्रका तथा विश्वका विभिन्न मुलुकमा रहेका महिला अधिकारसम्बन्धी आयोगहरूसँग समन्वय, सहकार्य र सञ्जालीकरण गर्नसक्ने गरी संरचनागत र प्रणालीगत क्षमता विकास गर्ने ।

ज. आयोगलाई महिला अधिकार र लैङ्गिक समानताको विषयमा अध्ययन, अनुसन्धान गरी नेपाल सरकार र विभिन्न निकायलाई वस्तुनिष्ठ सुझाव एवं परामर्श दिने र सिफारिस गर्ने जिम्मेवारी सक्षमतापूर्वक निर्वाह गर्नका लागि आयोगको अनुसन्धान र विकास क्षमता अभिवृद्धि गर्ने ।

झ. महिला अधिकार र लैङ्गिक समानताका कार्यक्रमका विषयवस्तु र बजेटलाई महिला अधिकारसम्बन्धी मापदण्ड र स्तरमा आधारित तुल्याउन बजेटका मापदण्ड निर्धारण र लागत ढाँचा (Costing Framework) बनाई कार्यान्वयनमा ल्याउने ।

ञ. महिला अधिकारसम्बन्धी महासन्धि, अभिसन्धि तथा घोषणापत्रको कार्यान्वयन, उपलब्धि तथा चुनौती एवं आगामी कार्यदिशाका सम्बन्धमा आयोगले लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्नसक्ने गरी आयोगमा सरकार, नागरिक समाज तथा विज्ञ सम्मिलित संरचना बनाउने ।

ट. स्थानीय तहका न्यायिक समिति, प्रदेश तहका सामाजिक विकास मन्त्रालय एवं संघीय मन्त्रालयहरूबाट भएका महिला अधिकार, लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणका कार्य तथा उपलब्धिका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा आयोगका तर्फबाट उचित प्रतिनिधित्व सहित प्रतिवेदन प्रस्तुत गर्ने पद्धतिलाई क्रियाशील बनाउन आयोगले नेपाल सरकारसँग सहकार्य गर्ने ।

ठ. सार्वजनिक क्षेत्रका नीतिगत तहमा महिलाको प्रतिनिधित्व बढाउन तथा न्यायमा महिलाको पहुँच बढाउन आयोगले पैरवी, समन्वय र सहजीकरण गर्ने ।

ड. सरकारले महिला वर्गलाई उपलब्ध गराउँदै आएका प्रोत्साहन, सहयोग, सुविधा तथा सहुलियतका बारेमा सूचना, शिक्षा तथा सञ्चारको माध्यमबाट आम नेपाली महिलालाई सुसूचित गराउने ।

ढ. महिलामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, परम्परागत हानिकारक प्रथा प्रचलनको रोकथाम तथा नियन्त्रणमा प्रभावकारिता ल्याउन आयोगले प्रदेश तथा स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा सचेतनामूलक साझा अभियान कार्यक्रम सञ्चालन गर्ने ।

ण. सार्वजनिक तथा निजी क्षेत्रका सबै प्रतिष्ठानहरूमा महिलाको हक अधिकारको संरक्षण तथा कार्यस्थलमा हुने सबै प्रकारका यौन दुर्व्यवहार र शोषणको अन्त्यका लागि आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउन आयोगले नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने ।

त. लैङ्गिक सम्पर्क बिन्दुको संस्थागत स्पष्टता (Institutional Visibility) र क्षमता अभिवृद्धि गर्न आयोगले सक्रियतासाथ समन्वयकारी भूमिका निर्वाह गर्ने ।

थ. नेपालको असल अभ्यासका रूपमा कार्यान्वयनमा रहेको लैङ्गिक उत्तरदायी बजेटलाई महिला अधिकार र लैङ्गिक समानताको क्षेत्रमा उपलब्धि र नतिजा हासिल गर्नसक्ने गरी कार्यविधिगत सुधार र कार्यान्वयन क्षमता सुदृढ तुल्याउन अर्थ मन्त्रालयसँग सहकार्य गर्ने ।

द. आयोग आफैँले योजना र कार्यक्रम बनाई नेपाल सरकारका विभिन्न क्षेत्रगत मन्त्रालयहरूबाट सञ्चालित कार्यक्रमहरूको लैङ्गिक लेखाजोखा, विश्लेषण र लैङ्गिक बजेट परीक्षणको कार्य गर्ने ।

ध. महिला अधिकार र लैङ्गिक समानताको विषयलाई नीति, कार्यक्रम र बजेट व्यवस्थाका साथै संस्थागत विकासका लागि स्थानीय तहमा रूपान्तर तथा एकाकार गर्ने आयोगले स्थानीयकरणको रणनीति बनाई कार्यान्वयनमा ल्याउनमा सहजीकरण गर्ने ।

### ६.१.३ रोजगारीको अवसरमा महिलाको पहुँच तथा महिला-मैत्री वातावरण विषयक अध्ययन:

**अध्ययनको उद्देश्य:**

क) राष्ट्रिय अर्थतन्त्रका प्रमुख क्षेत्रअनुसार उत्पादनशील रोजगारीमा महिला सहभागिताको अवस्था विश्लेषण गर्ने,

ख) उत्पादनशील रोजगारीका अवसरमा कामको स्तर, कामका लागि निर्धारित योग्यता, पारिश्रमिक वा त्यस्तै अन्य आधारमा लैङ्गिक विभेद रहे, नरहेको हेरी विभेद रहेको भए तत्सम्बन्धी वस्तुगत तथ्य प्रस्तुत गर्ने,

ग) औपचारिक तथा अनौपचारिक क्षेत्रमा महिला-मैत्री वातावरणको अवस्था विश्लेषण गरी कार्यस्थलमा महिलाहरूले भोग्नुपर्ने समस्याका साथै तिनका असरहरू पहिल्याई समाधानका उपायहरू पहिचान गर्ने,

घ) लैङ्गिक-मैत्री कामका राष्ट्रिय मानदण्डहरू प्रस्ताव गर्ने ।

**अध्ययनको निष्कर्ष:**

सुदूरपश्चिम प्रदेश, बागमती प्रदेश र प्रदेश नं. २ का क्रमशः कञ्चनपुर, काठमाडौं र पर्सा जिल्लाहरूमा गैर-सरकारी क्षेत्रमा कार्यरत महिलाहरूलाई केन्द्रित गरी राष्ट्रिय अर्थतन्त्रका उत्पादनशील रोजगारीका तीन प्रमुख क्षेत्रहरू ‘खेतीपाती, उद्योगधन्दा र सेवा क्षेत्र’ मा कार्यरत रोजगार महिलाहरूलाई आधार बनाई गरिएको प्रस्तुत अध्ययन-अनुसन्धानका मुख्य निष्कर्षहरू देहाय बमोजिम रहेका छ :-

**क. रोजगारीमा महिलाको अवसरः**

अध्ययनको लागि छनौट गरिएका उत्तरदाता महिलामध्ये ६७ प्रतिशतले महिलाका लागि रोजगारीको अवसर छ भन्ने धारणा राखेका छन् भने ३९ प्रतिशतले रोजगारदाताले महिलाहरूलाई प्राथमिकता नदिने, ३६ प्रतिशतले समाजले समस्या सृजना गर्ने र १७ प्रतिशतले परिवारले सहयोग नगर्नाले रोजगारीमा महिलाको सहभागिता कम भएको भन्ने धारणा व्यक्त गरेका छन् । महिलाहरूलाई उत्पादनशील क्षेत्रमा संलग्न हुनका लागि कत्तिको अनुकूल वातावरण छ भन्ने प्रश्नमा अनुकूलताको कुल औसतमान ५७ प्रतिशत आएको छ, जसले रोजगारीको अवस्था पूरै महिला अनुकूल तुल्याउन अझै थप कार्य गर्नुपर्ने देखिन्छ ।

**ख. कामका अवसरमा पहुँचः**

रोजगारीका लागि आवेदन दिँदा ६४ प्रतिशत रोजगार महिलाले रोजगारीका लागि राखिएका मानदण्ड अथवा सर्तले रोजगारी पाउन गाह्रो हुने गरेको  कुरा बताएका छन् । त्यस्ता मानदण्ड वा सर्तहरूमा सबभन्दा बढी विवाहित हुनाको स्थिति विशेषको प्रतिबन्ध ३९ प्रतिशत र त्यसपछि क्रमशः उमेरको हदबन्दी र पुरूषलेमात्र आवेदन दिन पाउने प्रावधान रहेका छन् । अझै पनि ६७ प्रतिशत महिलाहरूले जागिर खोज्नकालागि महिला साथी, परिवार तथा परिचितहरूको भर पर्नुपरेको र २७ प्रतिशतले इन्टरनेटको प्रयोग गर्ने गरेको पाइयो । जागिर खोज्नका लागि प्रयोग हुने विभिन्न माध्यममा आफ्नो पहुँच नहुँदा ४० प्रतिशतले परिवारका पुरूष सदस्यले सहयोग गर्ने बताएका छन् भने २७ प्रतिशतले साथी तथा परिचितहरू र १३ प्रतिशतले परिवारका महिला सदस्यले सहयोग गर्ने कुरा बताएका छन् । जम्मा १७ प्रतिशत महिलाहरूलाई भने घरपरिवारले नै जागिर खान बाधा-व्यवधान खडा गरेको पाइन्छ । ५१ प्रतिशतले महिलाले जागिरको अन्तरवार्तामा भाग नलिएको उल्लेख गरेका छन् । हाल काम गरिरहेको ठाउँमा ६८ प्रतिशतले साथी, नाता गोता र परिचितहरूको माध्यमबाट र ३१ प्रतिशतले दक्षताको आधारमा काम पाएको उल्लेख गरेका छन् । अन्तरवार्तामा असफल हुनुको कारणमा सबभन्दा बढी उत्तरदाताले सीपको अभावको कारणले असफल भएको बताएका छन् ।

**ग. पारिश्रमिकः**

अध्ययनको लागि छनौट गरिएका उत्तरदाता महिलामध्ये ४० प्रतिशतले मात्र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाएको बताएका छन् । त्यसैगरी ५४ प्रतिशत उत्तरदाताले पाएको पारिश्रमिक जीवन निर्वाहका लागि पर्याप्त नभएको उल्लेख गरेका छन् भने ६४ प्रतिशतले कुनै पनि थप सेवा, सुविधा प्राप्त नगरेको खुलासा गरेका छन् । ८१ प्रतिशतले पुरूष सरह समान पारिश्रमिक नपाएको जनाएका छन् । ४८ प्रतिशत महिलालाई अतिरिक्त समय काम गराउँदा समयको सही गणना नगरिएको पाइएको छ । काम अनुसारको पारिश्रमिक सम्बन्धी प्रश्नमा कुल औसतमा ६७ प्रतिशत आएको छ, जसले उल्लेखनीय संख्यामा उत्तरदाता महिलालाई पाइरहेको पारिश्रमिकमा चित्त नबुझेको दर्साउँदछ ।

**घ. वृत्ति विकासः**

उत्तरदातामध्ये ४० प्रतिशतले महिलालाई पुरूष सरह वृत्ति विकासको अवसर नभएको जनाएका छन् । रोजगारदातामा महिलालाई महत्वपूर्ण जिम्मेवारी दिने तत्परता सम्बन्धी प्रश्नमा अन्यन्त न्यून (१८ प्रतिशत) औसतमान आएको छ । त्यस्तै, महिलालाई रोजगारदाताले नियमित काम बाहेक पनि थप जिम्मेवारी दिने, नदिने प्रश्नमा १६ प्रतिशत औसतमान देखिन्छ ।

क्षमता अभिवृद्धि तर्फ ३३ प्रतिशत महिलाहरूले रोजगारदाताले अवसरहरू प्रदान नगरेको बताएका छन भने ६८ प्रतिशतले रोजगारदाताले तत्सम्बन्धी कार्यक्रममा समावेश नगरेको उल्लेख गरेका छन् । उत्तरदाता महिलामध्ये ५२ प्रतिशतले क्षमता विकासका कार्यक्रममा भागलिन चाहेता पनि रोजगारदाताले अवसर नदिने गरेको जनाएका छन् । काममा निरन्तरताको हकमा अधिकांश रोजगार महिलाहरूलाई कहिल्यै पदमुक्त नगरिएको पाइयो । पदमुक्त गराइएका महिलामध्ये ८० प्रतिशतलाई पदमुक्त गर्नु अघि कुनै चेतावनी नदिइएको र ४० प्रतिशतलाई पदमुक्त गर्नाको कारण नखुलाइएको देखियो । पदमुक्त गर्दा खुलाइएका मुख्य कारणहरूमा तलबको उच्च अपेक्षा राखेको र महिला भएकाले पुरूषसरह काम गर्न नसक्ने आदि छन् ।

ङ. **कार्यस्थलीय वातावरण:**

महिला-मैत्री कार्यस्थलीय वातावरण, कार्यस्थलमा गरिने व्यवहार तथा समस्याहरूको सम्बन्धमा ९४ प्रतिशत महिलाले रोजगारदाताले कहिल्यै नराम्रो वा प्रचलित कानूनको विरूद्ध व्यवहार नगरेको बताएका छन् । पैंतीस प्रतिशत महिलाले व्यक्तिगत काम विशेषले बिदा लिनु पर्दा कार्यालयमा नकारात्मक रूपमा हेरिने गुनासो गरेका छन् । बालबच्चा र परिवारका सदस्यको स्याहार-सुसारमा बढी खट्नु पर्ने हुँदा महिलाहरूले पुरूषहरूले भन्दा बढी बिदा लिनुपर्ने कारण बताएका छन् ।

कार्यस्थलमा हुने शोषणसम्बन्धी प्रश्नमा ६ प्रतिशत महिलाले कार्यस्थलमा शोषण भएको खुलासा गरेका छन् भने १६ प्रतिशतले कार्यस्थलमा शरीर तथा सौन्दर्यबारे अनावश्यक टिप्पणी हुने गरेको बताएका छन् । ६ प्रतिशत महिलाले कार्यस्थलका पुरूषहरूले अश्लील हाउभाउ वा इसारा गर्ने तथा सन्देश पठाउने गरेको जनाएका छन् । त्यस्तो प्रकारको व्यवहारको सामना सम्बन्धी प्रश्नमा ४८ प्रतिशतले 'आफैँ सामना गर्छु' भन्ने जवाफ दिएकाले उल्लेखनीय अनुपातमा रोजगार महिलाहरू दुर्व्यवहार विरूद्ध लड्न सक्ने देखिएको छ ।

**संस्थागत संवेदनशीलता:**

नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक भन्दा कम वा सो हाराहारीमा पारिश्रमिक दिने अधिकांश रोजगारदाताको कार्यस्थलमा बेग्लै शौचालय, स्तनपान कक्ष जस्ता आधारभूत महिला-मैत्री कार्यस्थलीय संरचना नभएको पाइयो ।

रोजगार महिलाहरूमा ६९ प्रतिशतले रोजगारदातासँग लैङ्गिक संवेदनशीलता सम्बन्धी आवश्यक नीति, नियमहरू नभएको र ७१ प्रतिशतले रोजगारदाताले लैङ्गिक संवेदनशीलता सम्बन्धी मुद्दालाई गम्भीरता पूर्वक लिने नगरेको बताएका छन् । कतिपय रोजगारदाताले महिलाहरू बालबच्चाको काममा बढी जिम्मेवार हुनाले बिदा बढी लिने गरेको र पुरूष सरह बल-बुद्धिको काम गर्न नसक्ने भन्ने धारणा राखेका छन् । वरिपरिका छरछिमेकीले रोजगार महिलाको ईर्ष्या गरी घरपरिवारमा नकारात्मक रूपमा कपोलकल्पित कुरा लगाइदिने गरेको कुरा पनि अध्ययनको क्रममा उजागर भएको छ ।

**सिफारिसहरू:**

- रोजगारीको अवसरमा महिलाको पहुँच तथा महिला-मैत्री वातावरणका लागि सबभन्दा पहिला सरोकारवाला निकायको सहभागितामा लैङ्गिक-मैत्री रोजगारी सम्बन्धी राष्ट्रिय मानदण्डहरूको तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ ।

- महिला सशक्तीकरणको मुख्य कसी रोजगारीमा महिलाहरूको पहुँच र महिला-मैत्री वातावरणको निर्माण हो ।
- नेपालमा प्रायःमहिलाहरू गैरनाफामूलक कार्यहरूका साथै प्रत्यक्ष आयआर्जन नहुने कार्यहरूमा संलग्न भएको पाइन्छ । पुरूषहरूको अनुपातमा महिलाहरूको रोजगारीमा संलग्नता न्यून रहेको छ । पूर्ण एवं उत्पादनशील रोजगारी र मर्यादित कामका अवसरमा महिलाको सुगम पहुँच हुनु आवश्यक छ ।
- रोजगारीमा महिलाको सहभागिता कम गराउन जिम्मेवार परिवार, समाज र रोजगारदातामा कायम रहेको लैङ्गिक भूमिका विशेषको मानसिकता परिवर्तन गर्ने सचेतनामूलक कार्यक्रमलाई विस्तार गर्नु जरूरी छ ।
- पुरूषको तुलनामा महिला र खासगरी विवाहिता महिलालाई रोजगारीमा लिन नचाहने प्रवृत्ति रोजगार दाताहरूमा देखिएको हुँदा विभिन्न रोजगारीका अवसरहरूमा भर्ना सम्बन्धी सूचना एवं प्रक्रियाको नमुना छनौटका आधारमा सम्बन्धित निकायले अनुगमन गरी कारबाही गर्ने परिपाटी बसाल्न आवश्यक छ ।
- महिला रोजगारी सूचना केन्द्र स्थापना गरी उपलब्ध अवसरहरूको सूचना सहज गराउन तथा सूचना प्रविधि लगायतका माध्यमलाई महिलाको पहुँचमा पुऱ्याउन यथोचित व्यवस्था मिलाउन जरूरी देखिन्छ ।
- अन्तरवार्तामा असफल हुनुको कारणमा सबभन्दा बढी उत्तरदाताले सीपको अभाव जनाएका हुनाले सम्बन्धित निकाय मार्फत महिलासीप तथा दक्षता विकासका कार्यक्रमहरूलाई अघि बढाउन स्थानीय तहदेखि नै प्रयास हुनुपर्ने देखिन्छ ।
- समान कामका लागि पुरूष सरह पारिश्रमिक, अतिरिक्त समय कार्यको सही गणना, कार्यस्थलमा यौनजन्य दुर्व्यवहार नियन्त्रण आदि विषयमा अङ्गीकार गरिएका कानूनी/नीतिगत व्यवस्थाहरूको पालनाका लागि तत्सम्बन्धी सचेतनामूलक कार्यक्रमका साथै नियमित अनुगमन तथा कारबाहीका लागि तीनै तहका सरकारबाट समन्वयात्मक रूपमा पहल हुन आवश्यक छ ।
- नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको सुविधा कार्यान्वयनलाई सुनिश्चित गर्ने तथा यस सम्बन्धी अनुगमन कार्यको सुविधा समेतका लागि रोजगारदाताले कर्मचारी तथा कामदारलाई बैंक मार्फत पारिश्रमिक भुक्तानी दिनुपर्ने व्यवस्था अनिवार्य रूपमा लागू गराउन आवश्यक देखिन्छ ।
- कर्मचारी तथा कामदारलाई पदमुक्त गर्नका लागि निश्चित आधार र प्रक्रिया तोक्नुका साथै समान अवस्थामा महिलालाई प्राथमिकता दिएर पदमा कायम राख्नुपर्ने व्यवस्था मिलाउन जरूरी छ ।
- ठूला रोजगारदाताले नियमित रूपमा रोजगारीमा महिला प्रतिनिधित्वको लेखाजोखा गरी महिला सहभागिता बढाउन आवश्यक सकारात्मक कार्यहरू अवलम्बन गर्दै जानु पर्ने आवश्यकता छ ।
- सार्वजनिक निकायले निश्चित रकम भन्दा बढीको खरिद गर्दा त्यस्तो खरिद अन्तर्गत सृजना हुने आवधिक रोजगारीमा निर्धारित न्यूनतम अनुपातका साथै खरिदको प्रकृति, कार्यस्थल, समयको सीमा, महिला जनशक्तिको उपलब्धता आदिको विचार गरी उपयुक्तताका आधारमा न्यूनतम महिला प्रतिनिधित्व अनुपात कायम गर्नुपर्ने सर्त राख्ने व्यवस्था अवलम्बन गर्ने जरूरी छ ।
- नेपाल सरकार वा नेपाल सरकारका निकायको लगानी वा सहभागितामा आयोजना सञ्चालन गर्दा त्यस्तो आयोजनाबाट सृजना हुने स्व-रोजगारीको अवसर, क्षेत्रगत रूपमा निर्धारित महिला प्रतिनिधित्व अनुरूप हुनेगरी महिला व्यवसायीका लागि छुट्ट्याउनु पर्ने व्यवस्था गर्ने आवश्यक छ ।
- रोजगारदाताले सम्भावित महिला उम्मेदवारलाई रोजगारीको अवसरमा छेकबार लगाउने मनसायले

कर्मचारी वा कामदारले बहन गर्नुपर्ने पदीय जिम्मेवारी वा सम्पादन गर्नुपर्ने कामको कार्य विवरण वा त्यस्तै अन्य मनासिब आधारसँग तादात्म्य नरहने गरी कुनै काम वा पदका लागि आवश्यकता भन्दा बढी शैक्षिक, प्रशिक्षण वा अनुभव विशेषको योग्यता निर्धारण नगरी न्यूनतम आवश्यक र सुहाउँदो अनुभव र योग्यता मात्र राख्न पाइने व्यवस्था मिलाउने ।

- सहयोगी पारिवारिक कामदार (Contributing Family Worker) को रूपमा पत्नी कार्यरत रहेकोमा त्यस्तो व्यवसायको हकमा बिक्री, स्थानान्तरण वा भाडा, ऋण वा साझेदारी सम्झौता जस्ता दीर्घकालीन असर पर्ने निर्णय गर्दा पत्नीको समेत मञ्जुरी लिनुपर्ने कानूनी व्यवस्था गर्ने आवश्यक देखिन्छ ।
- महिलालाई घरेलु कामदारको रूपमा राख्दा अनिवार्य रूपमा सम्झौता गर्नुपर्ने व्यवस्था लागू गर्ने, गराउन जरूरी देखिन्छ ।
- अनौपचारिक क्षेत्रको औपचारिकीकरणका सिलसिलामा राज्यका तर्फबाट जमिन, पूँजी आदि हस्तान्तरण गर्दा सम्भव भएसम्म परिवारका महिला सदस्यको नाममा स्वामित्व वा भोगाधिकार कायम गरिदिने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।
- सामाजिक सुरक्षा बिना महिलालाई घरेलु काम वा रोजगारीमा सहभागी गराउन नहुने नीति लिनु आवश्यक छ । अनौपचारिक क्षेत्रमा कार्यरत महिलाका हकमा सामाजिक सुरक्षा एवं शिशु स्याहार जस्ता लैङ्गिक सरोकारहरूको सम्बोधनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको तर्फबाट लगानी गर्ने नीति लिन आवश्यक देखिन्छ ।
- महिला कर्मचारी तथा कामदारहरूको पृथक् दृष्टि, संरक्षणकारी मूल्य, दीर्घकालीन व्यवस्थापनको फलस्वरूप पुरूष कर्मचारी तथा कामदारहरूको योगदानमा परिपूरकता सिर्जना भई सङ्गठनमा नवप्रवर्तन, उत्पादकत्व वृद्धि एवं जोखिम न्यूनीकरण गर्ने प्रत्यक्ष सहयोग पुग्ने तथ्य समसामयिक अनुसन्धानबाट स्थापित भइसकेको सन्दर्भमा महिला रोजगारीलाई अभिवृद्धि गर्ने सम्बन्धमा रोजगार दाताहरूलाई जानकारी गराउने, महिला-मैत्री कार्य वातावरण निर्माण गर्ने तथा स्वस्फूर्तरूपमा लैङ्गिक संवेदनशीलता एवं सकारात्मक कार्यलाई प्रोत्साहित गर्ने सम्बन्धित उद्योग वाणिज्य महासंघ, महिला उद्यमी महासंघ लगायतका सरोकारवालाहरूसँग सहकार्य गर्ने आवश्यक देखिन्छ ।

### ६.१.४ मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ कार्यान्वयन पश्चात् महिला अधिकार को प्रचलनमा आएको परिवर्तन सम्बन्धी अध्ययन :

**अध्ययनको उद्देश्य:**

- नेपालको संविधानको मर्म अनुसार प्रचलित कानूनको संशोधन र एकीकरण पश्चात् कार्यान्वयनमा रहेको मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ ले महिलाका हक र अधिकार स्थापनाका लागि गरेका व्यवस्था र आएको परिवर्तन सम्बन्धी अध्ययन गर्ने ।
- महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धमा गरिएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन गर्ने र महिलाहरूको सम्मानजनक जीवनयापन गर्ने सन्दर्भमा मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ मा भएका प्रावधान सम्बन्धी अध्ययन गर्ने ।
- दिगो विकास अन्तर्गतको लक्ष्य नं. ५ लैगिक "समानता हासिल गर्ने तथा सबै महिलाको सशक्तीकरण गर्ने" सन्दर्भमा सबै प्रकारका हिसा, विभेद र अन्याय विरूद्ध न्यायमा पहुँच

सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ तथा अपराध संहिता, २०७४ ले गरेको र गर्नसक्ने व्यवस्था सम्बन्धी अध्ययन गर्ने ।

**निष्कर्ष:**

**क. पैतृक सम्पत्तिमा महिला र पुरुषलाई समान हक हुने गरी कानूनको निर्माण:**

बहुदलीय प्रजातन्त्रको पुनः स्थापना पश्चात् २०४७ को संविधानपछि नै छोरा र छोरीबीच पैतृक सम्पत्तिमा भएको भेदभावपूर्ण व्यवस्थालाई सम्मानित सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट निवेदन मार्फत चुनौती दिइएको थियो । तत्पश्चात् छोरा र छोरीलाई समान पैतृक सम्पत्तिको हक दिलाउन पटक-पटक मुलुकी ऐनमा संशोधन गरी समानता कायम गर्ने प्रयास भयो । २०७२ साल असोज १४ गते लैङ्गिक समानता कायम गर्ने तथा लैङ्गिक हिंसा अन्त्य गर्ने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी भई पैतृक सम्पत्तिमा छोरीलाई वैवाहिक स्थितिको आधारमा भएको भेदभावलाई खारेज गरी समानतामा आधारित कानून बनाउने काम भयो । मुलुकी ऐनमा भएको समान कानूनी व्यवस्थालाई मुलुकी देवानी संहिता, २०७४ ले निरन्तरता दियो । यसरी मुलुकी देवानी संहिता, २०७४ जारी भएपछि महिलाको सम्पत्तिमाथि अधिकार सुनिश्चित गर्ने सकारात्मक अवस्था सिर्जना भएको अध्ययनबाट देखिन्छ ।

महिलाको पैतृक सम्पत्तिमा समान अधिकार सुनिश्चितताका लागि कानून निर्माणको सन्दर्भमा भेदभावपूर्ण कानूनहरूको खारेजी र विवाहपूर्व प्राप्त गरेको अपुताली सम्पत्ति विवाहपछि फिर्ता गर्नु नपर्नेजस्ता विषयमा सम्मानित सर्वोच्च अदालतबाट प्रशस्त आदेशहरू जारी भएको अध्ययनबाट देखिन आएको छ ।

**ख. भेदभावपूर्ण कानूनको निरन्तरता:**

नेपालको संविधान तथा मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ को अध्ययन र जानकार सूचना दाताहरूसितको अन्तर्वार्ताबाट प्राप्त सूचना अनुसार नेपालको संविधानको भाग २ धारा ११ को उपधारा (५) (६) र (७) मा भएका व्यवस्था महिला समानता प्रतिकूल तथा भेदभावपूर्ण रहेको देखिन्छ ।

त्यस्तैगरी मुलुकी देवानी संहिता, २०७४ को दफा ९९(६) को व्यवस्था महिला विरूद्ध प्रत्यक्ष भेदभावपूर्ण रहेको देखिन्छ । त्यस्तैगरी मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ मा व्यवस्था भएको "यौन दुर्व्यवहार सम्बन्धी व्यवस्था" मा पनि केही शब्दहरू भेदभावपूर्ण रहेको देखिन्छ । उल्लिखित संवैधानिक र कानूनी व्यवस्था केही उदाहरण मात्र हुन् ।

मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ ले विस्थापित गरेको मुलुकी ऐनमा व्यवस्था गरिसकिएको समान कानूनलाई पनि माथि उल्लिखित संहिताले कटौती गरी महिलाले साबिकदेखि उपभोग गरी आएको अधिकारमा कटौती गरिएको देखिन्छ ।

त्यस्तैगरी दफा २१९ को करणीसम्बन्धी कसूरको उपदफा (४), (६) र (७) मा न्यून सजायको व्यवस्था नगरी अधिकतम सजायको मात्र व्यवस्था गरी सजायको पछाडि पट्टि "सम्म" जोडी कति सजाय गर्ने र कति छुट दिने स्वविवेकीय अधिकार निर्णयकर्तालाई छोडिदिएर विभेद गरेको पाइन्छ ।

**ग.	लैङ्गिक-मैत्री/महिला-मैत्री हुने गरी निर्माण भएका कानूनको कार्यान्वयनको स्थिति:**

पैतृक सम्पत्तिमा छोरा र छोरीको समान अधिकारसम्बन्धी विषयमा जानकार सूचनादाताहरूमध्ये ९० प्रतिशतको भनाइ अनुसार तथा उक्त कानूनी अधिकारको कार्यान्वयनको खोजीमा रहेका छोरीहरूको धारणाअनुसार पहिलेको तुलनामा कागजी रूपमा सम्पत्ति सम्बन्धमा महिलाले धेरै अधिकार प्राप्त गरेका छन् । तर कानूनमा व्यवस्था भएका प्रावधानहरूको कार्यान्वयनको अवस्था भने अत्यन्तै नाजुक रहेको छ । छोरी जन्मी सकेपछि पनि समाजमा उनको स्वतन्त्र अस्तित्व स्वीकार नगरेको अवस्था छ । अधिकांश महिलाहरूले लैङ्गिक-मैत्री कानूनमा रहेका अधिकार प्राप्त गर्न महिलाले अति नै धेरै संघर्ष गर्नुपर्छ भन्ने कुरा व्यक्त गरेको पाइन्छ ।

कानूनमा अंशमाथि महिलाको पनि पुरूष सरह समान अधिकार भए पनि कार्यान्वयनको पाटो भने चुनौतीपूर्ण र संघर्षपूर्ण रहेको पाइन्छ । छोरीले सम्पत्ति खोजे भने सम्बन्ध रहँदैन र सम्बन्ध जोगाउन खोजे भने सम्पत्ति पाइँदैन भन्ने धारणा धेरैले व्यक्त गरेको पाइन्छ। कार्यान्वयन निकायमा रहेका जानकार सूचनादाताको भनाइअनुसार तथा विभिन्न स्थानका ६ वटा मालपोत कार्यालयको अवलोकन निरीक्षण पश्चात् अविवाहित छोरीलाई अंशीयार कायम गरेर अंशवण्डा दर्ता गर्न आउने अभ्यास शुरू भएको तर भरखरै विवाह भएका छोरी छन् भने पनि उनीहरूलाई अंश छोडपत्र गराउने प्रचलन रहेको पाइयो । कार्यान्वयन गर्ने निकायका व्यक्तिहरूलाई अंशीयार को को हुन् ? भन्ने स्पष्ट नभएकोले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस सम्बन्धमा स्पष्ट गरी सबै मालपोत कार्यालयमा परिपत्र गरिदिएमा कार्यान्वयनमा सहज हुने थियो भन्ने कुरा कार्यान्वयन निकायका कर्मचारीहरूबाट जानकारी पाइयो ।

**घ.	महिला विरुद्ध हुने हिंसा नियन्त्रण गर्ने सम्बन्धमा भएका कानूनी व्यवस्थाहरूबारे जनचेतना:**

जानकार सूचनादाताहरूले दिएको सूचनाको आधारमा बागमती प्रदेशको ४ वटा पुनःस्थापना केन्द्रहरूको अवलोकनपछि जबर्जस्ती करणीबाट पीडित महिला तथा बालिकाहरू, बाल विवाह पीडित, बहु विवाहबाट प्रभावित महिलाहरू कानूनी तथा अन्य सहायताका लागि पुनःस्थापना केन्द्रमा आउने गरेको देखिन्छ । तिनलाई सरल र सहज रूपमा न्यायमा पहुँच दिलाउन आवश्यक छ ।

अध्ययनको क्रममा नेपालमा दैनिक औसत ७ जना महिलाहरू बलात्कारको घटनामा पर्ने गरेको र कतिपय घटनामा यौन हिंसा पश्चात् महिलाको हत्या हुने गरिएको देखिएको छ । यौन हिंसा जस्तो अत्यन्तै घृणित अपराध (Heinous Crime) विरूद्ध सबै कानून कार्यान्वयन निकाय उत्तिकै संवेदनशील नभएको पाइन्छ ।

बालविवाह/बहुविवाहलाई सरकारवादी मुद्दाको रूपमा कानूनमा व्यवस्था भएको सन्दर्भमा तथा बाल विवाह र बहुविवाह स्वतः बदर हुन्छ भन्ने व्यवस्था हुँदा हुँदै पनि कानून कार्यान्वयनमा चुनौती रहेको पाइन्छ । महिला विरूद्ध गरिने यस्ता हिंसाका सम्बन्धमा व्यक्ति-व्यक्तिलाई चेतना जगाउनु पर्ने देखिन्छ ।

नेपालको संविधान र मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ मा व्यवस्था गरिएका कतिपय कानूनी व्यवस्थाहरू सकारात्मक (समानतातर्फ उन्मुख) पनि छन् । तर भेदभावपूर्ण कानूनहरू पनि सँगसँगै अस्तित्वमा रहेको हुनाले महिलाको स्तर वृद्धि, सारभूत समानता र सार्थक समुन्नतिको लागि महिला विरूद्धका सबै भेदभावपूर्ण कानूनहरू खारेज र संशोधन गरी सारभूत समानतासहितको सुनिश्चितता हुने गरी नयाँ कानून जारी गर्नु महिला समानताको सवालमा

राज्यको प्रथम दायित्व हो । भेदभावको अन्त्य र समानता लोकतन्त्रको अपरिहार्य शर्त हो । औपचारिक समानताको सिद्धान्तमा आधारित परम्परागत समानताको अवधारणाले विद्यमान भेदभावलाई पूर्ण रूपमा अन्त्य गर्न सकिँदैन । त्यसैले समानतामा आधारित भएर निर्माण भएका कानूनहरूको कार्यान्वयनका लागि छुट्टै रणनीति तयार गरी लागू गर्नु राज्यको अर्को दायित्व हुन आउँछ ।

**सुझावहरू:**

- नागरिकताको सम्बन्धमा महिला समानतालाई आधार मानेर नेपालको संविधानको धारा ११ को उपधारा (५), (६) र (७) मा भएको कानूनी व्यवस्था संशोधन हुनुपर्छ ।
- नेपालको संविधानको धारा ३८(५) मा व्यवस्था भएको महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि सम्बन्धित ऐनहरूमा संविधानको भावना अनुरूप यथासक्य चाँडो संशोधन गरी महिलाले विशेष अवसर उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्छ ।
- महिलालाई राज्यका सबै निकाय, तह (संयन्त्र) जस्तैः कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, संवैधानिक अङ्गहरू, विभिन्न आयोग र यी संयन्त्र अन्तर्गत विभिन्न सेवा तथा सुरक्षा निकायमा नेपालको संविधानको धारा ३८ (४) मा व्यवस्था भए अनुरूपको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता सुनिश्चित गरिनुपर्छ ।
- महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) लगायत नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजहरूमा गरिएको अविभेदको आधार अनुरूप नेपाली कानूनी व्यवस्थालाई परिमार्जन गर्नु पर्दछ ।
- मुलुकी अपराध संहिता, २०७४ र मुलुकी देवानी संहिता, २०७४ को दफा ९९(६) को कानूनी व्यवस्था संशोधन गरी महिलालाई पनि अंश उपभोग गर्न पाउने जस्तो नैसर्गिक अधिकारको विषयमा ग्यारेन्टी गरी महिला-मैत्री कानून बनाउनु पर्ने, त्यसैगरी उक्त संहिताकै दफा २१४ (२) को कानूनी व्यवस्था संशोधन गरी विधवाले अर्को विवाह गरे पनि आफ्नो अंश लिएर जान पाउने व्यवस्था हुनुपर्दछ ।
- महिलासँग सम्बन्धित मुलुकी देवानी संहितामा रहेका अंश अपुताली उपयोग गर्ने जस्ता कानूनी व्यवस्थाहरूको बारेमा सूचना प्रवाहगर्ने सम्बन्धमा व्यापकरूपमा जनचेतना विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- यौनजन्य दुर्व्यवहार विरूद्ध बनेका कानून सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुपर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्नुपर्ने साथै मौजुदा कानूनमा रहेका कमी कमजोरीलाई संशोधन गरी, लैङ्गिक-मैत्री बनाउनुपर्ने आवश्यकता देखिन्छ ।
- यौनजन्य हिंसामा पीडितलाई अग्रिम क्षतिपूर्ति दिने व्यवस्था सम्बन्धित परिच्छेदको दफामा नै व्यवस्था हुनुपर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २२४ "यौन दुर्व्यवहार गर्न नहुने" अन्तर्गतको उपदफा (२) मा रहेको "आफ्नो पति वा पत्नी बाहेक" भन्ने शब्दावली कानून नै संशोधन गरी हटाउनु पर्ने । दफा २२४ को उपदफा (३) मा व्यवस्था भएको सजाय तथा जरिवानाको पछाडि राखिएको "सम्म" शब्दलाई हटाउन कानून संशोधन गर्नुपर्ने देखिन्छ ।
- मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को बहुविवाह गर्न नहुने अन्तर्गत व्यवस्थित वैवाहिक बलात्कारको सजायमा रहेको "सम्म" भन्ने शब्द हटाउनु पर्ने देखिन्छ ।

- मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ को "बहुविवाह गर्न नहुने" शीर्षक अन्तर्गत उपदफा (४) मा बहुविवाहको सजायमा व्यवस्था गरिएको फराकिलो अन्तराल कम गर्ने कानून संशोधन गर्नुपर्ने देखिन्छ ।
- बालविवाहमा परेको उजुरी उपर कारवाही नगर्ने कार्यान्वयन निकायका अधिकारीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को सम्बन्धित दफामा उपयुक्त उपदफा थप गरी सजायको व्यवस्था हुनुपर्ने देखिन्छ।
- बाल-विवाह र बहुविवाहमा पीडकलाई जरिवानाको व्यवस्था रहेको तर पीडितलाई क्षतिपूर्तिको व्यवस्था नभएकोले कानून संशोधन गरी कानूनमा नै पीडितलाई क्षतिपूर्तिको व्यवस्था यथाशीघ्र समेट्नुपर्ने देखिन्छ ।
- विवाहसम्बन्धी कानूनी व्यवस्था मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ दुवैमा भएको हुनाले दुवै कानूनमा रहेको व्यवस्थालाई एउटै कानूनमा समायोजन गर्नुपर्ने देखिन्छ ।
- महिलाविरूद्धका हिंसा, बालविवाह र बहुविवाह सम्बन्धमा स्थानीय तहदेखि व्यक्ति व्यक्तिलाई जनचेतना जगाउन कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- महिला मानव हो, महिलाको मानव अधिकार हुन्छ र त्यसको सम्मान गर्नुपर्दछ भन्ने कुराको महसुस गर्ने वातावरण तयार गर्न सम्बन्धित निकायहरूबाट आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने र यस विषयमा सबै संघ-संस्था र राज्यका सवै निकायहरूबीच सहकार्य र हातेमालो हुनुपर्ने देखिन्छ ।
- महिलाको हक-अधिकारसम्बन्धी कानूनलाई सरलीकृत (सबैले बुझ्ने) भाषामा प्रकाशित गरी सम्पूर्ण महिला एवं किशोरीहरूलाई जानकारी गराउनको लागि वितरण गर्नुपर्ने देखिन्छ ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रत्येक कार्यालयहरूमा उजुरी पेटिका राखिनुपर्ने र उजुरीको निष्पक्ष सुनुवाइ हुनुपर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।
- महिलाले कानून अन्तर्गत दायर गरेको अंश र माना चामल मुद्दामा अन्तरिम सुविधाको व्यवस्था हुनुपर्ने, यस्ता मुद्दाहरूको छिटो-छरितो न्याय निरूपणको लागि निर्णय सुनाउने समय निर्धारित हुनुपर्ने देखिन्छ ।

### ६.२ जानकारीमूलक पुस्तिका तथा सूचना सामग्रीहरू प्रकाशनसम्बन्धी कार्यहरूः

(क) महिलासँग सरोकार राख्ने कानूनहरूको जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको ।

(ख) राष्ट्रिय महिला आयोगको ऐनको सँगालो (नेपाली र अंग्रेजी) प्रकाशन गरिएको ।

(ग) आयोगले सम्पादन गरेका गतिविधिहरूलाई समेटी वि.सं. २०७८ सालको वार्षिक क्यालेण्डर प्रकाशन गरिएको ।

(ध) महिला हक,अधिकार प्रवर्द्धन र घरेलु तथा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धमा जानकारीमूलक ब्रोसर, पम्प्लेट, लिफ्लेट, फ्याक्टसिट, डायरी आदिको प्रकाशन गरी वितरण गरिएको ।

(ङ) घरेलु हिंसा नियन्त्रणका लागि कार्यान्वयनमा रहेका कानूनी प्रावधानहरू सहितको जानकारीमूलक पोस्टर प्रकाशन गरी वितरण गरिएको ।

(च) महिला हक, अधिकार र लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी विद्यार्थी लक्षित जानकारीमूलक पुस्तिका प्रकाशन गरी वितरण गरिएको ।

(छ) हिंसाको जोखिममा रहेका महिलाहरूको लागि सुरक्षा योजनासम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन गरी वितरण गरिएको ।

# परिच्छेद-७
# आयोगले नेपाल सरकारका विभिन्न निकायलाई दिएको सुझाव तथा सिफारिस र कार्यान्वयनको विवरण

राष्ट्रिय महिला आयोगले लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट पहलकदमी लिनुपर्ने विषयमा सुझाव तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा लेखी पठाएको थियो । आयोगबाट सुझाव गरिएको विषय र त्यसको कार्यान्वयन स्थिति निम्नानुसार रहेको छ :

| क्र. सं | सम्बन्धित मन्त्रालय/निकाय | सुझाव गरिएको विषय | कार्यान्वयनको विवरण |
|---|---|---|---|
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • हिंसा पीडित महिला तथा बालबालिकाहरूलाई सुरक्षित अल्पकालीन आश्रयस्थल (Shelter) व्यवस्थापन गर्ने सातवटै प्रदेशको सदरमुकाममा १-१ वटा प्रदेशस्तरीय एकीकृत सेवा (सुरक्षा, मनोसामाजिक विमर्श सेवा, कानूनी उपचार सेवा, औषधी उपचार सेवा, रोजगारमूलक सीप/प्रशिक्षण) सहितको आश्रयस्थल/पुनःस्थापना गृहहरूको स्थापना गर्ने ।<br>• हरेक मन्त्रालय/विभाग/निकायमा अनिवार्य रूपमा लैङ्गिक शाखा/ लैङ्गिक सम्पर्क बिन्दुहरूको स्थापना गरी लैङ्गिक सरोकारका विषयहरूमा निरन्तर सक्रिय गराउने । | • प्रदेश नं. १ मोरङ विराटनगरमा अमेरिकी राजदूतावासको सहयोगमा निर्मित पुनःस्थापना गृह सञ्चालनमा रहेको ।<br>• प्रदेश नं. २ ले उक्त कार्यको लागि जग्गा व्यवस्थापन गर्ने प्रक्रिया अघि बढाएको । बागमती प्रदेशमा जग्गा प्राप्त भई सो जग्गा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढेको ।<br>• गण्डकी प्रदेश र लुम्बिनी प्रदेशले उक्त कार्यका लागि जग्गा प्राप्त गरी डि.पि.आर तयार गर्ने कार्य भइराखेको ।<br>• कर्णाली प्रदेशले जग्गा खोजी कार्यलाई तीव्र पारेको ।<br>• सुदूरपश्चिम प्रदेशले पुनःस्थापना केन्द्र स्थापनाको लागि जग्गाको व्यवस्था गरेको ।<br>• हरेक मन्त्रालयले लैङ्गिक सम्पर्क व्यक्तिहरू तोकी मन्त्रालयलाई जानकारी दिएको र लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता विकासका लागि अभिमुखीकरण गर्ने गरेको । साथै, विभिन्न विषयमा अन्तरक्रिया तथा छलफल गर्ने गरिएको । |

| | | | |
|---|---|---|---|
| | | • सबै मन्त्रालय/विभाग/निकायका सबै कर्मचारीहरूलाई वर्षमा एकपटक कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्बद्ध व्यक्तिहरूको लागि लैङ्गिक आचार संहिता बनाई कार्यान्वयन गर्ने ।<br>• लैङ्गिक तथा यौनिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>• महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद, सामाजिक कुरीति विरूद्ध शून्य सहनशीलताको नीतिलाई राज्यको सबै तह र निकायमा प्रभावकारी तवरमा लागू गर्ने ।<br>• मुलुकका विभिन्न ठाउँमा सञ्चालित बाल सुधार गृहको व्यवस्थापनलाई बालबालिकाहरूको हक, हित र संरक्षणलाई मध्यनजर राख्दै लैङ्गिक-मैत्री हुने गरी प्रभावकारी तवरमा सञ्चालन गर्ने र त्यस्ता सुधार गृहमा रहेका बालबालिकाहरूलाई शिक्षा र सीपमूलक तालिमको उचित व्यवस्था गर्ने ।<br>• लैङ्गिक लेखा परीक्षण पद्धतिलाई राज्यका सबै तहमा लागू गर्ने र विभिन्न निकायहरूको लैङ्गिक बजेटको अनुगमन र परीक्षण गरी सोको आवधिक प्रतिवेदन प्रकाशन गर्ने । | • लैङ्गिक सम्पर्क व्यक्तिहरूको लागि क्षेत्रगत कार्यशर्त बनाई लागू गरेको ।<br>• कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१ निर्माण भई कार्यान्वयनमा रहेको ।<br>• महिला,बालबालिका तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसार लगायतका सवालहरूमा राष्ट्रियस्तरको टेलिभिजनबाट पाक्षिक कार्यक्रम सञ्चालन गर्ने र कुरीति विरूद्धको सामाजिक चेतनामूलक कार्यक्रम उत्पादन तथा प्रसारण कार्यक्रमको लागि प्रक्रिया अगाडि बढेको ।<br>• उद्यमशीलता विकास प्रशिक्षण कार्यक्रम सञ्चालनमा रहेको ।<br>• सरोकारवाला निकायको समन्वयमा विपन्न महिलाहरूको लागि रोजगारीमूलक तालिम कार्यक्रम सञ्चालनमा रहेको ।<br>• सामाजिक कुरीति, हिंसा र मानव बेचबिखनविरूद्धको अभियान सञ्चालन कार्यक्रम चालू रहेको ।<br>• ७५३ वटा स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था र प्रदेश तथा स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिको व्यवस्था भएको ।<br>• प्रदेशस्तरमा सामाजिक कुरीति, हिंसा, मानव बेचबिखन विरूद्धको अभियान कार्यक्रम केही मात्रामा सञ्चालनमा रहेको ।<br>• बालसुधार गृहमा बालक र बालिकालाई लैङ्गिक-मैत्री छुट्टाछुट्टै भवनमा राख्ने गरिएको ।<br>• बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न बाल सुधार गृहहरूमा नै मा.वि. तहसम्म पढाउने व्यवस्था गरिएको ।<br>• नेपाल सरकारबाट बालसुधार गृहको व्यवस्थापन सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ भन्ने विषयमा अनुगमन गर्ने गरिएको । सुधारगृहमा रहेका बालबालिकाहरूलाई सीप विकास तालिम समेत दिने गरिएको । |

| | | | |
|---|---|---|---|
| २ | अर्थ मन्त्रालय | • लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्ने ।<br>• लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्ने ।<br>• हिंसा पीडित तथा अन्य सीमान्तीकृत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउने आयमूलक व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाउने । | • लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्ने मिति २०७७/१२/१७ मा प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ स्वीकृत भई कार्यान्वयन गर्ने प्रयोजनार्थ सम्बन्धित तहमा पठाइसकिएको ।<br>• बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेटका लागि तय भएका सूचक अनुसार बजेट वर्गीकरण गरिएको । |
| ३ | गृह मन्त्रालय | • महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा महिला प्रहरी प्रमुखको व्यवस्था गर्ने ।<br>• प्रहरीहरूलाई लैङ्गिक संवेदनशीलतासम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने ।<br>• महिला हिंसासम्बन्धी घटनाको अनुसन्धानलाई संवेदनशीलताका साथ द्रुतरूपमा अघि बढाउन नेपाल प्रहरीलाई निर्देशन दिने ।<br>• महिला हिंसाको कारण तथा प्राकृतिक एवं अन्य विपद् (जस्तै बाढी, पहिरो, आगलागी, कोभिड-१९ को संक्रमण आदि) को समयमा जोखिममा परेका महिलाहरू र विशेषतः बालबालिका, ज्येष्ठ नागरिक महिला तथा अपाङ्गता भएका महिलालाई प्राथमिकता दिई तत्काल उद्धार र सहयोग गर्ने ।<br>• सबै जिल्लामा महिला कैदीहरूको लागि महिला मैत्री हुने गरी बेग्लै महिला बन्दीगृह/सुधार गृह व्यवस्था गर्ने ।<br>• सन्तानलाई आमाको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था मिलाउने । | • ७ वटा जिल्ला प्रहरी कार्यालयहरूमा सिनियर प्रहरी महिला अधिकृत र २६ वटा जि.प्र.का.हरूमा जुनियर प्रहरी महिला अधिकृत प्रमुख रहेको ।<br>• आ.व. २०७७/०७८ मा महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तालिम ६०४ जनालाई, बालन्याय प्रणाली (कार्यविधि) अनुशिक्षण २०० जनालाई, Rape Case Investigation Course (सि.प्र.अ.जु.प्र.अ.) २४ जनालाई, Orientation on Psychological First Aid (PFA) & Stress Management ६२ जनालाई र "Gender Responsive Investigation and Communication Skills (GRICS)" प्रशिक्षक प्रशिक्षण (TOT) १८ जनालाई प्रदान गरिएको ।<br>• आ.व. २०७८/०७९ मा लैङ्गिक संवेदनशील अनुसन्धान तथा संचारका सीप सम्बन्धी Online तालिम म.बा.बा. तथा से.के. र अपराध अनुसन्धान शाखामा कार्यरत ६० जना प्रहरी कर्मचारीहरूलाई प्रदान गरिएको ।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरूद्धका हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा व्यापक जनचेतना जगाउन, समाजमा घटेका हिंसाका घटनाहरूलाई उजागर गरी प्रहरी तथा न्यायिक निकाय समक्ष उजुरी गर्नसक्ने वातावरण सृजना गर्ने उद्देश्यले लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन तथा कार्य सञ्चालन विधि, २०७५ बमोजिम जिल्लादेखि स्थानीय स्तरमा ६१२४ वटा लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल समिति गठन गरिएको । |

| | | | |
|---|---|---|---|
| | | • राज्यले प्रदान गर्ने नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचय पत्र लगायतका महत्वपूर्ण वैयक्तिक कागजातहरूमा आमाको नाम समेत अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था मिलाउने । | • लैङ्गिग सचेतनाका लागि "लैङ्गिक हिंसा नियन्त्रणमा प्रहरीको भूमिका" विषयक वृत्तचित्र निर्माण गरी नेपाल प्रहरीको "प्रहरी अनुरोध" कार्यक्रम मार्फत विभिन्न सञ्चार माध्यमहरूबाट प्रसारण गरिएको ।<br>• "यौनजन्य अपराध अनुसन्धान कार्य निर्देशन पुस्तिका" स्वीकृत भई मातहत सम्पूर्ण प्रहरी कार्यालयहरूमा जानकारीका लागि परिपत्र गरिएको ।<br>• क्वारेन्टिन जस्तो संवेदनशील स्थानमा घटिरहेको यौनजन्य हिंसा लगायत अन्य घटना न्यूनीकरण तथा रोकथामका लागि "कोरोना भाइरस (COVID-19) सम्बन्धी क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६" मा भएको व्यवस्था अनुसार क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन समितिमा सुरक्षा निकायका प्रमुख र प्रतिनिधि रहने व्यवस्था भएको हुँदा सोही समिति मार्फत आवश्यक समन्वय तथा सहकार्य गरी स्थानीय सञ्चार माध्यमहरू र कार्यालयको आधिकारिक सूचना संयन्त्रहरू मार्फत यस्ता किसिमका घटना न्यूनीकरण तथा रोकथामका लागि सचेतनामूलक सूचना प्रवाह गर्न/गराउन परिपत्र गरिएको ।<br>• प्रहरी कर्मचारीका लागि "कोभिड १९ महामारी लगायत अन्य असामान्य अवस्थामा लैङ्गिक हिंसाको प्रभावकारी सम्बोधन र सेवा प्रवाहका लागि आधारभूत कार्य निर्देशन-२०७७" निर्माण गरी सम्पूर्ण सम्बन्धित कार्यालयहरूमा जानकारीका लागि परिपत्र गरिएको ।<br>• समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत लैङ्गिक हिंसा विरूद्ध नेपालभरि जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन भइरहेको ।<br>• सार्वजनिक स्थान र सार्वजनिक सवारी साधनमा हुने यौनजन्य दुर्व्यवहार विरूद्ध Safety Pin Campaign कार्य योजना, २०७७ लागू गरिएको ।<br>• नेपाल प्रहरी कार्ययोजना, २०७७ को लक्ष्य नं. १२ को १२.२.१ अन्तर्गत जोखिममा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको संरक्षणको लागि स्थायी आदेशको निर्माण भएको । |

| | | | |
|---|---|---|---|
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | • मौजुदा ऐन, कानूनमा रहेका महिलाको हक, अधिकारसम्बन्धी व्यवस्था तथा महिलाका लागि गरिएका विशेष कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी लैङ्गिक न्याय सुनिश्चित गर्ने ।<br>• अदालतमा मुद्दा दायर भएका हिंसा पीडित महिलाको न्यायमा पहुँच बढाउनका लागि सबै न्यायालयहरूमा महिला-मैत्री द्रुत न्याय प्रणालीको व्यवस्था मिलाउन लगाउने ।<br>• लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण तथा महिलाको हक हितसँग सरोकार राख्ने कानून तथा नीतिको निर्माण गर्दा राष्ट्रिय महिला आयोगलाई अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था गर्ने ।<br>• महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँचयोग्य बनाउने ।<br>• प्रत्येक स्थानीय तहको न्यायिक समितिलाई न्याय निरूपणमा सहयोग गर्न र सक्षम बनाउन एकजना कानून व्यवसायीको व्यवस्था गराउने ।<br>• प्रत्येक जिल्लामा महिला, ज्येष्ठ नागरिक, असहाय र सीमान्तकृतका लागि एकजना वैतनिक कानून व्यवसायी राख्ने व्यवस्था मिलाउने । | • नेपाल सरकारको २०७८/७९ को बजेटको बुँदा नं. ३८६ मा न्यायमा पहुँच नपुगेका एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, हिंसा पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय नागरिकका लागि ४८ जिल्लामा सञ्चालित निःशुल्क कानूनी सहायता कार्यक्रमलाई आगामी आर्थिक वर्षमा सबै जिल्लामा विस्तार गरिनेछ भनी उल्लेख भए अनुसार देशभरिका सबै जिल्लामा पीडितको तर्फबाट अधिकृतस्तरका कानून व्यवसायीबाट बहस पैरवी गर्ने व्यवस्था मिलाउने गरी बजेट तथा कार्यक्रम समेत व्यवस्था भएको छ ।<br>• नेपाल सरकारको आ.व. २०७८/७९ को बजेटको बुँदा नं. ३८७ मा स्थानीय तहमा न्यायिक समितिको क्षमता बढाउन कानूनको ज्ञान तथा अनुभव भएका अधिकृतस्तरका कर्मचारीको प्रबन्ध गरिने व्यवस्था गरिएको छ । |
| ५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (OCMC) मा अनिवार्य रूपमा एकजना मनोविमर्शकर्ता सहित लैङ्गिकमैत्री दक्ष जनशक्तिको व्यवस्था गर्ने ।<br>• सबै स्थानीयतहमा मनोसामाजिक-मनोविमर्शकर्ताको व्यवस्था गर्ने । | • एकद्वार संकट व्यवस्थापन केन्द्रमा कार्यरत जनशक्तिलाई दक्ष बनाउन मेडिकल अधिकृतलाई क्लिनिकल मेडिकोलिगल सम्बन्धी तालिम प्रदान गर्नुको साथै उक्त केन्द्रमा कार्यरत नर्सहरूलाई मनोसामाजिक परामर्श तालिम प्रदान गरिदैं आएको छ ।<br>• सम्बन्धित प्रदेश तथा स्थानीय तहहरूले स्वयं दरबन्दी सिर्जना गरी मनोसामाजिक - मनोविमर्शकर्ता राख्न सक्ने हुँदा सो सम्बन्धमा आवश्यक समन्वयको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पत्राचार हुनुपर्ने । |

| | | | |
|---|---|---|---|
| | | • महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्ने यस सम्बन्धी सेवालाई नेपाल राज्यभर निःशुल्क र सहज बनाउने । | • महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्नको लागि स्वास्थ्य सेवा विभागमा परिवार कल्याण महाशाखा अन्तर्गत परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५ र नियमावली २०७७ जारी भई सुत्केरी भत्ता लगायत आर्थिक रूपले विपन्न महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउँदै आइएको छ । |
| ६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • बालिका, किशोरी, महिलामाथि हुने हिंसा निवारणका लागि आधारभूततहदेखि उच्च शिक्षासम्मको पाठ्यक्रमलाई लैङ्गिकमैत्री बनाउँदै परिष्कृत र परिमार्जन गर्ने ।<br>• सबै शिक्षण संस्थानहरूका बालिका तथा किशोरी माथि हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध उजुरी सुन्ने र प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना गर्ने ।<br>• सबै विद्यालयहरूमा कम्तीमा महिनाको १ पटक विद्यार्थीहरू, शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>• विभिन्न शैक्षिक संस्थाहरूबाट जारी हुने प्रमाणपत्रमा आमाको नाम समेत अनिवार्य उल्लेख हुने व्यवस्था मिलाउने ।<br>• मुलुकका विभिन्न क्षेत्रमा सञ्चालित गुम्बा, मदरसा र गुरूकुललाई लैङ्गिक-मैत्री बनाउने र सोको अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था मिलाउने । | • कार्यान्वयनमा रहेका पाठ्यक्रमहरू परिमार्जन भएका र नयाँ पाठ्यक्रम निर्माणमा यो विषयलाई प्राथमिकता दिइँदै आएको ।<br>• विद्यालय तहमा विद्यार्थीमाथि हुने सबै प्रकारका दुर्व्यवहार तथा लैङ्गिक हिंसा न्यूनीकरण गरी शैक्षिक गुणस्तर बढाउन गुनासो सुनुवाइ कार्यविधि, २०७४ कार्यान्वयनमा रहेको । सो अनुरूप विद्यालयमा गुनासो पेटिका राख्ने, सम्भव भएसम्म महिला शिक्षकलाई लैङ्गिक सम्पर्क बिन्दु तोक्ने तथा विद्यार्थीहरूको गुनासो सुनुवाइ गर्ने व्यवस्था गरिएको ।<br>• स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गरी विद्यालय तहका बालिकाहरूलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्था गरिएको ।<br>• शिक्षक लगायत सबै प्रकारका तालिम र सहजीकरणका कार्यक्रमहरूमा लैङ्गिक समानता प्रवर्द्धन तथा न्यायका विषयहरू समावेश गर्ने गरिएको ।<br>• सबै प्रकारका बालबालिकाको शिक्षामा मूल प्रवाहीकरण तथा समतामूलक पहुँच स्थापित गर्ने विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका,२०७४ लागू भएको र सो बमोजिम विपन्न लक्षित छात्रवृत्तिमा छात्रालाई प्राथमिकता दिने गरिएको । |

| | | | |
|---|---|---|---|
| ७ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • हिंसा पीडित तथा प्रभावित महिला एवं बालबालिकाका लागि तत्काल उद्धार, राहत, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक स्थानीय तहमा "हिंसा पीडित महिला उद्धार तथा सहायता कोष" स्थापना गरी सञ्चालनमा ल्याउन आवश्यक समन्वय गर्ने ।<br>• हिंसा पीडित महिला तथा बालिकाहरूलाई न्यायमा सहज पहुँच पुऱ्याउन स्थानीय तहका सबै न्यायिक समितिमा निःशुल्क कानून व्यवसायीको व्यवस्था गर्ने ।<br>• सबै पालिकाका न्यायिक समितिको क्षमता अभिवृद्धि र सशक्तीकरण गरी लैङ्गिक-मैत्री बनाउने । | मिति २०७८/०२/२७ मा सबै स्थानीय तहलाई परिपत्र गरिएको तथा मन्त्रालयबाट निम्नानुसारका कार्यहरू सम्पादन गरिएको:<br>• सामाजिक समावेशीकरण नीति (नमूना) तयार गरिएको<br>• लैङ्गिक उत्तरदायी बजेट स्थानीयकरण कार्यक्रम सञ्चालन गरिएको<br>• सामाजिक समावेशीकरण नीति स्थानीयकरण कार्यक्रम सञ्चालन गरिएको |
| ८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्रीहरू लैङ्गिक-मैत्री बनाउन सम्बन्धित संस्था/निकायलाई निर्देशन दिने ।<br>• महिलाको छवि बिगार्ने, विज्ञापनहरूमा महिलालाई नकारात्मक रूपमा प्रस्तुत गर्ने सामग्रीहरूको प्रकाशन र प्रसारणमा सेन्सर गर्ने र रोक लगाउने ।<br>• विभिन्न प्रकृतिको लैङ्गिक हिंसामा परेका हिंसा पीडित महिला तथा बालिकाहरूको अडियो भिडियो बनाई सामाजिक सञ्चालमार्फत दुष्प्रचार गर्ने व्यक्ति/संस्थालाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने ।<br>• सामाजिक सञ्जाल मार्फत लैङ्गिक हिंसा र दुर्व्यवहार प्रदर्शन गर्ने व्यक्ति/संस्थालाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने । | • सार्वजनिक सञ्चार माध्यमलाई ती सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्री लैङ्गिक मैत्री बनाउन निर्देशन दिएको ।<br>• लैङ्गिक-मैत्री र लैङ्गिकतासम्बन्धी विषयहरू लोककल्याणकारी विज्ञापनको रूपमा प्रकाशन र प्रसारण गर्ने गरिएको ।<br>• प्रकाशन र प्रसारण सामग्री लैङ्गिक मैत्री भए/नभएको प्रेस काउन्सिल नेपाल मार्फत अनुगमन गर्ने र मैत्री नभएका सन्दर्भमा सञ्चार माध्यमको ध्यानाकर्षण गराउने, सचेत गराउने गरिएको ।<br>• New Media मार्फत महिलाको छवि बिगार्ने खालका सामग्रीका बारेमा उजुरी वा अन्य माध्यमबाट जानकारी प्राप्त भएमा सो मिडियाको प्रसारण नै बन्द गराउने सम्मका कार्वाहीहरू हुने गरेको । |

| | | | |
|---|---|---|---|
| ९ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई हुनसक्ने महिला हिंसाको सम्भावित घटनाबाट सुरक्षित रहन उपयोगी उपाय तथा विषयमा नियमित तवरमा केन्द्र तथा प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• विदेशमा रोजगारीको क्रममा हिंसामा परेका नेपाली महिलाहरूको अवस्थाको अध्ययन, निरीक्षण, अनुगमन एवं भए गरेका घटनाहरूको सत्यतथ्यको छानबीन लगायतका कार्यमा राष्ट्रिय महिला आयोगको प्रतिनिधिलाई समेत समावेश गर्ने व्यवस्था गर्ने ।<br>• वैदेशिक रोजगारीमा जाने पुरूष तथा महिला दुबैलाई सुरक्षाको जोखिमको दृष्टिले अवलम्बन गर्नुपर्ने कुराहरू अनिवार्य पालना गर्ने व्यवस्था मिलाई महिला र पुरूष दुवैलाई समान मापदण्डको आधारमा विना कुनै भेदभाव श्रम गन्तव्य मुलुकमा जानसक्ने व्यवस्था गर्ने ।<br>• स्थलमार्गबाट तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने महिलालाई सम्भावित जोखिमबाट रोक्ने उपाय अवलम्बन गर्ने । | • स्थानीय तहहरूमा वैदेशिक रोजगार व्यवस्थापनका विभिन्न पक्षहरूबारे प्रदेशस्तरीय गोष्ठीहरू सञ्चालन गरिएको ।<br>• श्रम सम्झौता भएका मुलुकका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रमहरू गर्ने योजना बनाइएको ।<br>• संयुक्त राष्ट्र संघ लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्था एवं मञ्चहरूमा श्रम आप्रवासनका क्षेत्रमा नेपालले जनाएको प्रतिबद्धता कार्यान्वयन गर्ने राष्ट्रिय रणनीति पत्र तयार गर्ने योजना रहेको ।<br>• नेपालले कार्यान्वयनमा ल्याएका विभिन्न देशहरूसँगको श्रम सम्झौताको प्रभावकारिता अध्ययन गर्ने कार्यक्रम रहेको । |
| १० | युवा तथा खेलकुद मन्त्रालय | • महिला र पुरूष खेलाडीहरूबीच समान खेल र समान प्रतिस्पर्धाका लागि विद्यमान असमान पारिश्रमिक दर अन्त्य गरी समान पारिश्रमिक दर कायम गर्ने ।<br>• खेलकुद क्षेत्रमा हुनसक्ने लैङ्गिक हिंसाका घटनालाई रोकथाम र नियन्त्रण गर्ने आचार संहिता तयार गरी लागू गर्ने ।<br>• खेलकुद क्षेत्रमा लैङ्गिक-मैत्री व्यवस्था र वातावरण निर्माण गर्ने । | • राष्ट्रिय खेलकुद परिषद्बाट विभिन्न समयमा आयोजना गरिएका वा सहभागी भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रशिक्षण र प्रतियोगिताहरूमा सहभागी हुने खेलाडी र प्रशिक्षकहरूलाई समान खेल र समान स्पर्धामा समान सुविधा र समान पारिश्रमिक उपलब्ध गराउने व्यवस्था धेरै वर्ष अघिदेखि कार्यान्वयनमा रहेको ।<br>• कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्पर्धामा समान पदक प्राप्त गर्ने खेलाडीहरूलाई समान पुरस्कार, प्रोत्साहन भत्ता र समान सुविधाहरू प्रदान गराउने व्यवस्था धेरै वर्ष अघिदेखि कार्यान्वयनमा रहेको । |

| | | | |
|---|---|---|---|
| | | | • खेलकुदका प्रतियोगिताहरू आयोजना गर्दा अन्तर्राष्ट्रिय मान्यता अनुरूप लैङ्गिक भिन्नताका आधारमा महिला र पुरूषका लागि छुट्टाछुट्टै प्रतियोगिता आयोजना गर्ने गरिएको र भौतिक सम्पर्क (Body Contact) नहुने केही खेलकुद प्रतियोगिताहरूमा महिला-पुरूष मिश्रित रूपमा सहभागी हुने गरी आयोजना गरिएको ।<br>• खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्नका लागि राष्ट्रपति खेलकुद महिला सहभागिता अभिवृद्धि कार्यक्रम सबै प्रदेशमा सञ्चालन गरिएको ।<br>• लैङ्गिक हिंसा नियन्त्रण र रोकथामका लागि महिला तथा बालिकाहरूको लागि आत्मरक्षा तालिम प्रदान गरिएको ।<br>• खेलकुदमा लैङ्गिक हिंसासम्बन्धी अध्ययन गरिएको र खेलकुदमा हुनसक्ने लैङ्गिक हिंसालाई न्यूनीकरण गर्ने सचेतना पुस्तक प्रकाशन गरिएको ।<br>• सयजना खेलाडी तथा प्रशिक्षकलाई खेलकुदमा लैङ्गिक हिंसा विरूद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको ।<br>• हाल निर्माणमा रहेका खेलकुदका भौतिक पूर्वाधारहरू निर्माण गर्दा लैङ्गिक-मैत्री हुने गरी डिजाइन र निर्माण गरिएको । खेलकुद प्रशिक्षण र प्रतियोगितास्थलमा महिला र पुरूष खेलाडीहरूका लागि छुट्टाछुट्टै पोशाक परिवर्तन गर्ने कोठा र शौचालयको व्यवस्था गरिएको । |
| ११ | तथ्याङ्क विभाग | • नेपालमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य समावेश गरी तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने ।<br>• महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाहसम्बन्धी क्रियाकलापको आर्थिक मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गर्ने । | • केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन गर्ने गणना तथा सर्वेक्षणहरूमा लैङ्गिक विषयसँग सम्बन्धित उपयुक्त प्रश्नहरू यथासम्भव प्रश्नावलीमा समावेश गर्ने गरी तथ्याङ्क संकलन गर्ने गरेको । |

| | | | |
|---|---|---|---|
| १२ | नेपाल राष्ट्र बैक | • सबै बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम नियमित तवरमा सञ्चालन गर्ने ।<br>• बैंक तथा वित्तीय संस्थामा हुनसक्ने दुर्व्यवहार तथा हिंसा विरूद्ध प्रभावकारी उजुरी र अनुगमन संयन्त्रको स्थापना गर्ने ।<br>• लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी आचारसंहिता निर्माण गरी हरेक बैंक तथा वित्तीय संस्थामा परिपत्र गर्ने ।<br>• प्रचलित कानूनमा व्यवस्था भए बमोजिम बैङ्क तथा वित्तीय संस्थाहरूमा कार्यरत महिलाहरूका लागि प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको निर्बाध उपभोग गर्न सक्ने व्यवस्था सुनिश्चित गर्दै प्रचलित श्रम ऐन अनुसार कार्य गर्न-गराउन परिपत्र गर्ने ।<br>• कार्यस्थलमा लैङ्गिक मैत्री वातावरण सम्बन्धी व्यवस्थाहरू अवलम्बन गर्ने, गर्न लगाउने ।<br>• सबै बैंक तथा वित्तीय संस्थाहरूमा लैङ्गिक शाखा/लैङ्गिक सम्पर्क बिन्दुहरूको स्थापना गर्न लगाउने । | बैंक वा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा देहायको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको:-<br>• यौन दुर्व्यवहारजन्य कुनै कार्य गर्ने प्रयास गरेमा वा अन्य तवरले बोलेर वा सङ्केतले दुर्व्यवहार गरेको पाइएमा अनुशासनको कारवाही गर्ने ।<br>• कसैले कार्यस्थल वा कामको सिलसिलामा अनुचित प्रभावमा पारी कसै उपर यौन दुर्व्यवहार मानिने कुनै कार्य गरेमा वा शारीरिक स्पर्श गरेमा वा अन्य तवरले यौन प्रताडना मानिने कार्य गरेमा बैंक वित्तीय संस्थाको सेवाबाट बर्खास्त गर्नुपर्ने ।<br>बैंक वा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारको निर्बाध उपभोग गर्न सक्ने व्यवस्था सुनिश्चित गर्न देहायको व्यवस्था हुनुपर्ने प्रावधान रहेको:-<br>• मातृत्व संरक्षण बिदा र प्रसूति स्याहार बिदा दिनुपर्ने ।<br>• गर्भवती महिलालाई रातको समयमा वा लगातार उभिनुपर्ने काममा वा चिकित्सकले निजको स्वास्थ्यमा प्रतिकूल असर पर्ने भनी उल्लेख गरिदिएको काममा लगाउन नपाउने ।<br>बैंक वा वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावलीमा देहायको व्यवस्था हुनुपर्ने प्रावधान रहेको:-<br>• बैंक वित्तीय संस्थाले कर्मचारीको पदपूर्ति गर्दा वा बढुवा गर्दा वा अन्य कुनै काम कारवाहीको सन्दर्भमा धर्म, वर्ण, लिङ्ग, जनजाति, भाषा वा वैचारिक आस्था वा अन्य कुनै आधारमा पारिश्रमिक, सेवाको शर्त र सुविधामा भेदभाव नगरिने । |
| १३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | • प्रतिष्ठानबाट सञ्चालन हुने सेवा प्रवेश, सेवाकालीन तथा अन्य तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने । साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने । | • प्रतिष्ठानबाट सञ्चालन हुने आधारभूत प्रशिक्षण कार्यक्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेटको सेसनहरू समावेश भएको ।<br>• प्रतिष्ठानले लैङ्गिक समानता र सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धमा विशिष्टीकृत प्रशिक्षण सञ्चालन गरेको ।<br>• लैङ्गिक समानता, सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अध्ययन, अनुसन्धानका कार्यहरू सुचारू रहेको । |

# राष्ट्रिय महिला आयोगको तर्फबाट नेपाल सरकारको आ.व.२०७८/७९ को नीति तथा कार्यक्रममा समावेश गर्न प्रस्तावित बुँदाहरू

| क्र.सं. | विषय | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. | लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि हाल दातृ निकायको सहयोगमा सञ्चालित "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" को उपयोगिता, प्रभावकारिता र लोकप्रियतालाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि नेपाल सरकारकै बजेट र जनशक्ति परिचालन गरी राष्ट्रिय महिला आयोगबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । यस हेल्पलाइनमार्फत हिंसा पीडित महिला तथा बालबालिकालाई तत्काल उद्धार गरी उनीहरूलाई सम्बन्धित सेवा प्रदायक संघ/संस्थाबाट आवश्यकतानुसार राहत, औषधोपचार मनोसामाजिक परामर्श, कानूनी सेवा र सुरक्षित आश्रयस्थलको सेवा उपलब्ध गराइने व्यवस्था सुनिश्चित गरिनेछ । | ● लैङ्गिक हिंसामा परेका महिला, बालबालिकाको तत्काल उद्धार भई उनीहरूलाई आवश्यकतानुसारको सहयोग उपलब्ध हुने ।<br>● लैङ्गिक हिंसा गर्ने व्यक्ति वा समूहलाई कानूनी कारवाहीको दायरामा ल्याई पीडित तथा जोखिममा परेका महिला तथा बालबालिकालाई न्याय सहित उचित क्षतिपूर्ति उपलब्ध गराउन र आत्मनिर्भर बनाउन सहयोग पुग्ने ।<br>● समाजमा लुकीछिपी अवस्थामा रहेका लैङ्गिक हिंसाका घटनाहरूलाई उजागर गर्न र कानूनी दायरामा ल्याउन सहयोग पुग्ने ।<br>● लैङ्गिक हिंसाका घटना निराकरण गर्न सहयोग पुग्ने । |
| २. | राष्ट्रिय महिला आयोग अन्तर्गत प्रदेश कार्यालयको स्थापना गरी आयोगको भूमिकालाई थप प्रभावकारी बनाउँदै महिला समानता र महिला सशक्तीकरणलाई थप सुनिश्चित गर्ने र लैङ्गिक हिंसाका घटनाको प्रभावकारी सम्बोधन गरी पीडितलाई तत्काल उद्धार, राहत तथा अन्य सहायता उपलब्ध गराइनेछ । | ● महिला समानता र महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने ।<br>● महिला विरूद्ध हुने जघन्य हिंसाका घटनाको तत्काल अनुगमन भई लैङ्गिक हिंसामा परेका पीडितले तत्काल उद्धार, राहत तथा अन्य सहायता उपलब्ध गर्नसक्ने । |
| ३. | सबै महिलालाई संविधान तथा कानून प्रदत्त महिलाको हक अधिकारसम्बन्धी प्रावधानहरूको निर्बाध उपयोग गर्नसक्ने व्यवस्था गरी लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्न स्थानीय तहसम्म विभिन्न चेतनामूलक कार्यक्रमहरूलाई अभियानकै रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । | ● संविधान तथा कानून प्रदत्त महिलाको हक अधिकारसम्बन्धी व्यवस्थाबारे स्थानीय तहसम्म सूचना प्रवाह भई लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित हुने । |
| ४. | नेपाल सरकारले लागू गरेको लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । | ● लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिको प्रभावकारी कार्यान्वयन भएको हुने । |
| ५. | समग्र महिलाहरूको सशक्तीकरण गरी लैङ्गिक हिंसाको अन्त्य तथा महिलाको न्यायमा पहुँच बढाउन प्रदेश, जिल्ला तथा स्थानीय तहसम्म राष्ट्रिय महिला आयोगको समन्वयमा लैङ्गिक हिंसा विरूद्धको सञ्जाल स्थापना गरिनेछ । | ● महिला सशक्तीकरण गर्न तथा महिलाको न्यायमा पहुँच बढाउन सघाउ पुग्ने । |

# परिच्छेद - ८
# स्थलगत अनुगमनसम्बन्धी विवरण

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष तथा सदस्यहरूको नेतृत्वको टोलीले मुलुकको विभिन्न स्थानमा गई स्थलगत अनुगमन तथा निरीक्षण गर्दै महिला तथा बालिकामाथि भएको हिंसालाई तत्काल सम्बोधन गर्नका लागि विभिन्न निकायहरूलाई सुझाव प्रदान गरेको थियो । यसको साथै पत्र पत्रिका मार्फत सार्वजनिक भएका तथा विभिन्न निकायमा परेका गम्भीर प्रकृतिका उजुरी र मुद्दाहरूमा समेत आयोगबाट अनुगमन गरिएको थियो ।

**आयोगबाट स्थलगत अनुगमन गरिएका प्रमुख घटनाहरु र तत्सम्बन्धी संक्षिप्त विवरण तल तालिकामा प्रस्तुत गरिएको छ:**

| मिति | अनुगमन/भ्रमण गरिएको जिल्ला स्थान | अनुगमनको विषय | अनुगमन टोलीको संयोजक | आयोगबाट दिइएको सुझाव |
|---|---|---|---|---|
| २०७७ माघ २४ | बैतडी | बाबुले छोरीलाई गोली हानी हत्या गरेको | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ● पीडकलाई छिटो भन्दा छिटो पक्राउ गरी मृतकलाई न्याय दिलाउन प्रमुख जिल्ला अधिकारीलाई आग्रह ।<br>● मृतकको बच्चाको पुनःस्थापनाको लागि पनि उचित व्यवस्थापन गरिदिन आग्रह । |
| २०७७ माघ २६ | बैतडी | बैतडी जिल्ला दोगडाकेदार गाउँपालिका ७ स्थित श्री सनातन धर्म मा.वि खोचलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीय किशोरी भागिरथी भट्टको बलात्कारपछिको हत्याको घटनाको स्थलगत अनुगमन | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ● प्रमुख जिल्ला अधिकारीलाई प्रशासनिक तहबाट हुनसक्ने र गर्नसक्ने कार्य निष्पक्षरूपले गर्न निर्देशन ।<br>● प्रहरी प्रमुखसँग भेटघाट गरी अनुसन्धान कार्य निष्पक्ष रूपमा सम्पन्न गरी पीडितलाई न्याय दिनका लागि पीडकलाई चाँडो भन्दा चाँडो कानूनको दायरामा ल्याउन अनुरोध ।<br>● जिल्ला न्यायाधिवक्ता, जिल्ला अस्पतालका चिकित्सकसँग अनुसन्धान प्रक्रियामा सहयोग गर्न अनुरोध । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • बैतडीको सवालमा प्रहरी परिचालनको कमी रहेको, तसर्थ प्रहरी परिचालन र व्यवस्थापन गर्न जरूरी रहेको कुरामा जोड ।<br>• अनुगमनको विषयमा पत्रकार सम्मेलन तथा माननीय गृहमन्त्रीलाई प्रतिवेदन हस्तान्तरण गर्दै ध्यानाकर्षण ।<br>• दोषी पक्राउ परी आवश्यक प्रक्रिया अघि बढेको । |
| २०७७ माघ २७ | काठमाडौं | आफ्नै झड्केलो बाबुबाट बलात्कार पछि हत्याको प्रयास गरिएकी वीर अस्पतालको ट्रमा सेन्टरमा उपचाररत २३ वर्षीय युवतीको अवस्थाबारे अनुगमन गरी जानकारी ग्रहण | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • पीडितको स्वास्थ्य अवस्थाप्रति गम्भीर भई उपचारका लागि थप सहयोगको सम्बन्धमा अस्पताल प्रशासनलाई निर्देशन, पीडितलाई न्याय र दोषीलाई कानूनी कार्वाहीको लागि पहल । |
| २०७७ चैत्र ८ | कञ्चनपुर | निर्मला पन्तकी आमा श्री दुर्गादेवी पन्तसँग भेटघाट गरी मुद्दा सम्बन्धी जानकारी ग्रहण | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • पन्तको पछिल्लो सामाजिक र आर्थिक अवस्थाबारे जानकारी लिदैं निर्मलालाई न्याय दिलाउन आयोगको तर्फबाट सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७७ चैत्र ९ | कञ्चनपुर | साथी संस्थाको सेल्टर अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • सेल्टरमा रहेका महिला तथा बालबालिकाका समस्या समाधानका लागि विभिन्न प्रकारका सीपमूलक तालिम तथा अन्य आवश्यक सेवाहरू प्रदानका लागि सम्बन्धित निकायलाई निर्देशन । |
| २०७७ चैत १० | कैलाली | मानव अधिकारको लागि एकल महिला संस्थाको निरीक्षण | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • आगामी दिनमा पनि एकल महिलाका लागि विभिन्न सीपमूलक तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न निर्देशन । |
| २०७७ चैत्र ८ | काठमाडौं | प्रेमीद्वारा मट्टितेल छर्केर जलाइएकी किशोरीको अवस्था बुझ्न Nepal Cleft and Burn Center कीर्तिपुरको अनुगमन | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | • घटनाबारे सम्बन्धित प्रहरी कार्यालय र सरकारी वकील कार्यालयमा उजुरी र मुद्दाको अवस्थाबारे जानकारी तथा ध्यानाकर्षण । |

| | | | | |
|---|---|---|---|---|
| २०७७ चैत १० | कैलाली | कैलालीमा हजुरबुवा नाता पर्ने व्यक्तिबाट बलात्कृत १३ वर्षीय बालिकाको परिवारसँगको भेटघाट गरी मुद्दाबारे जानकारी ग्रहण | माननीय अध्यक्ष कमला कुमारी पराजुली | • आफ्नै हजुर बुवा नाता पर्ने व्यक्तिबाट बलात्कृत हुँदा पनि कारवाही नहुनु बिडम्वना रहेको बताउँदै तत्कालै पीडकलाई कारवाही र पीडितलाई न्याय दिन सुरक्षा निकायलाई निर्देशन । |
| २०७७ चैत्र २६ | कपिलवस्तु | कपिलवस्तु जिल्ला अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) का बारेमा आम सर्वसाधारणमा व्यापक प्रचार प्रसार गर्नुपर्ने ।<br>• हरेक स्थानीय तहमा एकद्वार संकट व्यवस्थापन केन्द्रको जानकारीमूलक प्रचार-प्रसार सामग्रीहरूको प्रकाशन र वितरणमा जोड दिनुपर्ने ।<br>• परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा स्थानीय तहमा पर्याप्त सेफहाउसको व्यवस्था गर्नुपर्ने ।<br>• महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरूको इच्छा अनुरूपको सीपमूलक तालिम दिने वातावरणको निर्माण गर्नुपर्ने । |
| २०७७ चैत्र २६ | कपिलवस्तु | साथी संस्था, कपिलवस्तुको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • समाजमा प्रचलित हानिकारक अभ्यासहरूको बारेमा व्यापक प्रचार-प्रसार हुनुपर्ने ।<br>• परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा स्थानीय तहमा पर्याप्त सेफहाउसहरूको व्यवस्था हुनुपर्ने ।<br>• महिलालाई आत्मनिर्भर बनाउनका लागि उनीहरूको इच्छा अनुरूपको सीपमूलक तालीम दिने वातावरणको निर्माण गर्नुपर्ने । |
| २०७७ चैत्र २७ | बुटवल | मानव सेवा आश्रम, बुटवलको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • सडक पेटीमा बेवारिसे अवस्थामा भेटिएका व्यक्तिहरूको उद्धारका लागि सरोकारवाला निकायसँग एम्बुलेन्सको पहल गर्ने ।<br>• आश्रममा मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।<br>• सक्षम इच्छुक महिलाहरूका लागि सीप सिकाएर आत्मनिर्भर बनाउने । |

| | | | | |
|---|---|---|---|---|
| २०७७ चैत्र २७ | रूपन्देही | माइती नेपालको रूपन्देहीस्थित सेल्टरको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • समाजमा विद्यमान यस्ता आपराधिक गतिविधिमा संलग्न गिरोहहरूलाई जडबाटै निर्मूल पार्न सबैजना एकजुट हुनुपर्ने ।<br>• महिला बेचबिखनका घटनालाई नियन्त्रण गर्न कडा भन्दा कडा कानून तर्जुमा गरिनुपर्ने र यस्तो जघन्य अपराधमा संलग्न व्यक्तिहरूलाई कडा सजाय दिनुपर्ने ।<br>• प्रत्येक स्थानीय तह यस कार्यमा संवेदनशील हुनुपर्ने र मानव बेचबिखनमा प्रयोग हुने गरेका नयाँ नयाँ प्रयत्नहरूका बारेमा सबैमा जनचेतना जगाउनु पर्ने ।<br>• परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा सेफहाउसहरूमा  पर्याप्त ठाउँ व्यवस्था गर्नुपर्ने । |
| २०७७ चैत्र २७ | सर्लाही | यौनजन्य दुर्व्यवहारको घटनाको अनुगमन | माननीय सदस्य विद्याकुमारी सिन्हा | • घटनाबारे जानकारी तथा कानूनी कार्वाहीका लागि सम्बन्धित निकायलाई निर्देशन ।<br>• अनुगमनपश्चात् पीडक पक्राउ भई आवश्यक कार्वाही प्रक्रिया अघि बढेको । |
| २०७७ चैत्र २७ | महोत्तरी | भारतको सीतामढीबाट उद्धार गरिएका बालिकाहरूको अवस्थाबारे जानकारी ग्रहण | माननीय सदस्य विद्याकुमारी सिन्हा | • घटनामा संलग्न दोषीलाई कार्वाहीको साथै बालिकाहरूको उचित व्यवस्थापनका लागि सम्बन्धित निकायलाई निर्देशन । |
| २०७७ चैत्र २९ | सर्लाही | बलरा नगरपालिका वडा नं. ५ मा रहेको दलित वस्तीको अनुगमन | माननीय सदस्य विद्याकुमारी सिन्हा | • निर्णायक तहमा दलित महिलाको प्रतिनिधित्व वृद्धि गर्नका लागि सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७७ चैत्र ३१ | धनुषा | हाम्रो संसार (Our Sansar) नेपाल आवास गृहको अनुगमन | माननीय सदस्य विद्याकुमारी सिन्हा | • प्रदेश २ मा घटेका महिला हिंसा पीडितलाई सेल्टर उपलब्ध गराउन आयोगसँग समन्वय गर्न अनुरोध । |
| २०७७ चैत्र ३१ | चितवन | देवघाटस्थित रोटरी क्लबद्वारा सञ्चालित वृद्धाश्रमको अनुगमन | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | • सरकारी तवरबाट नै आवश्यकता अनुसार वृद्धाश्रमहरूको व्यवस्था गरी सञ्चालन गर्न आवश्यक देखिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • सरकारी र निजीस्तरमा सञ्चालित आश्रमहरूको नियमित अनुगमन गरी आवश्यक सहयोग उपलब्ध गराई समन्वय गरेर देखिएका समस्या समाधान गर्न आवश्यक रहेको ।<br>• सरकारको तर्फबाट खासै सहयोग प्राप्त गर्न नसकिएको गुनासो आश्रमको व्यवस्थापन पक्षले गरेको हुँदा यस सम्बन्धमा प्रदेश तथा स्थानीय सरकारको समन्वयकारी भूमिका रहनु पर्ने देखिएको ।<br>• वृद्धाश्रममा आश्रित ज्येष्ठ नागरिकहरूले वृद्ध भत्ता प्राप्त गर्न कठिनाइ भएकोले आश्रममा आश्रित वृद्धवृद्धालाई आश्रमको पहल र रोहवरमा वृद्धभत्ता उपलब्ध गराउन सम्बन्धित स्थानीय निकायले सहयोग गर्न आवश्यक देखिएको ।<br>• अशक्त अवस्थामा पुगेका वृद्धवृद्धाहरूको उपचार को व्यवस्था आर्थिक स्रोतको अभावमा आश्रमले गर्न नसक्ने हुँदा त्यस्ता अवस्थामा पुगेका वृद्धवृद्धाहरूको व्यवस्थापन चुनौतीपूर्ण रहेकोले त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउन जरूरी देखिएको । |
| २०७८ वैशाख ५ | काठमाडौं | बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ. नेपाल), मानव सेवा आश्रम, साथी संस्था र कानूनी सहायता तथा परामर्श केन्द्रको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • संस्थाहरूले प्रदान गर्दै आएका सेवाहरू, सेवा प्रवाहको क्रममा भोग्नु परेका चुनौतीहरू र उपलब्धिहरूका बारेमा छलफल गर्दै आगामी दिनहरूमा पनि आवश्यक सहकार्य गर्न निर्देशन । |
| २०७८ वैशाख ७ | धनुषा | श्रीमान् र परिवारबाट निर्घात कुटपिट गरिएकी धनुषाको गोदावरी अस्पतालमा उपचाररत महिलाको स्थलगत अनुगमन | माननीय सदस्य विद्या कुमारी सिन्हा | • स्थानीय जनप्रतिनिधि, स्थानीय बासिन्दा तथा प्रहरी प्रशासनसँग कुरा गर्दा घटना घटेको पन्ध्र मिनेट भित्रै प्रहरी पुगी घटनाको जानकारी लिएको पाइयो । पीडकलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय मलङ्गवामा आवश्यक कार्वाहीका लागि पठाएको हुँदा पीडकलाई कानून अनुसार सजाय दिलाउनका लागि प्रहरी प्रशासनलाई निर्देशन । |

| | | | | |
|---|---|---|---|---|
| २०७८ वैशाख ८ | सिराहा | बोक्सीको आरोप लगाई दिसा पिसाब खुवाइएका सिराहा जिल्ला, औरही गाउँपालिकाको वडा नं. ५ मा बसोबास गर्ने हिरादेवी साह तथा पीडितको छिमेकीसँग भेटघाट गरी जानकारी ग्रहण | माननीय सदस्य विद्या कुमारी सिन्हा | • यस घटनामा मेलमिलाप नगराई पीडकलाई यथाशीघ्र कानूनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन दत्तचित्त भई लाग्न इलाका प्रहरी कार्यालयका प्रमुखलाई आग्रह । |
| २०७८ जेठ ३ | ललितपुर | निषेधाज्ञाको समयमा ललितपुर महानगरपालिकामा रहेको आइसोलेसन सेन्टरहरूको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • स्थानीय तहहरूलाई लैङ्गिकमैत्री आइसोलेसन सेन्टर स्थापना गर्न ध्यानाकर्षण । |
| २०७८ जेठ ४/५ | काभ्रेपलाञ्चोक | निषेधाज्ञाको समयमा धुलिखेल तथा बनेपास्थित आइसोलेसन सेन्टरहरूको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | • आइसोलेसन सेन्टरहरूलाई लैङ्गिक-मैत्री बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७८ जेठ ११ | सिन्धुपाल्चोक | मृतक स्वास्थानी कुँवरको आत्महत्या दुरूत्साहन सम्बन्धी घटनाको स्थलगत अनुगमन | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकबाट प्रस्तुत घटनाको गहिराइमा पुगी चुस्त अनुसन्धान गर्न शीघ्र रूपमा देहाय अनुसारको थप अनुसन्धान कार्य हुनुपर्ने :<br>• प्रतिवादीको बयान कार्य हुन,<br>• मृतकको नाबालक छोरीहरूको मनोसामाजिक/ मनोविमर्शकर्ता वा समाजसेवीको रोहवरमा घटना विवरण कागज हुन,<br>• जाहेरी दरखास्तमा उल्लिखित तथा मृतकको माइती पक्षको घटना विवरण कागज हुन,<br>• घरेलु तथा लैङ्गिक हिंसासँग सम्बन्धित विषयमा व्यापक रूपमा जनचेतना अभिवृद्धिका लागि आयोग, नेपाल सरकार, स्थानीय निकाय एवं सरोकार वाला विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम ७५३ स्थानीय तहमा रहेका न्यायिक समितिको प्रभावकारी रूपमा क्षमता अभिवृद्धि गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | ● प्रत्येक वडामा कम्तीमा कानूनमा स्नातकोपाधि प्राप्त कानूनी सहजकर्ता एवं परामर्शकर्ता राखी वडास्तरमा कानूनी सचेतनाको व्यवस्था मिलाउने । |
| २०७८ जेठ १८ | काठमाडौं | डोटीमा मट्टीतेल खन्याई जलाइएकी लक्ष्मी भाटको अवस्था बुझ्न कीर्तिपुर वर्न अस्पतालमा अनुगमन | माननीय अध्यक्ष कमला कुमारी पराजुली | ● पीडकलाई कार्वाहीको दायरामा ल्याउन र पीडितलाई औषधी उपचारसहित न्याय दिलाउन आयोगबाट जिल्ला प्रशासन कार्यालयमा पत्राचार ।<br>● पीडितको सम्पूर्ण स्वास्थ्य उपचार खर्च नेपाल सरकारबाट व्यहोर्न आवश्यक पहल गर्ने । (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरी पीडितको उपचारको लागि रू. पाँच लाखको व्यवस्था गरिएको ।)<br>● पीडकलाई यथाशीघ्र पक्राउ गरी कानूनी कार्वाहीको दायरामा ल्याउन निर्देशन । |
| २०७८ जेठ ३१ | लमजुङ | लमजुङको राईनास नगरपालिका भैरव मा.वि. मा शिक्षकद्वारा बलात्कृत १४ वर्षे बालिकाको घटनास्थल अनुगमन | प्रमुख म.वि.अ.मीरा शेरचन | ● घटनाको थप अनुसन्धान गरी पीडितलाई न्याय दिलाउन र पीडकलाई कार्वाहीको लागि सम्बन्धित निकायलाई पत्राचारसहित अनुरोध गरी पीडितको बयान र स्वास्थ्य परीक्षणसहितको प्रहरी प्रतिवेदनका आधारमा हाल दोषी पुर्पक्षको लागि थुनामा रहेको। |
| २०७८ जेठ ३१ | काठमाडौं | श्रीमान्‌बाट एसिड प्रहार भएकी रौतहटको चन्द्रपुर नगरपालिका वडा नं ४ बस्ने दीपिका वि.क.को अवस्था बुझ्न कीर्तिपुर वर्न अस्पतालमा अनुगमन | माननीय सदस्य विद्या कुमारी सिन्हा | ● पीडितको स्वास्थोपचारको साथै घटनाको थप अनुसन्धान गरी पीडितलाई न्याय दिलाउन र पीडकलाई कार्वाहीको लागि सम्बन्धित निकायलाई अनुरोध । |
| २०७८ जेठ ३१ | बाँके/बर्दिया | बर्दिया र भेरी अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (OCMC) अनुगमन | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ● पर्याप्त जनशक्तिको अभाव, मनोपरामर्श लगायतका सेवा प्रवाह गर्ने सम्बन्धमा पर्याप्त तालिमको अभाव रहेको बुझिन आएकोले अस्पतालमा पर्याप्त एवं दक्ष जनशक्तिको व्यवस्था गर्ने पहल गर्ने ।<br>● ओ.सी.एम.सी.मा कार्यरत स्वास्थ्यकर्मीलाई पर्याप्त तालिम तथा सुविधाको व्यवस्थाको लागि पहल हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २०७८ जेठ ३१ | बाँके | माइती नेपालको अनुगमन | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | • उद्धार संयन्त्रको व्यवस्था गरी सूचना संकलन गर्ने ।<br>• कूटनैतिक पहल गरी भारतको एयरपोर्टमा सचेतनामूलक बुथ खडा गर्ने ।<br>• मानव बेचबिखनविरूद्धको ऐन तथा नियमावली अनुरूपको क्षेत्रमा प्रदेशलाई समेत संयन्त्र खडा गरिनुपर्ने ।<br>• अनुगमन, नियमनका संयन्त्रको विकास गरिनुपर्ने ।<br>• नीतिगत व्यवस्था भएका संरचना समेत नभएकोले सो को व्यवस्था हुनुपर्ने । |
| २०७८ जेठ ३१ | बाँके | २०७८।२।१३ गते भेरी अस्पतालमा कोभिड बिरामीको मृत्यु पश्चात् मृतकका आफन्तले अस्पतालमा कार्यरत डाक्टर तथा नर्समाथि गरेको हिंसात्मक क्रियाकलापको अनुगमन | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | • दोषीहरू हाल थुनामा रहेका भए पनि तत्कालीन घटनामा पीडित भएका स्वास्थ्यकर्मीहरूलाई धाक, धम्की आइरहेकोले यस विषयमा प्रशासन, सुरक्षा निकायहरूलाई थप सजग रहन अनुरोध । |
| २०७८ असार १ | बाँके र बर्दिया | जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी तथा उपप्रमुखसँग कोभिडको समयमा महिलाहिंसाको सम्बन्धमा जानकारी ग्रहण | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | • सीमा नाकामा अलपत्र परेका तथा हिंसापीडित महिलाहरूको लागि आवश्यक सेल्टरहरूको व्यवस्थापन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गरेको ।<br>• कानूनहरूमा आवश्यक संशोधन गरी महिलाहरूलाई सुरक्षित रूपमा श्रमका लागि विदेश पठाउने विषयमा आयोगले पहल गर्नुपर्ने ।<br>• महिलाको पढाइको निरन्तरताको लागि आयोगले विशेष पहल गर्नुपर्ने ।<br>• उपमेयर, मेयरसँग छुट्टाछुट्टै बैठक राखी महिला मैत्री बजेट ल्याउन छलफल चलाउने, विद्यालय तथा कलेजहरूमा महिला पुरूषबीच छलफलका कार्यक्रम चलाउन पहल गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २०७८ असार १ | सुर्खेत | २०७८ साल जेठ २१ गते सुर्खेतको गुर्वाकोट नगरपालिका ११ मा अवस्थित भेरी नदी किनारमा रहेको राउटे बस्तीका २ किशोरीहरू १८ वर्षे सम्भना शाही र २२ वर्षे गाजलु शाहीमाथि भएको यौन दुर्व्यवहार सम्बन्धी घटनाको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | ● सुर्खेत प्रशासन प्रहरीमा सम्पर्क तथा पत्राचार गरी दोषीलाई कार्वाहीको दायरामा ल्याउन पहल र पीडित किशोरीको स्वास्थ्योपचार, सुरक्षाको लागि पहल र आवश्यक सहयोग गर्न निर्देशन ।<br>● राउटे समुदायको सुरक्षा र संवर्द्धनको लागि निश्चित क्षेत्रमा न्यूनतम सेवा सुविधा सहित सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने ।<br>● राउटे समुदायको रूपान्तरणका लागि राज्यबाट स्वास्थ्य, सुरक्षा, शिक्षा, मनोविमर्श, पोषणयुक्त खानपानको उचित व्यवस्था सहित जीविकोपार्जनको व्यवस्था गर्नुपर्ने । |
| २०७८ असार २ | सुर्खेत | सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका वडा नं ११ भुपाखोलाको किनारामा रहेको वादी वस्तीको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | ● वादी किशोरीहरूको शिक्षा लगायतका क्षेत्रमा पहुँच पुऱ्याउनको लागि सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७८ असार ३ | सुर्खेत | कोशिश संस्थाको अनुगमन | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | ● कोशिश संस्थाले हिंसा पीडित महिलालाई पुनः स्थापना लगायतका सेवाहरू उपलब्ध गराउँदै आएको कुराको प्रशंसा गर्दै आगामी दिनमा महिलाको जीविकोर्पाजनका कार्यक्रमसहितको पुनःस्थापना केन्द्र स्थापनाका लागि सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७८ असार ४ | महोत्तरी | लोहारपट्टी नगरपालिका वडा नं. ७ भ्रमरपुरामा वर्ष २६ की सुजिता ठाकुर बेपत्ता भएको घटनाको अनुगमन | माननीय सदस्य विद्या कुमारी सिन्हा | ● घटना भएको सोह्रौं दिनसम्म पनि जाहेरी नपरेको उक्त घटनाको सम्बन्धमा प्रदेश २ स्थित आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेतको समन्वय र सहयोगमा जाहेरी दर्ता गराई सहायक प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रमुखलाई घटनाको यथाशीघ्र छानबिन गर्न निर्देशन ।<br>● पीडितको परिवार र छिमेकीसँग भेट गरी लोहारपट्टी नगरपालिका उपप्रमुखलाई भेटी दोषीलाई कडा सजाय दिनको लागि सुझाव । |

| | | | | |
|---|---|---|---|---|
| २०७८ असार ४ | महोत्तरी | बलरा नगरपालिका वडा नं ११ रौजाबजारकी बलात्कृत वर्ष २० की बहुअपाङ्गता भएकी किशोरीको घटनाको अनुगमन | माननीय सदस्य विद्याकुमारी सिन्हा | ● सहायक प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रमुखलाई घटनाको यथाशीघ्र छानबिन गरी तुरून्त दोषीलाई कार्वाही गर्न निर्देशन ।<br>● किशोरीको अपाङ्गताको कार्ड बनाउन समेत पहल । |
| २०७८ असार ४ | महोत्तरी | ग्यास चुल्हो दाइजो नदिएको निहुँमा महिलामाथि शारीरिक हिंसा भएको घटनाको अनुगमन | माननीय सदस्य विद्या कुमारी सिन्हा | ● वडा अध्यक्षसँग भेटी जानकारी लिनुको साथै घटनाको छानबिन गरी मुख्य दोषी पत्ता लगाई कानूनी सजायको दायरामा ल्याउन निर्देशन । |
| २०७८ असार ४ | सर्लाही | मलङ्गवा नगरपालिकाबाट सञ्चालित सेफ हाउसको अनुगमन | माननीय सदस्य विद्या कुमारी सिन्हा | ● केन्द्रको व्यवस्थापक तथा आश्रित महिलाहरूसँग भेटी केन्द्रको सुदृढीकरणका निम्ति सम्बन्धित निकायको ध्यानाकर्षण । |
| २०७८ असार ४ | सर्लाही | दलित किशोरीलाई विवाहको प्रलोभनमा पारी गोठमा यातना दिइएको घटनाको अनुगमन | माननीय सदस्य विद्याकुमारी सिन्हा | ● पीडकलाई कारवाहीको लागि न्यायिक समितिलाई सिफारिस गरिएको ।<br>● पालिकाको प्रमुखलाई पीडितलाई लैङ्गिक हिंसा निवारण कोषबाट आर्थिक सहयोग दिलाउन अनुरोध । |

यसको साथै आयोगले विभिन्न पत्रपत्रिका वा संघ संस्थामार्फत प्राप्त सूचनाको आधारमा पनि विभिन्न निकायलाई पत्राचार गरी पीडितलाई न्याय दिलाउने कार्य गर्दै आएको छ । कोभिड पोजिटिभ भएपछि झापामा श्रीमान्ले छोडेकी महिलाको विषयमा आयोगले निरन्तर समन्वय गरेको थियो । साथै, चितवनमा मृत अवस्थामा जंगलमा फेला परेकी सुजिता भण्डारीको विषयमा मिति २०७८।०३।२४ गते जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्राचार । साथै, काभ्रेकी Spinal Cord Injury भएकी बलात्कृत ५८ वर्षीय महिलालाई उपचार तथा सहयोगको लागि लैङ्गिक हिंसा निवारण कोषमा सिफारिस गरी तीन लाख रूपयाँ उपलब्ध गराइएको ।

# परिच्छेद ९
# उजुरी, निवेदन तथा जाँचबुझ

## ९.१. उजुरी सम्बन्धी व्यवस्था

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ४(१) ले घरेलु हिंसासम्बन्धी उजुरी सुन्ने विभिन्न चार वटा निकायहरूमध्ये एक निकायको रूपमा राष्ट्रिय महिला आयोगलाई पनि तोके अनुरूप आयोगमा महिला विरूद्धका हिंसा र महिलामाथि हुने घरेलु हिंसासम्बन्धी विषयमा उजुरी लिने व्यवस्था रहेको छ ।

महिला हिंसाका घटनाका बारेमा पीडित स्वयंले वा पीडित महिलाको तर्फबाट जोसुकैले आयोग समक्ष उजुरी दिनसक्ने व्यवस्था छ । आयोगको निःशुल्क हेल्पलाइन सेवा "**खबर गरौँ ११४५**" मा फोन गरेर वा वेबसाइट (www.nwc.gov.np) बाट पनि घटनाको उजुरी गर्न सक्ने व्यवस्था रहेको छ । हेल्पलाइन सेवा २४ सै घण्टा हप्ताको सातै दिन उपलब्ध छ । यसरी आयोगमा दिइने उजुरी दर्ता गरेबापत कुनै पनि शुल्क लाग्दैन ।

आयोगमा परेको उजुरीको छानबिन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोक्नको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानबिनको सम्बन्धमा विपक्षीलाई उपस्थित गराई जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेश गर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानबिन गरिसकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप गराउने आदि कार्य गरिन्छ । त्यसैगरी आयोगले प्रदान गर्ने सेवाहरूमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा रिट निवेदन दर्ता गर्नुपर्ने भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्थामा निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, तत्काल उद्धार गर्नुपर्ने देखिएमा उद्धार गरी आश्रयस्थलमा राख्ने लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गर्ने गरेको छ ।

आयोगमा पदाधिकारीहरूको पदबहाली पश्चात् गम्भीर प्रकृतिका उजुरीहरू तथा आयोगमा आउने पीडितहरूको संख्यामा वृद्धि भएको छ । आयोगले कोभिड-१९ को दोस्रो लहरका कारण सृजित निषेधाज्ञाको अवधिमा समेत पीडितहरूलाई "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" मार्फत विभिन्न सेवाहरू उपलब्ध गराउन सहजीकरण गरेको थियो ।

## ९.२ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरू

९.२.१ आयोगमा आ.व. २०७७।७८ मा दर्ता भएका उजुरीहरू:

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| श्रावण | १५४ | २९ | १८३ |
| भाद्र | ८८ | १८ | १०६ |
| असोज | ११७ | १७ | १३४ |
| कार्तिक | ४८ | ८ | ५६ |
| मंसिर | १५६ | २८ | १८४ |
| पौष | १३३ | २० | १५३ |
| माघ | १३१ | १२ | १४३ |
| फागुन | ११५ | ७ | १२२ |
| चैत्र | १२३ | २५ | १४८ |
| वैशाख | ७९ | २० | ९९ |
| ज्येष्ठ | ७५ | १९ | ९४ |
| असार | १३३ | १५ | १४८ |
| **जम्मा** | **१३५२** | **२१८** | **१५७०** |

यस आर्थिक वर्षमा आयोगमा कुल १५७० वटा उजुरीहरू दर्ता भएको देखिन्छ जसमध्ये १३५२ (८६%) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने २१८ (१४%) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन् । १५७० उजुरीमध्ये ९०० उजुरीहरू फर्छ्यौट भइसकेको अवस्था छ । घरेलु हिंसामा दर्ता भएका उजुरीहरूमा श्रीमान् विदेश गई सम्पर्क विहीन हुने र श्रीमती तथा बालबालिकालाई खान लाउनमा समस्या उत्पन्न हुने गरेका घटनाहरूमा वृद्धि भएको देखिन्छ ।









९.२.२ आ.व. २०७७/७८ मा दर्ता भएका प्रदेशगत उजुरीको संख्या

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | ६० | १७ | ७७ |
| प्रदेश २ | ६३ | १४ | ७७ |
| बागमती | १०२८ | १४३ | ११७१ |
| गण्डकी | ५१ | ७ | ५८ |
| लुम्बिनी | ६८ | १२ | ८० |
| कर्णाली | २१ | ३ | २४ |
| सुदूर पश्चिम | ४२ | ११ | ५३ |
| प्रदेश नखुलेको | १९ | ११ | ३० |
| **जम्मा** | **१३५२** | **२१८** | **१५७०** |

## हिंसाको प्रकृति

### पीडितको उमेर समूह

आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी १६ वर्षभन्दा कम र ६० वर्षभन्दा माथि उमेर समूहका पीडितहरूको रहेको थियो ।




### पीडितको शैक्षिकस्तर

आ.व. २०७७/०७८ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी २४ प्रतिशत उजुरीहरू साधारण लेखपढ मात्र गर्न सक्ने पीडितहरूको रहेको थियो । साथै, सबैभन्दा कम ४ प्रतिशत उजुरी स्नातकोत्तर गरेका पीडितहरूको रहेको थियो ।



### पीडितको वैवाहिक स्थिति

आ.व. २०७७/०७८ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ८४ प्रतिशत उजुरीहरू विवाहित महिलाको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी सम्बन्ध विच्छेद भएका र विवाह नगरी जोडीको रूपमा बसेका महिलाहरूको रहेको थियो ।




### जातीयताका आधारमा वर्गीकरण

आ.व. २०७७/०७८ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ४५ प्रतिशत उजुरीहरू ब्राह्मण तथा क्षेत्रीका समुदायका पीडितहरूको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी दलित, धार्मिक अल्पसंख्यक तथा पिछडिएका वर्गहरूको रहेको थियो ।



९.२.३ सेवाका लागि सिफारिस गरिएका संस्थाहरू

| संस्थाहरू | संख्या |
|---|---|
| साथी | ४७ |
| सिविन | ७८ |
| कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) | २८१ |
| बहुसाँस्कृतिक मानसिक स्वास्थ्य परामर्श केन्द्र (टि.पि.ओ नेपाल) | १७१ |
| जिल्ला प्रहरी कार्यालय | २२५ |

९.२.४ आयोगद्वारा आ.व. २०७७।७८ मा प्रदान गरिएका सेवाहरू

राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरूद्वारा प्रदान गरिएका सहयोग तथा सेवाहरू

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मनोसामाजिक/मनोविमर्श | ७२३ |
| कानूनी परामर्श | १५२५ |
| कानूनी सहयोग | २१५ |
| अदालतमा प्रतिनिधित्व | १९० |
| पुनःस्थापना | ३१ |
| आकस्मिक राहत | ३० |

९.२.५ अधिकतमरूपमा उजुरी भएका हिंसाका घटनाहरू

| हिंसाको प्रकार | संख्या |
|---|---|
| जबरजस्ती करणी उद्योग | २४ |
| ज्यानमार्ने उद्योग | २० |
| चरित्र हत्या | २८३ |
| बालविवाह | ६ |
| बालसुरक्षा मुद्दा | ६७ |
| साइबर क्राइम | १३ |
| सम्बन्ध विच्छेद | ११४ |
| दाइजो प्रथाले हुने हिंसा | ३१ |
| जबर्जस्ती गर्भपतन | १३ |
| ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) | १० |
| आर्थिक यातना | ६७७ |
| जग्गा विवाद | १२ |
| जन्मदर्ता समस्या | ९३ |
| नागरिकता समस्या | ३७ |
| विवाहदर्ता समस्या | १४० |

| | |
|---|---|
| सम्पत्ति हस्तान्तरण समस्या | ६० |
| मानाचामल | ४२ |
| वैवाहिक बलात्कार | १२ |
| कुटपिट | ६९१ |
| बहुविवाह | ७१ |
| मानसिक यातना | १२२३ |
| जबरजस्ती करणी | ६६ |
| सुरक्षा सम्बन्धी मुद्दा | ९९ |
| यौन दुर्व्यवहार | ७४ |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार | २ |

## ९.३ कोभिड-१९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी भएको निषेधाज्ञाको अवधिमा आयोगमा दर्ता भएका उजुरीहरू र प्रदान गरिएका सेवाहरू ( वैशाख १६ देखि असार २०७८ सम्म)

९.३.१ बन्दाबन्दीको समयमा आयोगमा दर्ता भएका उजुरीहरू

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | १० | १ | ११ |
| प्रदेश २ | १३ | ९ | २२ |
| बागमती | १६६ | २५ | १९१ |
| गण्डकी | १४ | १ | १५ |
| लुम्बिनी | १५ | ५ | २० |
| कर्णाली | ५ | १ | ६ |
| सुदूरपश्चिम | १० | १ | ११ |
| प्रदेश नखुलेको | २ | १ | ३ |
| **जम्मा** | **२३५** | **४४** | **२७९** |

९.३.२ बन्दाबन्दीको समयमा राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरूद्वारा प्रदान गरिएका सहयोग तथा सेवाहरू

| प्रदान गरिएका सहयोग तथा सेवाहरू | संख्या |
|---|---|
| मनोसामाजिक मनोविमर्श | ९३ |
| कानूनी परामर्श | २३६ |
| अदालतमा प्रतिनिधित्व | १२ |
| मुद्दा सम्बन्धी कार्य | २३ |
| आकस्मिक राहत | १ |

९.३.३ सिफारिस गरिएका संस्थाहरू

| सेवाको प्रकार | संख्या |
|---|---|
| साथी | २ |
| सिविन | १२ |
| कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) | ३७ |
| बहुसाँस्कृतिक मानसिक स्वास्थ्य परामर्श केन्द्र (टि.पि.ओ नेपाल) | २२ |
| जिल्ला प्रहरी कार्यालय | ४८ |
| स्थानीय निकाय | ८ |

९.३.४ बन्दाबन्दीको समयमा दर्ता भएका हिंसाका प्रकारहरू

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानसिक यातना | २२६ |
| कुटपिट | १२४ |
| चरित्र हत्या | ७१ |
| आर्थिक यातना | ११० |
| विवाहदर्ता समस्या | २५ |
| सुरक्षा मुद्दा | २१ |
| सम्पत्ति हस्तान्तरण समस्या | १५ |
| यौन दुर्व्यवहार | १२ |
| जबरजस्ती करणी | ११ |
| जन्मदर्ता समस्या | ८ |
| नागरिकता समस्या | ७ |
| बाल सुरक्षाको मुद्दा | १० |
| बहु विवाह | ८ |
| साइबरक्राइम | ५ |
| जबरजस्ती करणी उद्योग | ५ |
| माना चामल | ९ |
| वैवाहिक बलात्कार | ४ |
| दाइजो प्रथाले हुने हिंसा | ८ |
| जबर्जस्ती गर्भपतन | ४ |
| सम्बन्ध विच्छेद | १० |
| ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) | २ |
| जग्गा विवाद | २ |
| ज्यान मार्ने उद्योग | ४ |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार | १ |
| बाल विवाह | १ |

# परिच्छेद -१०
# विविध गतिविधि

## १०.१ लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान सञ्चालन

महिला हिंसा विरूद्धको अभियानलाई सम्बोधन गर्नका लागि नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मका १६ दिनलाई अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको रूपमा मनाइने गरिन्छ । यस अवसरमा कोभिड-१९ को बन्दाबन्दीको कारण आयोगले साझेदार संस्थाहरूसँग मिलेर निम्न मिति र विषयमा ZOOM मार्फत भर्चुअल कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

| क्र.सं. | मिति | कार्यक्रम | सहकार्य |
|---|---|---|---|
| १. | २०७७ मंसिर ११ | पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम | |
| २. | २०७७ मंसिर १२ | कोभिड-१९ को महामारीको अवधिमा कानूनी सहायता : विद्यमान ऐन तथा नीति, आवश्यकता, चुनौती र भावी कार्यदिशा | कानूनी सहयोग तथा परामर्श केन्द्र |
| ३. | २०७७ मंसिर १४ | महामारीमा महिला आश्रयस्थलः अपरिहार्यता र दिगोपनका चुनौतीहरू विषयक अन्तरक्रिया कार्यक्रम | साथी |
| ४. | २०७७ मंसिर ११ | बालिका तथा किशोरीमाथि हुने हिंसाको वर्तमान अवस्था, त्यसको व्यवस्थापन, चुनौती समाधानका उपायहरू विषयक अन्तरक्रिया कार्यक्रम | सिविन |
| ५. | २०७७ मंसिर १७ | न्यायिक समितिका सदस्यहरूसँगको अन्तरक्रिया कार्यक्रम | |
| ६. | २०७७ मंसिर १८ | लैङ्गिक हिंसा पीडितका लागि मानसिक स्वास्थ्य सम्बन्धी सेवाहरू विषयक अन्तरक्रिया कार्यक्रम | टि.पि.ओ. नेपाल |

## १०.२ हेल्पलाइन सेवाको तेस्रो वार्षिकोत्सव

मिति २०७७ मंसिर २५ गते श्री वन्दना राणा, सिड समिति उपाध्यक्षको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरू समेत गरी १०० जनाभन्दा बढीको सहभागिता रहेको थियो । कार्यक्रममा हेल्पलाइनको प्रगति, चुनौती तथा भावी कार्यदिशा सम्बन्धी प्रस्तुति गरिएको थियो ।

कार्यक्रममा २ (दुई) जना हिंसा पीडित महिलाहरूलाई जनही रू. २५,०००/- आर्थिक सहयोग गरिएको थियो भने हेल्पलाइन सेवा अन्तर्गत कार्य गर्ने मनोसामाजिक परामर्शदाता श्री पार्वती सुवेदीलाई उत्कृष्ट सेवा प्रदान गरे बापत सम्मान सहित रू. २५,०००/- प्रदान गरिएको थियो ।

पीडित महिलाहरूलाई उचित न्याय प्रदान गर्न र महिला सशक्तीकरणको लागि पत्रकारिता मार्फत पु¥याएको योगदानको कदर गर्दै निम्न पत्रकारहरूलाई जनही रू. २५,०००/- सहित सम्मान गरिएको थियो ।

| क्र.सं. | नाम, थर | आबद्ध संस्था/निकाय |
|---|---|---|
| १. | श्री देवेन्द्र भट्टराई | कान्तिपुर |
| २. | श्री रूवी श्रेष्ठ | रेडियो नेपाल |

उक्त अवसरमा महिला हक अधिकारको संरक्षण र संवर्द्धनमा निरन्तर सक्रिय रहनु भएका देहायका प्रहरी प्रमुखहरूलाई समेत पुरस्कृत गरिएको थियो ।

| क्र.सं. | नाम, थर | आबद्ध संस्था/निकाय |
|---|---|---|
| १. | प्रहरी वरिष्ठ उपरीक्षक दुर्गा सिंह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, नक्साल |
| २. | प्रहरी वरिष्ठ उपरीक्षक किरण बज्राचार्य | जिल्ला प्रहरी परिसर, ललितपुर । |
| ३. | प्रहरी उपरीक्षक तारा देवी थापा | जिल्ला प्रहरी परिसर, भक्तपुर । |

### १०.३ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट आयोजित कार्यक्रम

मिति २०७७ फाल्गुन २४ गते सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले राज्यका तीनै तहमा महिलाहरू नेतृत्वदायी भूमिकामा रहनुको साथै राजनैतिक तथा सार्वजनिक क्षेत्रमा समेत महिलाको प्रतिनिधित्व उल्लेख्य रूपमा रहेको बताउनु भयो । उहाँले महिला हिंसा अन्त्यका लागि निर्माण गरिएका कानूनहरूको प्रभावकारी कार्यान्वयनको अभावले हालसम्म पनि समाजमा कुरीति, कुसंस्कार र कुप्रथाको अन्त्य हुन नसकेको, किशोरी र महिलामाथि दुर्व्यवहार, हिंसा, बलात्कार र हत्याका घटनाहरू बढिरहेको सन्दर्भमा महिलाका यी यावत् समस्याहरूलाई न्यूनीकरण गर्दै महिलामाथि हुने हिंसा र दुर्व्यवहार अन्त्यका लागि महिला सशक्तीकरणको आवश्यकता रहेको कुरा औंल्याउनु भयो । उहाँले आगामी दिनमा पनि आयोगले सम्पूर्ण महिलाको हक, अधिकार र न्यायका लागि निष्पक्ष भएर आफ्नो जिम्मेवारी बहन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### १०.४ लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका महिलाहरूको विषयमा अन्तरक्रिया कार्यक्रम

२०७७ फागुन ६ गते मितिनी नेपालले आयोजना गरेको उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्याकुमारी सिन्हाले अतिथिको रूपमा उपस्थित भई लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमा रहेको नागरिकता, विवाहदर्ता लगायतका मुद्दाहरूलाई सम्बोधन गर्ने आयोगले आगामी दिनमा प्राथमिकतासाथ काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

### १०.५ प्रशिक्षक प्रशिक्षण तालिम

मिति २०७७ चैत्र ८ गते आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले महिला समूहका सहभागी प्रतिनिधिहरूलाई नेतृत्व विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमको सहभागीहरूलाई प्रमाणपत्र हस्तान्तरण गरी आगामी दिनमा पनि यस क्षेत्रमा निरन्तर

रूपमा लाग्नका लागि हौसला प्रदान गर्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले महिलाहरूले आत्मनिर्भर हुँदै सामाजिक, आर्थिक लगायत हरेक क्षेत्रमा नेतृत्व विकास गर्नुपर्ने र महिलाहरूको सीप, क्षमता र आर्थिक उत्पादनमा सहज पहुँच हुनुपर्ने कुरामा जोड दिनु भयो ।

### १०.६ मधेसी महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि पुरुषहरूसँगको सचेतनामूलक कार्यक्रम

राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्याकुमारी सिन्हाले सर्लाहीको बलरा नगरपालिका वडा नं ३ मा मधेसी महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि पुरुषहरूसँग सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुभयो ।

### १०.७ Central Level Interaction Program on Policy Dialogue to Mainstream Policy for Safe Learning Environment in School

२०७७ चैत्र १८ गते आयोजित उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्याकुमारी सिन्हाले प्रमुख अतिथिको रूपमा आफ्नो मन्तव्य राख्नु भएको थियो ।

### १०.८ लैङ्गिक हिंसा सम्बोधनमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका विषयक छलफल कार्यक्रम

२०७७ चैत्र २० गते आयोजित उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले कार्यक्रमको अध्यक्षता गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो । मन्तव्यको क्रममा उहाँले महिलाको हक हितको लागि धेरै कानून बनेको भएता पनि कार्यान्वयन पक्ष कमजोर रहेकोले सुधार गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो । साथै, उहाँले अझै पनि महिला तथा बालिकामाथि विभिन्न प्रकारका हिंसाहरू भइरहेको र हिंसा न्यूनीकरण र सम्बोधनका लागि आयोग निरन्तर क्रियाशील रहने कुराको प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

### १०.९ तेस्रो राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रम

२०७८ जेठ १६ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीको प्रमुख आतिथ्यमा राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित कार्यक्रममा विशेष अतिथिको रूपमा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले राज्यका न्याय, प्रशासन, शिक्षा, स्वास्थ्य, सुरक्षा लगायतका पेशागत विभिन्न क्षेत्रमा समेत महिलाहरूको उल्लेख्य सहभागिता भइरहेको र यो अवस्थालाई निष्पक्ष भएर विश्लेषण गर्दा राज्यको नीति-निर्माण र कार्यान्वयनका तहमा महिलाको सहभागिता र भूमिका क्रमशःबढिरहेको कुरा व्यक्त गर्नुभएको थियो । उहाँले महामारी र विपद्को अवस्थामा बालिका, किशोरी र महिलाहरू आफ्नै घर-परिवार, नजिकका आफन्त र समाजबाट नै असुरक्षित भएर झनै धेरै हिंसाको शिकार भएका कहाली लाग्दा घटनाहरू बाहिर आइरहेका छन् भन्दै अबको महिला सुरक्षा र अधिकारको सवाललाई महिलाको आर्थिक सशक्तीकरण र आत्मनिर्भरताको विषयतर्फ उन्मुख गराउँदै जानुपर्ने आवश्यकता भएको कुरामा जोड दिनुभयो । महिलाको हिंसारहित जीवन र आत्मसम्मानका लागि स्वआर्जनको आवश्यकता हुने हुँदा अब हरेक महिलाको मेहनत, श्रम र सीपलाई मूल्यमा रूपान्तरित हुने आर्थिक नीति र कार्यक्रमको आवश्यकता रहेको कुरा उहाँले औँल्याउनु भयो । मन्तव्यको क्रममा उहाँले महिलाको आर्थिक आत्मनिर्भरताले मात्र समानता र सह-अस्तित्वको निर्माण भई सही अर्थमा महिलाअधिकार उपयोग हुनेछ भन्ने मान्यताका साथ महिलाको अधिकार र सुरक्षाका लागि सबै निकायबाट समन्वय र सहकार्य गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

### १०.१० वृद्ध दम्पतिको उद्धार

काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्धमा लामो समयदेखि मयुरको प्वाँख बेचेर गुजारा गरिरहेका वर्ष ७६ का रामप्रसाद हुमागाई र वर्ष ७५ की निजकी श्रीमती गोपिनी खत्री हुमागाईलाई बन्दाबन्दीको समयमा मागेर गुजारा गरिरहेको स्थितिमा समयमा घरभाडा तिर्न नसकेपछि घरधनीले निकाला गरी अलपत्र पारेकोमा मिति २०७८ जेठ २७ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको पहलमा निजहरूलाई त्यहाँबाट उद्धार गरी समाज कल्याण केन्द्र पशुपति वृद्धाश्रममा संरक्षणका लागि व्यवस्थापन गरियो ।

### १०.११ प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (Reproductive Health Rights Working Group-RHRWG) को बैठक

| मिति | प्रदेश | स्थान |
|---|---|---|
| २०७८ वैशाख ७ | बागमती | काठमाडौं |
| २०७८ असार २७ | बागमती | काठमाडौं |

उक्त बैठकमा कार्य समूहले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र नियमावली, २०७७ को प्रभावकारी कार्यान्वयनमा राष्ट्रिय महिला आयोग समेतको समन्वयमा के-कस्ता क्रियाकलापहरू अघि बढाउन उपयुक्त हुन्छ भन्ने विषयमा छलफल गरेको थियो । साथै, सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन तथा कार्यविधि निर्देशिका, २०७८ को मस्यौदामा अपाङ्गतामैत्री र किशोरीमैत्री व्यवस्थाहरूलाई स्पष्ट रूपमा व्याख्या सहित समावेश गर्नको लागि सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजनाको विषयमा समेत छलफल भएको थियो ।

### १०.१२ विभिन्न कार्यक्रमहरूमा पदाधिकारीहरूको सहभागिता

- मिति २०७८ असार ९ गते (जुन २३) ११ औं अन्तर्राष्ट्रिय एकल महिला दिवसको अवसरमा मानवअधिकारका लागि एकल महिलाबाट आयोजित कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले एकल महिला मानव भएर बाँच्न पाउने न्यूनतम अधिकारबाट समेत वञ्चित भएको अवस्था रहेको र समाजमा विधवा महिलाप्रतिको सामाजिक विभेदको अन्त्य हुन नसकेको कुरालाई जोड दिनुभएको थियो । उहाँले विधवा महिलाले कुनै न कुनै रूपमा पारिवारिक, सामाजिक, साँस्कृतिक विभेद र हिंसा झेल्नुपरेको कारण विभिन्न किसिमका मानसिक र शारीरिक कष्टहरूको सामना गर्न बाध्य छन भन्दै आगामी दिनमा एकल महिलाको हितको लागि राज्य र सम्बन्धित निकायले समन्वय र सहकार्य गर्नुपर्ने कुरामा जोड दिनुभयो ।
- मिति २०७८ असार १५ गते Alliance against Trafficking in Women & Children in Nepal (AATWIN) द्वारा आयोजित "**मानव बेचबिखन रोकथाम, उद्धार, पुन:एकीकरण, सचेतना र चुनौतिहरु**" विषयक कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले प्रमुख अतिथिको रूपमा मन्तव्य राख्नुभएको थियो ।
- मिति २०७८ असार १८ गते National Law College द्वारा आयोजित कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले अतिथिको रूपमा प्रस्तुति राख्नुभएको थियो ।
- पूर्व आयुक्त समाजको आयोजनमा आयोजित "**सवैधानिक आयोगहरुबीचको समन्वय र सहकार्यका लागि पूर्व आयुक्त समाजको अपेक्षित भूमिका**" विषयक कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले अतिथिको रूपमा मन्तव्य राख्नुभएको थियो ।

- २०७८ असार २४ गते निर्वाचन आयोगद्वारा "**महिला र समावेशिता**" विषयमा आयोजित महिला आयुक्तहरूबीचको अन्तरक्रिया कार्यक्रममा आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुली, माननीय सदस्य  कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे र माननीय सदस्य सावित्राकुमारी शर्मा सहभागी हुनुभई आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।
- मिति २०७८ असार ३० गते Jury Nepal द्वारा आयोजित "**राजनीतिमा महिला सहभागिताः चूनौती तथा समाधान**" विषयक अन्तरसंवाद कार्यक्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीले विशेष अतिथिको रूपमा प्रस्तुति राख्नुभएको थियो ।

### १०.१३ निषेधाज्ञाको अवधिमा सञ्चालित महिला तथा बालबालिकाको राहत तथा उद्धार कार्य

आयोगबाट कोभिड-१९ को दोस्रो चरणको संक्रमणको कारण जारी निषेधाज्ञा तथा अन्य समयमा समेत महिला, बालिका, वृद्ध, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई राहत, उद्धार तथा अन्य प्रक्रियामा प्राथमिकता दिनका लागि विभिन्न निकायलाई पत्राचार गरिएको थियो । यसको साथै स्थानीय तहमा सञ्चालित क्वारेन्टिन तथा आइसोलेसन सेन्टरलाई महिलामैत्री हुने गरी व्यवस्थापन गर्नका लागि गृह मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सम्बन्धित निकायमा पत्राचार गरिएको थियो ।

### १०.१४ लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रणसम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन

कोभिड १९ को दोस्रो चरणको संक्रमण नियन्त्रणका सन्दर्भमा जारी निषेधाज्ञाको अवधिमा लैङ्गिक हिंसाको घटनाको सघन अनुगमन गर्ने, लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाको तत्काल उद्धार, राहत, औषधोपचार लगायतका विषयमा विभिन्न निकायसँग आवश्यक समन्वय गर्ने आयोगका माननीय अध्यक्षको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण सम्बन्धी उच्चस्तरीय अनुगमन तथा समन्वय समिति गठन गरिएको थियो । समितिमा विभिन्न मन्त्रालय र निकायबाट गरी कुल एक्काइस जना प्रतिनिधिहरू रहनु भएको थियो । समितिको पहिलो बैठक २०७८ जेठ २५ गते बसी विभिन्न निर्णयहरू भएकोमा कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा पठाइएको थियो ।

### १०.१५ जिङ्गल (Jingle) उत्पादन र प्रसारण

आयोगले जिङ्गल तथा श्रव्यदृश्यको माध्यमबाट जनचेतना अभिवृद्धि तथा हिंसा निवारणका लागि नेपाली, भोजपुरी र मैथिली भाषामा विभिन्न जिल्लाहरूको लागि जिङ्गल उत्पादन गरी प्रसारण गरेको थियो । उक्त जिङ्गल प्रसारणबाट स्थानीय समुदायमा सकारात्मक सन्देश पुगेको जानकारी समेत प्राप्त भएको हुँदा महिला हिंसा निवारणका क्षेत्रमा यसबाट सकारात्मक योगदान पुगेको मान्न सकिन्छ ।

### १०.१६ रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण

रेडियो नेपालबाट अबका महिला नामक रेडियो कार्यक्रम हरेक महिनाको दोस्रो र चौथो बिहीबार बिहान ७:४५ बजे विभिन्न विषयहरूमा केन्द्रित रही प्रसारण गरिएको थियो । उक्त रेडियो कार्यक्रम मार्फत महिला हक अधिकारको विषयमा जानकारी प्रवाह गर्ने, लैङ्गिक हिंसा नियन्त्रण गर्ने विषयमा सचेतना अभिवृद्धि गर्ने तथा आयोगबाट सञ्चालित विभिन्न गतिविधिहरू सम्बन्धमा आम सर्वसाधारणमा सूचना सम्प्रेषण गर्ने महत्वपूर्ण सघाउ पुगेको थियो ।

### १०.१७ सामुदायिक एफ.एम. हरूसँगको सहकार्य

आर्थिक वर्ष २०७७/७८ मा आयोगले सातवटै प्रदेशका निम्नानुसारका सामुदायिक रेडियो तथा एफ.एमहरूसँग सहकार्य गर्दै आयोगबाट प्रदान गरिने सेवाहरूको साथै महिला हक, हित, अधिकार र सशक्तीकरण सम्बन्धी विभिन्न सूचना तथा कार्यक्रमहरू प्रसारण गरेको थियो ।

| क्र.सं | प्रदेश | रेडियो /एफ.एम |
|---|---|---|
| १. | प्रदेश १ | रेडियो पूर्वाञ्चल |
| २. | | रेडियो उदयपुर |
| ३. | प्रदेश २ | रेडियो निजगढ |
| ४. | | रेडियो सर्लाही |
| ५. | बागमती प्रदेश | रेडियो धादिङ |
| ६. | | रेडियो सैलुङ्ग, दोलखा |
| ७. | गण्डकी प्रदेश | रेडियो दिदीबहिनी |
| ८. | | रेडियो गोर्खाली |
| ९. | लुम्बिनी प्रदेश | रेडियो मुक्ति, रूपन्देही |
| १०. | | रेडियो कृष्णसार, बाँके |
| ११. | कर्णाली प्रदेश | रेडियो राप्ती, सल्यान |
| १२. | | रेडियो ध्रुवतारा, दैलेख |
| १३. | सुदूर-पश्चिम प्रदेश | रेडियो झिलमिला, कञ्चनपुर |
| १४. | | रेडियो युनिटी, डडेलधुरा |

### १०.१८ विभिन्न निकायहरूसँग समन्वय र सहकार्य

आ.व. २०७७/७८ मा आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विभिन्न निकायहरूसँग समन्वय र सहकार्य गरेको थियो । आयोगबाट जिल्लास्तरमा गरिने विभिन्न कार्यक्रमहरू संयोजन गर्ने कार्यमा स्थानीय तह, जिल्ला समन्वय समिति, स्थानीय प्रशासन, शिक्षा विकास तथा समन्वय एकाइ, नेपाल प्रहरी, पत्रकार तथा विभिन्न सरोकारवाला व्यक्ति तथा संस्थाहरूबाट निरन्तर आवश्यक सहयोग तथा समन्वय हुँदै आएको छ । आयोगले गर्ने विभिन्न गोष्ठी, छलफल, सार्वजनिक सुनुवाइ तथा अन्तरक्रियाहरूमा आवश्यकता अनुसार विशेषज्ञहरूको सल्लाह सुझाव प्राप्त भई कार्यक्रमको निर्धारित उद्देश्य हासिल गर्न सहयोग पुगेको छ ।

World Bank, UNFPA, UN WOMEN, VSO, UNDP, IPAS आदि जस्ता विकासका साझेदारहरू र महिला कानून र विकास मञ्च, वियोण्ड बेइजिङ्ग कमिटीजस्ता संस्थाहरूले आयोगको उद्देश्य तथा रणनीतिलाई मूर्तरूप दिन प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्दै आएका छन् ।

### १०.१८.१ सरकारी तथा गैर सरकारी सेवा प्रदायक संस्थाहरूसँगको सहकार्य

आयोगले महिला अधिकारबाट वञ्चित, पीडित वा असहाय महिलालाई कानूनी सहायता प्रदान गर्दै आएको छ । आयोगले अधिकारबाट वञ्चित, पीडित महिलाहरूलाई निःशुल्क कानूनी सहायता प्रदान गर्नका लागि कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) र नेपाल वार एशोसियसनसँग सम्झौता गरी निरन्तर निःशुल्क कानूनी सहायताको व्यवस्था गर्दै आएको छ । यसले गर्दा आर्थिक अवस्था कमजोर भएका कारण मुद्दामा आफ्नो कानून व्यवसायी नियुक्त गर्न असमर्थ महिलाहरूको न्यायमा सहज पहुँच भएको छ । आयोगले हिंसापीडित महिलालाई साथी संस्था मार्फत पुनःस्थापनाको व्यवस्था मिलाउँदै आएको छ । मनोसामाजिक परामर्श आवश्यक भएका महिलाहरूलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्नका लागि बहुसाँस्कृतिक मानसिक स्वास्थ्य परामर्श केन्द्र (TPO) नेपालसँग सम्झौता गर्दै आएको छ । आवश्यकता अनुसार आयोगले सञ्चारिका समूह, आशा नेपाल, एपीरोन, माइती नेपाल, एटविन, आफन्त नेपाल, पौरखी, अमकाश नेपाल लगायतका संघ संस्थाहरूसँगको समन्वयमा अन्य सेवाहरू पनि प्रदान गर्दै आएको छ ।

### १०.१८.२ प्रजनन स्वास्थ्य अधिकार कार्य समूहको संयोजकत्व

आयोगले प्रजनन स्वास्थ्य अधिकार कार्य समूह गठन गरी प्रजनन स्वास्थ्य अधिकारको क्षेत्रमा कार्य गर्दै आएको छ । यस समूहको संयोजकत्व आयोगले गर्दै आएको छ भने महिला, कानून र विकास मञ्च सचिवालयको रूपमा रहेको छ । यस समूहमा प्रजनन स्वास्थ्य अधिकारको क्षेत्रमा क्रियाशील भई कार्य गरिरहेका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू (Center for Reproductive Rights (CRR), Beyond Beijing Committee, Center for Research on Environment, Health and Population Activities (CREHPA), Family Planning Association of Nepal (FPAN), Kathmandu School of Law, IPAS Nepal, National Disabled Women Association, Sunaulo Parivar Nepal, Marie Stopes International Nepal, PSI Nepal, Sancharika Samuha, Safe Motherhood Network Federation, Youth Champions Advocacy Network Nepal आदि) आबद्ध रहेका छन् ।

### १०.१८.३ लैङ्गिकतामा आधारित हिंसा विरुद्धको सञ्जाल (GBV Network) को सह-अध्यक्षता

राष्ट्रिय महिला आयोगले UNFPA सँगको सहकार्यमा यस सञ्जालको सह-अध्यक्षता गर्दै आएको छ । यस सञ्जालमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको प्रतिनिधित्व रहेको छ । यस सञ्जालले हिंसा रोकथाम र सम्बोधनका लागि संघ, प्रदेश तथा स्थानीय तहमा रहेका विभिन्न निकायहरूबीच समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्य राखेको छ । यस सञ्जालले लैङ्गिक हिंसा नियन्त्रण र महिला सशक्तीकरणका विषयमा छलफल गरी प्राप्त सुझावहरूको कार्यान्वयनको लागि समेत कार्य गर्दै आएको छ । यस आ.व.मा निम्न विषयहरूमा छलफल गरिएको थियो:

- Experience of Hotline Services in the Context of Covid-19 and Lockdown
- Covid-19 Preparedness and Response
- Sexual Harrasment at the Work Place
- GBV against Adolescent Girls
- Engaging Men and Boys in Addressing GBV
- Economic Empowerment of Adolescent Girls
- Impact of GBV on Caste /Ethnic Minorities

# परिच्छेद-११
# निष्कर्ष, सुझाव तथा भावी कार्यदिशा

**११.१ निष्कर्ष**:

- महिला हक अधिकारको संरक्षण र संवर्द्धन महिला विरूद्ध हुने सबै किसिमका विभेद दुर्व्यवहार र शोषणको निवारण तथा महिलालाई सशक्तीकरण गरी लैङ्गिक समानता र लैङ्गिक न्याययुक्त समाज निर्माणमा सहयोग पुऱ्याउन स्थापित राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता प्राप्त गरेसँगै हालका वर्षहरूमा आफ्नो भूमिका र क्रियाशीलता बढाउँदै लगेको छ । आयोगमा लामो समयसम्म रिक्त रहेको पदहरूमा पदाधिकारीहरूको नियुक्ति र पदबहालीसँगै महिला हक अधिकारको संवर्द्धन तथा महिला हिंसा सम्बोधन र निवारणका क्षेत्रमा आयोगले थप तत्परता देखाई सक्रिय भूमिका निर्वाह गर्न थालेको छ । आयोगले महिलालाई संविधान तथा प्रचलित अन्य कानून तथा नीतिहरूले प्रदान गरेका हक अधिकारलाई व्यवहारमा पूर्णतः लागू गर्न गराउन, महिलालाई आफ्नो हक अधिकारबारे सचेत र सजग गराउन, लैङ्गिक हिंसामा परेका महिलालाई तत्काल उद्धार गरी आवश्यक सहायता र संरक्षण प्रदान गर्न महिला-मैत्री नीति कानून तथा व्यवस्थाहरू अवलम्बन गरी कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय र सहजीकरणको कार्य गर्दै आएको छ ।

- आयोगले महिलाको हक हितसम्बन्धी नीति/कानून तथा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व तथा प्रतिबद्धताहरू कार्यान्वयन भए नभएको विषयमा निरन्तर अनुगमन गरी प्रभावकारी कार्यान्वयन तथा पालनाको लागि नेपाल सरकारलाई सुझाव र सिफारिसहरू गर्दै आएको छ । आयोगले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूलाई लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्न विभिन्न नीतिगत, कार्यक्रमगत र संरचनागत सुधार गर्नका लागि सुझाव र सिफारिसहरू गरी सोको कार्यान्वयनको अनुगमन समेत गर्ने गरेको छ । आयोगले लैङ्गिक हिंसामा परेका महिलाको तत्काल उद्धार र संरक्षणका लागि "**खबर गरौँ ११४५ निःशुल्क हेल्पलाइन**" सेवा सञ्चालन गरी हिंसा पीडितको लागि आवश्यक विविध सेवाहरू जस्तैः मनोसामाजिक परामर्श, कानूनी सहायता र परामर्श, सुरक्षित आश्रयस्थल सेवा आदि उपलब्ध गराउँदै आएको छ ।

- महिला हक अधिकारको संरक्षण र महिला हिंसा निवारणको क्षेत्रमा आयोगले सम्बन्धित सरोकारवाला निकायहरूसितको समन्वय र साझेदारीमा विभिन्न सचेतनामूलक जागरणमूलक कार्यक्रम अन्तरक्रिया गोष्ठी आदि कार्यक्रमहरू प्रदेश तथा स्थानीय तहमा सञ्चालन गर्दै आएको छ । महिलालाई प्रचलित कानून र नेपाल सरकारका नीतिहरूले व्यवस्था गरेका हक, अधिकारबारे सुसूचित तुल्याउन तथा लैङ्गिक हिंसा विरूद्ध सचेतना अभिवृद्धि गर्न आयोगले सूचनामूलक तथा प्रवर्द्धनात्मक सामग्रीहरू तयार तथा प्रकाशन गरी कार्यक्रमहरूमा वितरण पनि गर्दै आएको छ ।

- राष्ट्रिय महिला आयोगका पदाधिकारीहरूबाट गत आर्थिक वर्षमा महिला हिंसासम्बन्धी घटनाहरूको स्थलगत अनुगमन, निरीक्षण गरी पीडितलाई तत्काल न्याय दिलाउन र दोषीलाई कानूनी कारवाहीको दायरमा ल्याउन पहलहरू भएको छ । साथै, संघ संस्थाहरूबाट सञ्चालन भएका महिला विकास

र सशक्तीकरण कार्यक्रमहरूमा उपस्थित भई महिलासँग सम्बन्धित विषयहरूमा जानकारी लिने तथा आयोगबाट पहल हुनुपर्ने विषयमा सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरी सुझाव तथा प्रतिवेदन तयार गर्ने कार्य भएको छ । यसको साथै पदाधिकारीहरूले सञ्चार माध्यममा आयोगको उपलब्धि, सामना गर्नु परिरहेका चुनौतीहरूको साथै भावी कार्ययोजनाको बारेमा समेत विचार प्रस्तुत गर्नुभएको छ ।

- संविधान तथा कानूनले आयोगलाई महिला हिंसाका विषयमा उजुरीको छानविन गर्न सक्ने अधिकार समेत दिएको सन्दर्भमा पीडित पक्षबाट उजुरी लिई त्यसको छानबिन गरी आवश्यकतानुसार कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने तथा पीडित र पीडक दुवै पक्षलाई आयोगमा झिकाई उजुरीमा जिकिर गरिएका विषयमा दुवै पक्षको राय सुनी हिंसा पीडितहरूलाई न्याय दिलाउने कार्य गरिएको छ । हिंसा तथा कुरीतिबाट पीडित महिलाको उद्धार, संरक्षण तथा पुनःस्थापनाका लागि आवश्यक सहयोग उपलब्ध गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने कार्य पनि भएको छ ।

- राज्यले अवलम्बन गरेको कानूनी तथा नीतिगत सुधारको परिणामस्वरूप लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरू हालका वर्षहरूमा कल्याणकारी अवधारणाबाट क्रमशः महिलाको अधिकारमा आधारित अवधारणाबाट निर्देशित हुँदै जान थालेका छन् । यो सकारात्मक उपलब्धिलाई आगामी दिनमा थप सुदृढ तुल्याउँदै राज्यका सबै निकायहरूले महिला विकाससम्बन्धी कल्याणकारी अवधारणा वा आवश्यकतामा आधारित जुनसुकै कार्यक्रमलाई मानव अधिकारमा आधारित अवधारणामा रूपान्तरित गर्दै कार्यान्वयन गर्न जोड दिन आवश्यक छ ।

- महिला हक अधिकारको संरक्षण र संवर्द्धन गरी लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्न राज्यका तीन तह र निकायबाट नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा रहेको भए तापनि कार्यान्वयन पक्ष फितलो रहँदा अपेक्षित नतिजा हासिल हुन सकेको छैन । कार्यक्रम कार्यान्वयनका क्रममा तीन तहका सरकार र निकायहरूबीच आवश्यक समन्वय र सहकार्यको कमी, कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त बजेट र जनशक्तिको अभाव, सञ्चालित कार्यक्रम लक्षित समूहसम्म नपुग्नु, कार्यान्वयन पक्षको सघन अनुगमन नहुनु आदिले कार्यक्रमको प्रभावकारिता अपेक्षा अनुरूप हासिल हुन सकेको छैन ।

- प्रदेश र स्थानीय तहका सरकारले महिलालाई सशक्तीकरण गर्ने, महिला उपर हुने हिंसालाई नियन्त्रण गर्ने महिला जागरूकता र उद्यमशीलता प्रवर्द्धन गर्ने तथा लैङ्गिक सबालहरूलाई सम्बोधन गर्न सघाउ पुग्ने कार्यक्रमहरूका लागि प्राथमिकता दिन सकेको देखिँदैन । प्रदेश तथा स्थानीय तहले महिला विकास कार्यक्रमका लागि प्राथमिकताका साथ पर्याप्त बजेट तथा जनशक्ति छुट्याउन नसक्दा स्थानीय तहमा महिला सशक्तीकरणका कार्यक्रमहरू औपचारिकतामा नै सीमित रहन पुगेका देखिन्छन् ।

- विभिन्न कानूनी व्यवस्था र संरचनाका बाबजुद महिला हिंसाका घटना नियन्त्रण हुनुको सट्टा झन् झन् बढ्दै गइरहेको छ । महिलाहरूमा शिक्षा र सचेतनाको कमी, स्वरोजगारीको अभाव, आर्थिक परनिर्भरता, ग्रामीणस्तरमा परम्परागत रूढीवादी सोचको बाहुल्य, धार्मिक प्रथा परम्पराका नाममा प्रचलनमा रहेका बोक्सी, छाउपडी, बालविवाह, बहुविवाह, दाइजो तथा तिलक प्रथा जस्ता खराब सामाजिक अभ्यासहरू आदिले महिला, किशोरी तथा बालबालिकाहरू अझै पनि शारीरिक मानसिक हिंसाको उच्च जोखिममा रहेका छन् । यसैगरी लैङ्गिक तथा यौनिक अल्पसंख्यकमाथि हुने शारीरिक तथा

मानसिक हिंसाका घटना पनि बढ्दै गएको पाइन्छ । हिंसामा परेका महिला, किशोरी, बालबालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि सरल, सहज र शीघ्र तवरमा न्याय दिलाउने कार्यमा प्रहरी, स्थानीय प्रशासन, न्यायिक समिति, अदालत लगायतका सम्बन्धित निकायहरूबाट थप पहल हुनुपर्ने देखिन्छ ।

- महिलालाई विभेद गर्ने कानूनी व्यवस्थाहरूमा पुनरावलोकन गरी लैङ्गिक समानता कायम गर्ने पक्षमा उल्लेख्य सुधार गर्ने प्रयास भएको पाइए तापनि अझै पनि कतिपय कानूनहरू लैङ्गिक दृष्टिले सुधार गर्न बाँकी नै छ । नेपाल पक्ष भएका महिलाको हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि/सन्धि अनुकूल हुने गरी मुलुकको आन्तरिक कानूनमा सुधार गर्नुपर्ने विषयहरू अझै केही छन् । ती विषयहरू आयोगबाट अध्ययन गराइएका विभिन्न प्रतिवेदनहरूमा उल्लेख गरिएका छन् । त्यसलाई प्राथमिकतासाथ सम्बोधन गर्नुपर्ने खाँचो छ ।

- विगतमा नेपाल सरकारबाट निकै उत्साहका साथ शुरू गरिएको लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन प्रक्रिया हालका दिनमा शिथिल हुन पुगेको देखिन्छ । खासगरी प्रदेश तथा स्थानीय तहमा यस सम्बन्धमा आवश्यक सूचना तथा जानकारीको अभावले लैङ्गिक उत्तरदायी बजेटले प्राथमिकता पाउन सकेको देखिँदैन । यसलाई निश्चित नीतिगत व्यवस्था गरेर सबै तहका सरकारको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अनिवार्य रूपमा अवलम्बन गर्ने र लैङ्गिक लेखापरीक्षण गर्ने पद्धतिलाई समेत कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- अधिकांश महिला तथा किशोरीहरू अनौपचारिक क्षेत्रमा काम गर्ने भएको हुँदा तिनीहरूले गरेको श्रमको मूल्य तथा तिनीहरूले राष्ट्रिय अर्थतन्त्रमा पु¥याएको योगदानको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । अतः महिला, किशोरी, लैङ्गिक तथा अल्पसंख्यक र अपाङ्गता भएका महिलाहरूले अर्थतन्त्रमा पु¥याएको यथार्थ योगदान खुल्ने गरी खण्डीकृत तथ्याङ्कहरू तयार गर्नुपर्ने देखिन्छ ।

- राज्यले लिएको समावेशी र समानुपातिक प्रतिनिधित्वको नीतिले राज्यका विभिन्न तह र संरचनाहरूमा महिलाहरूको उल्लेख्य सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ । तर अझै पनि नीतिगत निर्णय गर्ने तहमा महिलाको पहुँच र उपस्थिति न्यून रहेको छ । अतः महिलाको क्षमता अभिवृद्धि गरी नीतिगत तहमा समेत महिलाको उल्लेख्य र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न मौजुदा कानून, प्रशासनिक तथा सामाजिक संरचनाहरूमा परिवर्तन गर्नुपर्ने देखिन्छ ।

### ११.२ उपलब्धिहरूः

- घरेलु तथा लैङ्गिक हिंसाको समस्यामा परेका महिला तथा बालबालिकाको उद्धार तथा संरक्षणका लागि विगतमा विश्व बैङ्कको सहयोगमा सञ्चालित "**खबर गरौँ ११४५ निःशुल्क हेल्पलाइन**" सेवालाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्ने सम्बन्धमा संगठन तथा व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन तयार गरी विभिन्न तहका कुल १७ वटा पदको अस्थायी दरबन्दी सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारबाट निर्णय भई त्यसमा साबिकदेखि काम गर्दै आएका कर्मचारीहरूमध्ये सम्बन्धित पदसँग मिल्दो पदमा निश्चित योग्यता र कार्यअनुभव भएका कर्मचारीहरूलाई करार सेवामा नियुक्ति गर्ने कार्य भएको छ । यसबाट हेल्पलाइन सेवालाई निरन्तरता दिन सहयोग पुगेको छ ।

- हेल्पलाइन सेवाको निरन्तरताबाट हिंसामा परेका महिला तथा बालबालिकालाई तत्काल उद्धार र संरक्षण गर्न सहयोग पुगेको छ । आयोगले सञ्चालन गर्दै आएको हेल्पलाइन सेवा हिंसामा पर्ने

महिला, किशोरी तथा बालबालिकाका लागि उजुरी गर्ने सजिलो र भरपर्दो माध्यम बन्न पुगेको छ । यस सेवामार्फत हिंसा प्रभावितहरूलाई निःशुल्क कानूनी सहयोग, अल्पकालीन सुरक्षित आवास, मनोसामाजिक परामर्श सेवाहरू प्रदान गर्दै विशेष सहयोग पुऱ्याइएको छ । हेल्पलाइनमार्फत उजुरी गर्ने उजुरीकर्ताहरूको गोपनीयतालाई सुनिश्चित गरिएको हुनाले समस्यामा परेका महिला तथा बालबालिकाले हेल्पलाइनमा आफ्ना कुराहरू निर्धक्कसाथ राख्दै आवश्यक सहयोग एवं परामर्श प्राप्त गर्ने गरेका छन् । हेल्पलाइनमार्फत सम्पर्कमा आएका हिंसा पीडित तथा प्रभावित र हिंसाको जोखिममा रहेका महिलाहरूको उजुरी तत्कालै सम्बोधन हुने हुनाले यसले उनीहरूको सरल तथा सहज न्याय प्राप्तिको मार्गलाई सुनिश्चित गरेको छ । कोभिड-१९ महामारीको कारण सृजित बन्दाबन्दीको समयमा पनि आयोगले हेल्पलाइन सेवालाई निरन्तरता दिँदै साझेदार संस्थाहरूसँग मिलेर हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक सेवाहरू प्रदान गर्दै आएको छ ।

- आयोगले सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्रदान गरिने अत्यावश्यक सेवाहरूको नक्साङ्कन (Service Mapping) गरी यससम्बन्धी विवरणलाई अद्यावधिक गर्दै आयोगको वेबसाइट (www.nwchelpline.gov.np) मा समेत राख्दै आएको छ । यसबाट हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक सेवा उपलब्ध गराउने कार्यमा सम्बन्धित संस्थाहरूसँग समन्वय गर्न सहयोग पुगेको छ ।

- आयोगले लैङ्गिक सरोकारको क्षेत्रमा काम गर्ने विज्ञ व्यक्ति तथा महिला हक हित र अधिकारका क्षेत्रमा काम गर्ने संघसंस्थाहरूको विस्तृत रोष्टर तयार गरेको छ । यसबाट आयोगलाई आगामी दिनमा लैङ्गिक सरोकारका विषयमा नीतिगत बहस (Policy dialogue) गर्न, अध्ययन अनुसन्धान गराउन, परामर्श सेवा उपलब्ध गर्न सहज हुने भएको छ ।

- आयोगले रेडियो तथा विभिन्न एफ.एम.का माध्यमहरूबाट महिला हक अधिकार प्रवर्द्धन र महिला हिंसा निवारणसम्बन्धी विषयमा नियमित तवरमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरी देशभरका महिलाहरूलाई सुसूचित गर्ने कार्य गरेको छ ।

- आयोगले संवैधानिक मान्यता प्राप्त गरेको करिब पाँच वर्षपछि पदाधिकारीहरूको नियुक्ति भै पदबहाली भएपश्चात् महिला हक अधिकारको संरक्षण र लैङ्गिक हिंसा नियन्त्रणका क्षेत्रमा आयोगको उपस्थिति बलियो हुन पुगेको छ । सीमित जनशक्ति र सीमित साधनस्रोतको बाबजुद पनि आयोगले महिला अधिकारका पक्षमा निरन्तर पैरवी तथा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी हिंसा पीडित/प्रभावित महिलाहरूलाई न्याय दिलाउन अग्रणी भूमिका निर्वाह गरेको छ ।

- आयोगको दैनिक प्रशासनिक कामहरू र उजुरी तथा मुद्दा व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने सन्दर्भमा राष्ट्रिय महिला आयोग नियमावली २०७८ स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन गरिएको छ ।

- आयोगको बैठक सञ्चालनलाई व्यवस्थित गर्न बैठक सञ्चालन कार्यविधि २०७८ र आन्तरिक व्यवस्थापनलाई चुस्त बनाउन आन्तरिक व्यवस्थापन निर्देशिका २०७८ तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

- महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा महिला विरूद्ध हुने कुनै पनि किसिमको हिंसालाई नियन्त्रण गर्न आयोगले विभिन्न सरोकारवाला निकाय संघ संस्थाहरूसँग समन्वय र सहकार्य वृद्धि गर्दै सरोकारका विषयहरूमा पैरवी गर्दै आएको छ । यसबाट आम महिला तथा बालबालिकाहरू लाभान्वित भएका छन् ।

- आयोगले प्रजनन स्वास्थ्य अधिकार कार्यसमूह (RHRWG) मा नेतृत्वदायी भूमिका निर्वाह गरी प्रत्येक महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई स्थानीय स्तरसम्म सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ ।
- संवेदनशील र जघन्य प्रकृतिका महिला हिंसाका घटनाहरूमा आयोगका पदाधिकारीको नेतृत्वमा अनुगमन टोली खटिई घटनाको सत्यतथ्यलाई उजागर गर्ने, दोषीलाई कानूनी कारवाही गर्न र पीडितलाई न्याय दिलाउन सहयोग पुगेको छ ।
- आयोगले आफ्नो वेबसाइट (www.nwc.gov.np), "**खबर गरौँ ११४५ निःशुल्क हेल्पलाइन**", मोबाइल एप्स तथा प्रकाशनहरूको माध्यमबाट महिला हिंसा निवारणका सम्बन्धमा सचेतनामूलक सन्देश प्रचार प्रसार गरी महिलालाई हिंसा विरूद्ध जागरूक बनाउन सहयोग पुऱ्याएको छ । आयोगबाट सञ्चालन भएका रेडियो कार्यक्रम तथा सचेतनामूलक कार्यक्रमका कारण महिला विरूद्ध हुने घरेलु हिंसा सामाजिक विभेद दुर्व्यवहार र शोषणका घटनामा हेल्पलाइन मार्फत उजुरी गर्नेको संख्यामा वृद्धि भएको छ ।
- आयोगबाट विभिन्न प्रदेश तथा स्थानीय तहमा सञ्चालित सचेतनामूलक कार्यक्रमहरूले महिलालाई अपहेलित गर्ने विभिन्न कुरीतिहरू तथा हानिकारक सामाजिक अभ्यासहरूलाई नियन्त्रण र निरूत्साहित गर्न सहयोग पुऱ्याएको छ ।
- लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका मन्त्रालय/निकायहरूबाट आवश्यक पहलकदमी लिन आयोगबाट अनुरोध गरिएका विषयमा सम्बन्धित मन्त्रालय/निकायबाट चालिएका कदमहरूले लैङ्गिक समानता तथा लैङ्गिक न्याय कायम गर्ने दिशामा सहयोग पुगेको छ ।
- महिला हक अधिकारसम्बन्धी नेपाल पक्ष भएका सिड (CEDAW) लगायतका महासन्धिहरूको कार्यान्वयनको अवस्था सम्बन्धमा आयोगबाट गराइएका अध्ययन/अनुसन्धानहरूले सरकारले जाहेर गरेका प्रतिबद्धताहरू र कार्यान्वयन अवस्थाबीचको अन्तराल (Gap) पहिचान भई सुधार गर्न बाँकी विषयमा आवश्यक पहलकदमी लिन सम्बन्धित मन्त्रालय/निकायलाई अभिप्रेरित गरेको छ।
- राज्यले लिएको समावेशी नीति अनुरूप राज्यका सबै तह र संरचनामा महिलाको उल्लेख्य उपस्थिति र सहभागिता बढेको छ । राजनैतिक, आर्थिक, सामाजिक सबै क्षेत्रमा महिलाको सक्रियता र संलग्नता बढ्दै गई नीति निर्माण तहमा उनीहरूको भूमिका क्रमशः स्थापित हुँदै गएको छ । नेपाल सरकारले महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि गरेका नीतिगत तथा कानूनी व्यवस्था र कार्यान्वयनमा ल्याएका कार्यक्रमहरूले महिला प्रतिनिधित्व र सहभागिता बढाउन तथा आर्थिक स्रोत साधनमा महिलाको पहुँच बढाउन सहयोग पुऱ्याएका छन् ।
- महिला हिंसा नियन्त्रण राज्यको प्राथमिकताको विषय बनेको छ । हिंसामा परेका महिलाको तत्काल उद्धार, संरक्षण, स्वास्थ्योपचार, पुनःस्थापना आदिका लागि संघ तथा प्रदेश सरकारहरूबाट विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । देशका विभिन्न ८० वटा अस्पतालमा सञ्चालित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (OCMC) बाट हिंसामा परेका महिलाहरूको उद्धार, स्वास्थ्योपचार तथा मेडिको-लिगल सेवाका लागि महत्वपूर्ण सहयोग पुगेको छ । आगामी दिनमा यसको प्रभावकारिता वृद्धि गर्दै दुर्गम र ग्रामीण क्षेत्रका हिंसा पीडित महिलाहरूको पहुँच सुदृढ तुल्याउन आवश्यक छ ।
- आयोगले GBV Network मार्फत कोभिड-१९ को समयमा पनि विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघसंस्थाहरूसँग लैङ्गिक हिंसाका विषयहरूमा छलफल गरी प्राप्त सुझावहरूको कार्यान्वयको लागि पहल गरेको छ ।

- आयोगले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग समन्वय गरेर लैङ्गिक हिंसा निवारण कोषबाट यस आ.व.मा तीनजना हिंसा पीडित महिलाहरूलाई आर्थिक सहयोग उपलब्ध गराएको छ ।

## ११.३ चुनौतीहरू:

- लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्ने विषय अन्तर-सम्बन्धित विषय भएकोले कुनै एउटा मन्त्रालय वा निकायबाट मात्र यसलाई पूर्ण रूपमा कार्यान्वयनमा उतार्न सम्भव हुँदैन । यसको लागि राज्यका तीनवटै तहका सरकार- संघ, प्रदेश र स्थानीय तहबाट निश्चित उपलब्धि सूचकको कार्ययोजना सहित कार्यक्रमहरू नियमित तवरमा सञ्चालन गर्नुपर्ने हुन्छ । यस क्रममा राज्यका तीनवटै तहबीच समन्वय सुदृढ गरी लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि पर्याप्त बजेट र जनशक्तिसहित प्रभावकारी तवरमा कार्यक्रमहरू सञ्चालन गर्नु चुनौतीपूर्ण कार्य रहेको छ ।

- महिला समानता र लैङ्गिक न्यायका लागि संविधान तथा अन्य कानूनहरूले धेरै कुराको व्यवस्था गरेका छन् । तर एकातिर तिनको कार्यान्वयन जे जति चुस्त रूपमा हुनुपर्ने हो त्यो हुन सकेको छैन भने अर्कोतिर अहिले पनि कतिपय कानूनहरू नेपाल पक्ष भएका महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून/महासन्धि अनुकूल संशोधन हुन नसक्दा महिलाहरूले सारभूत समानताको अनुभूति गर्न पाएका छैनन् । अतः अन्तर्राष्ट्रिय कानून/महासन्धि अनुकूल मुलुकका कानूनहरूमा संशोधन गरी महिलाविरूद्ध हुने सबै किसिमका विभेद, असमानता र दुर्व्यवहारलाई उन्मूलन गर्दै महिलाहरूलाई समान अवसर उपलब्ध गराउन आवश्यक छ ।

- परम्परागत पितृसत्तात्मक सोच, संकुचित सामाजिक मूल्य-मान्यता, महिलालाई स्वतन्त्र र स्वनिर्णयको अधिकार दिन कञ्जुस्याइँ गर्ने पारिवारिक संरचना आदिले महिलालाई अझै पनि समाजमा पुरूषसरह समान हक अधिकार र स्वतन्त्रता उपभोग गर्न अंकुश लगाई रहेका छन् । अझै पनि महिला र पुरूषबीच श्रम बजारमा ज्यालामा विभेदपूर्ण स्थिति रहेको छ । विद्यमान संकुचित सामाजिक मूल्य-मान्यता र परम्परागत सोचलाई आमूल परिवर्तन गरी लैङ्गिक समानतायुक्त समाज निर्माण गर्ने कार्य चुनौतीपूर्ण छ ।

- स्थापनाकालदेखि आयोग भाडाको घरमा बस्दै आएको छ । आयोगको आफ्नो भवन र जग्गा नहुँदा दैनिक प्रशासनिक कार्य सम्पादनमा असहजता हुनुका साथै सेवाग्राहीका लागि समेत सुविधाजनक तरिकाले सेवा प्रवाह गर्न कठिनाइ भइरहेको छ । खासगरी मनोसामाजिक परामर्श र कानूनी सहायताका लागि आउने हिंसा पीडितहरूलाई व्यवस्थित कक्षबाट सेवा प्रवाह गर्न सकिएको छैन । आयोगलाई घर भाडामा दिने निकायहरूबाट स्वयंलाई आफ्नो भवन साँघुरो भई बारम्बार आयोगलाई अन्यत्र सर्न अनुरोध भइरहेको सन्दर्भमा आयोगलाई तत्काल आफ्नै जग्गा र भवनको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

- आयोगको प्रदेशस्तरीय कार्यालयहरू नहुँदा जिल्ला तथा स्थानीय स्तरमा घट्ने महिला हिंसाको उजुरी सुन्ने, सोको सम्बोधन गर्ने काम आयोगको केन्द्रीय कार्यालयबाट हुँदै आएको छ । यसले हिंसा पीडित/प्रभावितहरूलाई तत्काल उद्धार र संरक्षण गर्न कठिनाइ भइरहेको छ । साथै, देशको दुर्गम क्षेत्रबाट काठमाडौंसम्म आई सेवा लिनुपर्दा पीडितलाई खर्चिलो र झण्झटिलो पनि हुने गरेको छ । यस कुरालाई मध्यनजर गरी आयोगको प्रदेशस्तरीय कार्यालयहरू यथाशीघ्र स्थापना गरी सञ्चालनमा ल्याउन जरूरी भइसकेको छ।

- हिंसामा परेका वा पर्ने लागेका महिला, किशोरी तथा बालिकाहरूको उद्धार र संरक्षणका लागि आयोगबाट सञ्चालित "**खबर गरौँ ११४५ निःशुल्क हेल्पलाइन**" सेवा सञ्चालनका लागि सिर्जित अस्थायी दरबन्दी हाल एक वर्षका लागि मात्र भएको हुँदा यसलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिँदै जानुपर्ने आवश्यकता छ । यो उजुरी संयन्त्र हिंसा पीडित/प्रभावितहरूका लागि आफ्नो समस्या वा गुनासो व्यक्त गर्ने एक भरपर्दो र प्रभावकारी माध्यम भएकोले यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै आगामी वर्षहरूमा पनि निरन्तरता दिनुपर्ने चुनौती छ ।
- सबै प्रदेशहरूमा हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक पर्ने सबै सेवा सुविधाहरू एउटै स्थलबाट उपलब्ध गराउने गरी व्यवस्थित पुनःस्थापना केन्द्रहरू स्थापना तथा सञ्चालन हुन नसक्दा हिंसा पीडित/प्रभावितहरूको पुनःस्थापनामा कठिनाइ भइरहेको छ । हाल आयोगबाट सुरक्षित आश्रयस्थल तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने गैरसरकारी स्तरबाट सञ्चालित केही सेवा प्रदायक संस्थासँग निश्चित अवधिको सम्झौता गरी पीडित/प्रभावितहरूका लागि आवश्यक सेवाको लागि प्रेषण गर्ने गरिएकोमा सेवाग्राहीको संख्याको तुलनामा यस्तो सेवा सीमित संख्यामा मात्र उपलब्ध गराउन सकिएको छ । साथै हिंसा पीडित/प्रभावित महिलाहरूको दीर्घकालीन व्यवस्थापनमा कठिनाइ भइरहेको छ । मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडितहरूलाई उचित आश्रयस्थल र पुनःस्थापना गृहको अभावले गर्दा उनीहरूको व्यवस्थापनमा कठिनाइ भोग्नु परिरहेको छ । हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक कुनै सीप प्रशिक्षण उपलब्ध गराउन नसकिँदा उनीहरूको दीर्घकालीन व्यवस्थापन गर्न कठिन भई उनीहरू बारम्बार हिंसामा पर्ने जोखिम रहेको छ ।
- कोभिड-१९ का कारण सिर्जित बन्दाबन्दीले हिंसा पीडित/प्रभावितहरूको तत्काल उद्धार र संरक्षणको लागि चुनौती सिर्जना भएको छ । साथै, हिंसा पीडित/प्रभावितहरूलाई सुरक्षित आश्रयस्थलमा प्रेषण गर्दा पिसिआर रिपोर्ट आवश्यक पर्ने र सो सुविधा निःशुल्क उपलब्ध नहुँदा सहज रूपमा प्रेषण गर्न कठिनाइ भइरहेको छ ।
- आयोगमा रिक्त कतिपय दरबन्दी जस्तै मनोसामाजिक परामर्शदाता आदिको पदमा लामो समयदेखि कर्मचारी पदपूर्ति नहुँदा आयोगबाट प्रवाह गर्ने सेवा प्रभावित हुन पुगेको छ । साथै कर्मचारीहरूको छिटोछिटो हुने सरूवाले पनि आयोगको कामलाई केही हदसम्म प्रभावित गर्नुको साथै आयोगको संस्थागत संस्मरण पनि कमजोर हुन पुगेको छ ।
- आयोगको सीमित जनशक्ति र सीमित बजेटको कारण देशभर महिला हिंसा तथा महिलामाथि हुने सामाजिक दुर्व्यवहार र हानिकारक सामाजिक अभ्यासहरू विरूद्ध सचेतना जगाउन पर्याप्त संख्यामा कार्यक्रमहरू (गोष्ठी, अन्तरक्रिया, सार्वजनिक सुनुवाइ, सचेतना अभियान आदि) सञ्चालन गर्न सकिएको छैन । स्थानीयस्तरबाट पनि महिलालाई उनीहरूको हक अधिकारबारे प्रशिक्षित गर्ने र महिलालाई अपहेलना गर्ने सामाजिक कुरीति र हानिकारक अभ्यासहरू विरूद्धमा जागरण फैलाउने कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन हुन सकेको पाइँदैन ।

### ११.४ सुझावहरूः

- लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गरी महिला सशक्तीकरण गर्ने विषयलाई तीनै तहका सरकार र सो मातहतका निकायहरूले प्राथमिकतामा राखी यसका लागि पर्याप्त बजेट र जनशक्ति छुट्याउन आवश्यक छ । यस सन्दर्भमा राज्यका तीनवटै तहका सरकार- संघ, प्रदेश र स्थानीय तहले निश्चित उपलब्धि सूचक निर्धारण सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने आवश्यक देखिन्छ ।

- राज्यका तीनै तहका सरकार र सो मातहतका निकायहरूबाट सञ्चालन गरिने ठुला आयोजना तथा कार्यक्रमहरू तर्जुमा तथा सञ्चालन गर्दा लैङ्गिक दृष्टिले न्यायपूर्ण भए नभएको विश्लेषण गरी तर्जुमा तथा कार्यान्वयन गर्ने पद्धति बसाल्न आवश्यक छ ।
- आयोगले लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका मन्त्रालय/निकायहरूबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा नीतिगत सुझावहरू तयार गरी कार्यान्वयनको लागि लेखी पठाएकोमा कतिपय मन्त्रालय/निकायबाट त्यसलाई तत्परतासाथ कार्यान्वयनमा ल्याउन आवश्यक पहल भएको छ भने कतिपय मन्त्रालय/निकायबाट अनुरोध गरिएका विषयमा आवश्यक पहल हुन बाँकी नै देखिन्छ । अतः आयोगबाट सिफारिस गरिएका नीतिगत सुझावहरूलाई सम्बन्धित मन्त्रालय/निकायहरूले प्राथमिकतासाथ कार्यान्वयन गरी लैङ्गिक समानता तथा लैङ्गिक न्याय कायम गर्ने दिशामा आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउन आवश्यक छ ।
- परम्परागत पितृसत्तात्मक सोचमा आमूल परिवर्तन ल्याई महिलालाई पुरूष सरह आर्थिक सामाजिक अधिकार उपभोग गर्न दिन र आत्मसम्मानपूर्ण जीवन व्यतीत गर्नसक्ने स्थितिमा पुऱ्याउन सरकारी, गैर-सरकारी तथा निजी क्षेत्र सबैबाट समन्वयात्मक प्रयास हुनुपर्ने आवश्यकता देखिन्छ ।
- लैङ्गिक उत्तरदायी बजेटलाई संघीय तहमा थप संस्थागत गर्दै प्रदेश तथा स्थानीय तहसम्म विस्तार गर्न आवश्यक छ । प्रदेश तथा स्थानीय तहमा यस सम्बन्धमा पर्याप्त सूचना तथा जानकारीको अभाव भएकोले सम्बन्धित पदाधिकारी/कर्मचारीहरूलाई यस विषयमा प्रशिक्षण/अनुस्थापन कार्यक्रम सञ्चालन गरी लैङ्गिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धमा जानकारी विस्तार गर्न आवश्यक छ । साथै, विभिन्न तहबाट सञ्चालित सामाजिक विकाससम्बन्धी कार्यक्रमहरूको तत्काललाई नमूनाकै रूपमा भए पनि लैङ्गिक लेखापरीक्षण गर्ने पद्धति शुरू गर्न आवश्यक देखिन्छ ।
- पालिकास्तरमा महिला लक्षित बजेटको सुनिश्चितता कानूनी रूपमा नै गर्न जरूरी देखिएको छ । महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका लागि पालिकाहरूले महिला-मैत्री योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ । स्थानीय तहमा लैङ्गिक सबाललाई आन्तरिकीकरण र संस्थागत गर्न सम्बन्धित निकायले प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- संवेदनशील र विस्तृत कार्य जिम्मेवारी भएको आयोगको रूपमा रहेको राष्ट्रिय महिला आयोगलाई तत्काल आफ्नो जग्गा र भवनको व्यवस्था गर्न सरकारले प्राथमिकता दिनुपर्ने देखिन्छ । हाल दुईवटा छुट्टाछुट्टै निकायको भवनमा भाडामा रहेको आयोगलाई आफ्नै भवन र परिसर व्यवस्था हुनसके एउटै भवनबाट दैनिक प्रशासनिक कार्य सम्पादनमा सहजता आउनुका साथै सेवाग्राहीका लागि समेत सुविधाजनक तरिकाले सेवा प्रवाह गर्न सहज हुने हुन्छ । आयोगमा उजुरी लिएर आउने हिंसा पीडित/प्रभावितहरूलाई व्यवस्थित कक्षबाट सेवा प्रवाह गर्न नसकिरहेको सन्दर्भमा आयोगमा हिंसा पीडितहरूको लागि आवश्यक पर्ने न्यूनतम सबै सुविधाहरू जस्तै मनोसामाजिक परामर्श कक्ष, कानूनी सहायता कक्ष, शिशु स्तनपान कक्ष, शिशु स्याहार तथा खेलकुद कक्ष आदिको व्यवस्था सहितको ज्येष्ठ नागरिक तथा अपाङ्ग-मैत्री भवन तत्काल निर्माण गर्न आवश्यक देखिएको छ । यसका लागि नेपाल सरकारले काठमाडौं उपत्यकाभित्र उपयुक्त स्थानमा अविलम्ब जग्गा व्यवस्था गरी भवन निर्माणको लागि बजेट विनियोजन गर्न आवश्यक छ ।
- हिंसा पीडित/प्रभावित महिला, किशोरी तथा बालिकाहरूको उद्धार र संरक्षणका लागि आयोगबाट सञ्चालित "**खबर गरौँ ११४५ हेल्पलाइन**" सेवा सञ्चालनका लागि सिर्जित अस्थायी दरबन्दी हाल

एक वर्षका लागि मात्र भएको हुँदा यसलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिन उक्त दरबन्दीलाई आगामी आर्थिक वर्षदेखि स्थायी दरबन्दीको रूपमा व्यवस्था गर्ने उपयुक्त हुने देखिन्छ । यो उजुरी संयन्त्र हिंसा पीडित/प्रभावित तथा हिंसाको जोखिममा रहेका महिलाहरूका लागि आफ्नो समस्या वा गुनासो पोख्ने तथा सोको उचित सम्बोधन गर्ने एक भरपर्दो र प्रभावकारी माध्यम भएकोले यसको गुणस्तर अभिवृद्धि गरी सबैको पहुँचमा पुऱ्याउन विशेष कार्यक्रम बनाई कार्यान्वयनमा ल्याउन जरूरी देखिन्छ ।

- मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडितलाई उचित आश्रयस्थल र पुनःस्थापना गृहको अभावले गर्दा उनीहरूको व्यवस्थापनमा कठिनाइ भोग्नु परिरहेको कुरालाई दृष्टिगत गरी त्यस्ता पीडितहरूको यथोचित व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय तहमा मनोविमर्श र स्वास्थ्योपचारको सुविधाका लागि सञ्चालनमा रहेका पुनःस्थापना केन्द्रहरूको सुदृढीकरणका साथै आवश्यक स्थानमा नयाँ पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ ।

- सबै प्रदेशहरूमा हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक पर्ने सबै सेवा सुविधाहरू एउटै स्थलबाट उपलब्ध गराउने गरी व्यवस्थित पुनःस्थापना केन्द्रहरू स्थापना तथा सञ्चालन हुन नसक्दा हिंसा पीडित/प्रभावितहरूको पुनःस्थापनामा कठिनाइ भइरहेको छ । हाल आयोगबाट सुरक्षित आश्रयस्थल तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने गैरसरकारी स्तरबाट सञ्चालित केही सेवा प्रदायक संस्थासँग निश्चित अवधिको सम्झौता गरी पीडित/प्रभावितहरूका लागि आवश्यक सेवाको लागि समन्वय गर्ने गरिएकोमा सेवाग्राहीको संख्याको तुलनामा यस्तो सेवा सीमित संख्यामा मात्र उपलब्ध गराउन सकिएको छ । साथै हिंसा पीडित/प्रभावित महिलाहरूलाई अल्पकालीन आश्रयस्थल उपलब्ध गराउन सकिएको भए तापनि कतिपय हिंसा पीडितहरूलाई दीर्घकालीन आश्रयस्थल उपलब्ध गराउनुपर्ने सन्दर्भमा यसलाई व्यवस्थापन गर्ने कठिनाइ भइरहेको छ । यसको समाधानका लागि संघ वा प्रदेश सरकारहरूबाट कम्तीमा सातवटै प्रदेशको सदरमुकाममा बहुमुखी सेवाको प्रावधान सहित व्यवस्थित पुनःस्थापना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ । साथै, हिंसा पीडित/प्रभावितहरूलाई पारिवारिक पुनःस्थापना र पुनर्मिलनका लागि पनि स्थानीय न्यायिक समितिबाट विशेष पहल हुनुपर्ने देखिन्छ ।

- हिंसा पीडित महिलाहरूलाई आवश्यक पर्ने विभिन्न किसिमका सेवा प्रदान गर्ने उद्देश्यले विभिन्न गैर सरकारी संघ संस्थाहरूबाट देशका विभिन्न ठाउँमा अल्पकालीन आश्रयस्थल, पुनःस्थापना केन्द्रहरू सञ्चालनमा आएको भए तापनि कतिपय यस्ता संस्थाहरूको सञ्चालन निर्धारित मापदण्डभित्र रहेर हुन सकेको पाइँदैन । साथै, यस्ता सेवा प्रदायक संस्थाहरूको नियमित अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायबाट पनि पहल हुन सकेको देखिँदैन । अतः हिंसा पीडित महिला, किशोरी तथा बालबालिकालाई सेवा प्रदान गर्ने संस्थाहरूलाई स्वीकृत मापदण्डभित्र रही सञ्चालन गर्ने र सोको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिएको छ । हिंसा पीडित महिला तथा बालबालिकाहरूको संरक्षणका लागि सरकारी स्तरबाट सञ्चालनमा रहेका आश्रयस्थल, वृद्धाश्रम तथा बाल सुधार गृहहरू पनि निर्धारित मापदण्ड बमोजिम सञ्चालन गरी त्यस्ता संस्थाहरूमा न्यूनतम पूर्वाधार सेवाहरूको सुनिश्चितता गरी प्रदान गरिने सेवाको गुणस्तर अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ ।

- हिंसा पीडित महिलाहरूको उद्धार, संरक्षण तथा औषधोपचारका लागि नेपाल सरकारबाट संघ प्रदेश तथा जिल्लास्तरमा सञ्चालित अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालनमा आउनु अत्यन्त सह्राहनीय कार्य भए तापनि त्यस्ता केन्द्रहरूको व्यवस्थित सञ्चालन गर्नु र

केन्द्रबाट प्रदान गरिने सबै किसिमका सेवाहरू गुणस्तरीय र प्रभावकारी रूपमा निरन्तर प्रवाह गर्नु चुनौतीपूर्ण कार्य रहेको छ । खासगरी त्यस्ता केन्द्रहरूमा पूर्णकालीन रूपमा स्वास्थ्यकर्मीहरू खटाउने मनोसामाजिक परामर्शदाताको सेवाको स्थायित्व सुनिश्चित गर्ने, त्यस्ता केन्द्रबाट गरिने प्रेषण सेवालाई प्रभावकारी बनाउने, कानूनी सहायता लगायतका सेवालाई सरल, सहज र सबैको पहुँचयोग्य बनाउने लगायतका सेवाहरूलाई व्यवस्थित गर्न सम्बन्धित निकायहरूबाट समन्वयात्मक प्रयास हुन आवश्यक छ ।

- हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक कुनै सीप, तालिम, प्रशिक्षण उपलब्ध गराउन नसकिँदा उनीहरूलाई आत्मनिर्भर बनाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न कठिनाइ भइरहेको छ । आम्दानीमूलक कुनै व्यवसाय गर्न सक्ने सीप वा व्यावसायिक दक्षता नहुँदा उनीहरू पुनः हिंसामा पर्ने जोखिम उच्च रहेको छ । अतः हिंसामा परेका महिला, बालबालिका तथा किशोरीहरूलाई निःशुल्क आयआर्जनमूलक सीप, प्रशिक्षण दिई महिला उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धन गर्न संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारहरूबाट विशेष कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ ।
- लैङ्गिक हिंसा पीडित महिला तथा बालबालिकाको उद्धार तथा राहतका लागि वित्तीय सहायता उपलब्ध गराउन संघमा स्थापना भएका लैङ्गिक हिंसा निवारण कोषको उद्देश्यपरक परिचालन तथा उपयोग बढाउन जरूरी छ । सो कोषमा हिंसा पीडित महिलाहरूमध्ये संवेदनशील प्रकृतिका हिंसामा परेका महिलाहरूको सहज पहुँच बढाउन आवश्यक छ । यसैगरी प्रत्येक स्थानीय निकायले स्थानीय तहमा लैङ्गिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको उद्धार, राहत र संरक्षणको लागि लैङ्गिक हिंसा कोष स्थापना गरी निश्चित कार्यविधि बनाई पारदर्शी र प्रभावकारी तवरमा कार्यान्वयनमा ल्याउन आवश्यक छ ।
- कोभिड-१९ का कारण सिर्जित बन्दाबन्दीले हिंसा पीडित/प्रभावितहरूको तत्काल उद्धार र संरक्षणको लागि चुनौती सिर्जना भएको छ । साथै, हिंसा पीडित/प्रभावितहरूलाई सुरक्षित आश्रयस्थलमा प्रेषण गर्दा पिसिआर रिपोर्ट आवश्यक पर्ने र सो सुविधा निःशुल्क उपलब्ध नहुँदा सहज रूपमा प्रेषण गर्न कठिनाइ भइरहेको छ । अतः हिंसा पीडित महिलाहरूलाई पिसिआर परीक्षण गराउनुपर्ने अवस्थामा सहज र निःशुल्क परीक्षण सुविधा उपलब्ध हुने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।
- आयोगमा रिक्त कतिपय दरबन्दी जस्तै मनोसामाजिक परामर्शदाता आदिको पदमा लामो समयदेखि कर्मचारी पदपूर्ति नहुँदा आयोगबाट प्रवाह गर्ने सेवा प्रभावित हुनपुगेको छ । साथै, आयोगमा कार्यरत कर्मचारीहरूको छिटोछिटो हुने सरूवाले पनि आयोगको कामलाई केही हदसम्म प्रभावित गरेको छ । यसले आयोगको संस्थागत संस्मरण पनि कमजोर हुन पुगेको सन्दर्भमा सम्बन्धित मन्त्रालयले निश्चित अवधि नपुगी कर्मचारीको सरूवा नगर्ने पद्धति बसाल्न आवश्यक देखिन्छ ।
- आयोगको सीमित जनशक्ति र सीमित बजेटको कारण देशभर महिला हिंसा तथा महिलामाथि हुने सामाजिक दुर्व्यवहार र हानिकारक सामाजिक अभ्यासहरू विरूद्ध सचेतना जगाउन पर्याप्त संख्यामा कार्यक्रमहरू (गोष्ठी, अन्तरक्रिया, सार्वजनिक सुनुवाइ, सचेतना अभियान आदि) सञ्चालन गर्न सकिएको छैन । स्थानीयस्तरबाट पनि महिलालाई उनीहरूको हक अधिकारबारे प्रशिक्षित गर्ने र महिलालाई अपहेलना गर्ने सामाजिक कुरीति र हानिकारक अभ्यासहरू विरूद्धमा जागरण फैलाउने कार्यक्रमलाई प्राथमिकता साथ सञ्चालन हुन सकेको पाइँदैन । अतः हानिकारक प्रथा, कुरीतिविरूद्ध सामाजिक रूपान्तरणका लागि व्यापक स्तरमा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ । यस विषयमा सबै पालिकाहरूले आफ्नो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा

महिला सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी नियमित तवरमा सञ्चालन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

- हिंसा पीडित महिलाहरूलाई न्यायिक उपचार दिने सन्दर्भमा स्थानीय न्यायिक समितिको महत्वपूर्ण भूमिका रहने हुँदा न्यायिक समितिलाई थप सक्रिय बनाउँदै समितिमा रहने पदाधिकारीहरूलाई यस विषयमा प्रशिक्षण दिन आवश्यक देखिन्छ । साथै, पालिकास्तरमा पनि मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरी मनोसामाजिक परामर्श सेवा निःशुल्क उपलब्ध गराउन आवश्यक देखिएको छ । यस अतिरिक्त महिलाको न्यायमा पहुँच पुऱ्याउन हरेक स्थानीय तहमा कानून व्यवसायीको व्यवस्था गरी निःशुल्क कानूनी सहायताको व्यवस्था हुन जरूरी देखिएको छ ।

- नेपालको संविधानले महिला र पुरूषलाई समान वंशीय हक प्रदान गरे तापनि अझै पनि आमाको नामबाट सहज रूपमा नागरिकता प्राप्त गर्न सक्ने अवस्था नरहेको हुँदा आवश्यक कानूनको निर्माण यथाशीघ्र हुनुपर्ने देखिएको छ ।

- महिलामाथि गरिने विभेद, दुर्व्यवहार र लैङ्गिक हिंसालाई नियन्त्रण गर्न विद्यालय तहदेखि नै लैङ्गिक समानतासम्बन्धी विषय पाठ्यक्रममा समावेश गरी किशोर-किशोरीहरूलाई अध्यापन गराउन जरूरी देखिएको छ ।

- महिलाविरूद्ध विद्युतीय माध्यमबाट हुनसक्ने अपराधलाई नियन्त्रण गर्दै यसको दुरुपयोगबाट महिला, किशोरी र बालबालिकामा पर्ने नकारात्मक असरबारे विद्यालयस्तरबाटै सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न जरूरी देखिएको छ ।

- मनोरञ्जन क्षेत्रमा काम गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका महिलाको संरक्षण, सशक्तीकरण र क्षमता विकासका लागि विशेष कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्नुपर्ने देखिएको छ ।

- विभिन्न कानूनी तथा संरचनात्मक व्यवस्थाको बाबजुद महिला, किशोरी तथा बालबालिकाहरू हराउने, बेपत्ता हुने, बेचबिखनमा पर्ने, शारीरिक तथा मानसिक हिंसामा पर्ने घटनाहरू वृद्धि हुँदै गएको सन्दर्भमा तीनै तहका सरकारले यस विषयमा ठोस कार्ययोजना बनाई समन्वयात्मक रूपमा कार्य गर्न जरूरी देखिएको छ। सीमानाकाबाट लुकीछिपी हुने महिला, बालिका तथा किशोरीहरूको ओसार-पसार र बेचबिखनलाई नियन्त्रण गर्न सीमानाकामा प्रहरीको गस्ती बढाउनुका साथै सीमावर्ती जिल्ला प्रशासन कार्यालय, स्थानीय पालिकाहरू र गैरसरकारी संघसंस्थाले महिला सचेतना बढाउने, मानव तस्करी गर्नेहरूको सञ्जाल तोड्ने अभियान चलाउन आवश्यक देखिन्छ ।

- राज्यको निरन्तर प्रयासको बाबजुद अझै पनि कतिपय कानूनी व्यवस्थाहरू महिला-मैत्री हुन सकेका छैनन् । साथै, अन्तर्राष्ट्रिय कानून/महासन्धि अनुकूल कतिपय मुलुकी कानूनहरूमा संशोधन हुन नसक्दा राज्यले अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जाहेर गरेका विषयहरूको कार्यान्वयन नभइरहेको स्थिति छ । यस कुरालाई मध्यनजर गरी प्रचलित सबै कानूनी व्यवस्थाहरूलाई लैङ्गिक-मैत्री बनाउने र अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम आन्तरिक कानूनहरूलाई क्रमशः संशोधन र समायोजन गर्दै जाने नीति अवलम्बन गर्न आवश्यक छ ।

- राज्यका तीनै तहका सरकार तथा निकायले सञ्चालन गर्ने कार्यक्रमहरूमा लैङ्गिक सबालहरूलाई समावेश गर्ने, लैङ्गिक बजेटलाई संस्थागत गर्ने, लैङ्गिक समानता र लैङ्गिक सशक्तीकरणलाई सघाउ पुग्ने कार्यहरूमा पर्याप्त बजेट र जनशक्ति छुट्याउने, प्रत्येक निकायले सञ्चालन गर्ने

कार्यक्रमहरूलाई लैङ्गिक दृष्टिले विश्लेषण र लेखाजोखा गर्ने तथा सञ्चालित कार्यक्रमहरूको लैङ्गिक लेखा परीक्षण गर्ने पद्धति अवलम्बन गरी देशमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्न जरूरी छ ।

**११.५ आयोगको भावी कार्यदिशा:**

